## परिच्छेद - एक

# शोधप्रतिवेदन

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **माध्यमिक तहमा शिक्षक निर्देशिकको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन** रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको आठौ पत्रको उद्देश्य पूरा गर्ने प्रयोजनका लागि तयार गरिएको छ ।

### १.३ समस्यँको कथन

भाषाशिक्षण साहित्य शिक्षण नभई सीपहरूको शिक्षणलाई प्रमुख महत्त्व राख्दछ । सीपको शिक्षण भन्नासाथ भाषाका चार प्रमुख सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बद्ध रही भाषालाई नै साधन र साध्यका रूपमा हेर्ने दृष्टिकोण हो । भाषा शिक्षणलाई प्रभावकारी, सुव्यवस्थित तथा सोदेश्यपूर्ण बनाउनका लागि भाषा पाठ्यक्रमले निर्दिष्ट उद्देश्यहरू तय गरेको हुन्छ सोही उद्देश्यअनुसार पाठ्यपुस्तक तयार गरी त्यसलाई प्रभावकारी शिक्षण गर्न शिक्षक निर्देशिकाले महत्त्वपूर्ण भुमिका खेल्दछ । भाषा शिक्षणले भाषिक सीपलाई बढी महत्त्व दिनेहुँदा अभ्यास तथा पुनरावृत्तिमा ख्याल राख्नुपर्दछ । पाठ्यक्रमका उद्देश्यहरू राम्रा हुँदा हुदै पनि पाठ्यपुस्तकमा समावेश गरिने पाठ्यवस्तु कमजोर र भाषिक सीप प्राप्तिमा सहायक हुन सकेनन् भने पाठ्यक्रमले राखेका उद्देश्यहरू पुरा हुन सक्दैनन् ।

पाठ्यपुस्तकमा भाषिक सीप प्राप्त गर्न राखिएका पाठ्यविषयहरूलाई प्रभावकारी र योजनाबद्ध शिक्षण गर्न नसकिएसम्म भाषाशिक्षण सीप पक्षमा

भन्दा विषयवस्तुको शिक्षणमा बहकिने सम्भावना हुन्छ । त्यसैले योजनाबद्ध र प्रभावकारी शिक्षण गर्न तालिम प्राप्त शिक्षकको महत्त्वपूर्ण भूमिका रहन्छ । वर्तमान अवस्थामा प्रा.वि. तहदेखि माध्यामिक तहसम्म पाठ्यक्रमका उद्देश्यहरू तथा पाठ्यपुस्तकका पाठ्यविषयहरूलाई सरल, प्रयोजनमूलक, सीपमूलक र प्रभावकारी शिक्षण गर्न शिक्षकका लागि पाठ्यक्रम विकासकेन्द्रले शिक्षक निर्देशिका तयार पारेको देखिन्छ । निर्देशिकाले प्रत्येक विद्या तथा उपविद्याहरूमा समाविष्ट पाठ्यवस्तुहरूलाई समुचित ढङ्गले व्यवस्थित गर्दै तालिम प्राप्त तथा तालिम अप्राप्त शिक्षकका लागि नमुना रूपमा पाठ र पाठअन्तर्गत विशिष्ट उद्देश्य, शैक्षिक सामग्री, शिक्षण क्रियाकलाप, मूल्याङ्कन र गृहकार्य समेतलाई उचितरूपमा योजनाबद्ध ढङ्गले विद्यार्थीको स्तर, उमेर, क्षमता, विद्यालयको भौतिक सुविधा, उपलब्ध समय देशको भौगोलिक धरातलसमेतलाई ख्याल गर्नुपर्दछ । वर्तमान निर्देशिका प्रभावकारी प्रयोगका लागि भौगोलिक विकटता, समयको उपलब्धता, तालिमको अभावका कारण प्रयोगमा केही कठिनाइ भएको देखिन्छ । निर्देशिका तयार पश्चात विद्यालयहरूमा शिक्षकहरूलाई निर्देशिकासम्बन्धी आवश्यक मात्रामा तालिम दिन नसक्नु तथा प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन अनुसन्धान गरी कमीकमजोरीहरू हटाउने प्रयत्न भएको नपाउनु यसको कमोजार पक्ष हो । निर्देशिकामा दिइएका नमुनाहरूबाट पाठ्यक्रमका उद्देश्य र पाठ्यपुस्तकका पाठ्यवस्तुअनुसार कसरी प्रभावकारी शिक्षण गर्न सकिन्छ त्यसको समयमा नै अध्ययन गरी सीपमूलक, सृजनात्मक, समयसापेक्ष र स्थानीय स्रोतहरूको अधिक भन्दा अधिक प्रयोग गरी उचति विधिहरूको खोज गर्दै जानु आजको आवश्यकता भएको छ । तालिम प्राप्त तथा तालिम अप्राप्त शिक्षकहरूले प्रथम भाषि तथा दोस्रो भाषि विद्यार्थीको पहिचान गरी शिक्षण गर्नु अझ ठूलो चुनौति भएर आएको छ ।

प्रस्तुत शोधपत्रले पाठ्यपुस्तकमा समावेश गरेको पाठ्यविषयहरूको उद्देश्यअनुसार शिक्षण गर्न निर्देशिकाले वर्तमान माध्यमिक तहको नेपाली भाषाको अध्यापनका क्रममा भाषिक सीप, शैक्षिक सामग्री प्रयोगको अवस्था विद्यार्थी सहभागिता, शिक्षण विधिहरूको छनोट तथा शिक्षक निर्देशिको प्रयोग र प्रभावकारिताको वर्तमान अवस्था कस्तो छ ठम्याइ यसका समस्याहरू पहिचान गर्नुका साथै त्यसको निराकरणको उपायहरू समेत खोज गर्नुसमेत भएकाले प्रस्तुत शोधपत्रमा समस्याहरूलाई निम्नअनुसार राखी अध्ययन गर्ने प्रयास गरिएको छ ।

१. पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाबीच कस्तो सम्बन्ध रहेको छ ?
२. के माध्यमिक तहमा नेपाली शिक्षण शिक्षक निर्देशिकाअनुसार गरिएको छ ?
३. के माध्यमिक तहमा नेपाली शिक्षणका लागि निर्देशिका उपयोगी सावित भएको छ ?
४. शिक्षक निर्देशिका प्रयोगमा के-कस्ता कठिनाइहरू रहेका छन् ?
५. ती कठिनाइहरू निराकरणका निम्ति के-कस्ता सुधारात्मक कार्यहरू गर्नु आवश्यक छ ?

## १.४ अध्ययनका उद्देश्यहरू

यस अध्ययनका निम्नलिखित उद्देश्यहरू रहेका छन्ः-

१. माध्यमिक तहको निर्देशिकालाई पाठ्यपुस्तक र पाठ्यक्रमको उद्देश्यसँग तुलना गर्न ।
२. पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बीचको अन्तरसम्बन्ध पहिल्याउनु ।

३. पाठ्यपुस्तक र पाठ्यक्रम अनुरूप निर्देशिकाको विश्लेषण गर्नु ।

४. माध्यमिक तहमा नेपाली शिक्षण गर्दा शिक्षक निर्देशिका प्रयोगको स्थिति पहिल्याउनु ।

५. शिक्षक निर्देशिका प्रयोगमा देखिएका सबल र दुर्बल पक्षहरू पहिल्याउनु ।

६. उक्त आधारमा निर्देशिकारुको सुधारका लागि सुझाव दिनु ।

## १.५ पूर्वकार्यको समीक्षा

कुनै पनि कार्य प्रारम्भ गर्नुपूर्व अर्थात् योजना तयार गर्नु पूर्व त्यससम्बन्धी के कस्ता कार्यहरू भै सकेका छन् भन्ने ज्ञात हुन् अत्यन्त जरुरी हुन्छ । जसरी एउटा उद्योग स्थापना गर्नुपूर्व त्यससम्बन्धी पूर्वाधारहरूको अध्ययन गर्नु जरुरी हुन्छ त्यस्तै अनुसन्धान थाल्नु पूर्व सम्बन्धित विषयमा भएका अध्ययन अनुसन्धानहरूको तथ्यहरू बोध हुन त्यत्तिकै आवश्यक हुन्छ । जसले भावि अध्ययनलाई अगाडि बढाउन सहजता र सरलता समेत प्रदान गर्दछ ।

प्रस्तुत शोधपत्रसँग सम्बन्धित तालिम, पाठ्यक्रम र पाठ्यपुस्तकसम्वन्धी अध्ययन, शैक्षिकसामग्रीसम्बन्धी अध्ययन र शिक्षण विधिसँग सम्बन्धित सामग्री बाहेक अन्य औपचारिक अध्ययनअनुसन्धन र शोधग्रन्थहरू प्रयाप्त नभएका कारण पूर्वकार्यको समीक्षा गर्ने क्रममा माथि उल्लिखित अध्ययनहरूका साथै शैक्षिक जनशक्ति विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, माध्यमिक शिक्षा परियोजना, जिल्लाशिक्षा कार्यालय कास्की र काठमाडौंबाट प्राप्त सामग्रीका साथै विषयविज्ञहरूद्वारा प्राप्त राय सुझावलाई आधारमानि पूर्वकार्यको समीक्षा गरिएको छ । यसै सन्दर्भमा त्रि.वि. शिक्षा विकास तथा अनुसन्धन केन्द्र (सेरिड) द्वारा **शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्त्वहरू २०४४**

शीर्षकमा गरिएको अध्ययनमा प्राथमिक र माध्यमिक तहका पाठ्यक्रम र पाठ्यपुस्तकको विश्लेषण गरिएको भए तापनि शिक्षक निर्देशिकाको महत्त्व र त्यसको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन विश्लेषण गरिएको पाइँदैन । त्यसैगरी माध्यमिक शिक्षा विकासकेन्द्रले तयार पारेको माध्यमिक तह प्रशिक्षक निर्देशिका (२०५७: १२) ले निर्देशिकाको परिचय दिनुको साथै यसको प्रयोग गरी पाठ्यपुस्तकको शिक्षण गर्ने उद्देश्य स्पष्ट किटान गरेको छ । उक्त निर्देशिकाले प्रशिक्षकहरूलाई निम्न विषयमा केन्द्रित रही समूहकार्य गराउने उद्देश्य समेत राखेको देखिन्छ ।

(क) शिक्षक निर्देशिकामा घन्टीहरूको वितरण कस्तो छ ?

(ख) हरेक पाठको शिक्षण प्रक्रियामा बनाइएको योजना कस्तो छ ?

(ग) पाठअनुसार आवश्यक पाठ्यवस्तुहरूको वितरण कसरी गरिएको छ ?

(घ) सबै विद्यार्थीहरूका लागि समान अवसर भन्नाले के बुझिन्छ ?

(ङ) निर्माणात्मक मूल्याङ्कनमा के के कुरा दिइएको छ ।

जस्ता प्रश्नहरू राखी उक्त पाँचौ सत्रको १.३० मिनेटको समयमा शिक्षकहरूलाई कार्यकलापमा केन्द्रित गराउँदै निर्देशिकाको बारेमा अध्ययन अनुसन्धान तर्फ उत्प्रेरित गराउन खोजेको देखिन्छ । कार्यकलाप २ मा निर्देशिकालाई कक्षामा कसरी प्रयोग गर्ने भन्ने सम्बन्धमा सामूहिक छलफल गराई निम्न प्रश्नहरूको उत्तर समेत खोजिको देखिन्छ ।

(क) शिक्षक निर्देशिकाले सिकाइ शिक्षणमा कसरी सहयोग पुऱ्याउँछ ?

(ख) शिक्षकले यसको प्रयोग कसरी गर्दछन् ?

(ग) शिक्षणमा यो किन र कसरी उपयोगी छ ?

जस्ता प्रश्नहरू माथि छलफलका साथै निर्देशिकाको अध्ययन गरी नमुना अध्यापन गर्नुपर्ने र अझ प्रशिक्षार्थीले त्यस उपर टिप्पणी गर्नुपर्ने कार्यकलाप मूखि अवधारणा समेत उक्त सत्रमा प्रस्तुत गरिएको छ । यसले पनि सैद्धान्तिक पक्षका अलवा केही हदसम्म कार्यकलाप मूखि बनाउन खोजे तापनि निर्देशिकाको प्रयोग अवस्था के छ ? यस्को प्रयोगमा के कस्ता व्यवहारिक समस्याहरू रहेका छन् भन्ने सम्बन्धमा भने मौन रहेको पाइन्छ ।

नेपाली विषयको विद्यालय तहको भाषापाठ्यक्रम र भाषा पाठ्यपुस्तकका सन्दर्भमा हेमाङ्गराज अधिकारी (२०५९: ३२) द्वारा गरिएको अध्ययन महत्त्वपूर्ण देखिन्छ । नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको विकासको सन्दर्भलाई समेत समेटेर गरिएको उक्त अध्ययनले माध्यमिक तहका सन्दर्भमा सुझाइएका कुराहरूबाट उक्त तहका पाठ्यक्रम र पाठ्यपुस्तकमा निम्न कमजोरीहरू औंल्याएको देखिन्छ :

(क) पाठ्यक्रम र पाठ्यपुस्तकबीच सङ्गति नमिलेको

(ख) पाठ्यक्रममा पौराणिक ऐतिहासिक विषयवस्तुको मात्र र स्तर सापेक्ष बोध तथा अभिव्यक्ति सीप विकासका लागि उपयोगी विषयवस्तुगत विविधताको कमी

(ग) पाठ लेख्ने र अभ्यास लेख्ने प्रविधिमा सोद्देश्यता र वैज्ञानिकता नभएको

(घ) भाषा पाठ्यक्रमको उद्देश्यसँग पाठ्यपुस्तकका अभ्यासहरूको सीधासम्बन्ध रहने तथा यसबाट शिक्षकले सञ्चालन गर्ने कार्यकलाप पनि सन्तुलन र व्यवस्थित हुने भए पनि अभ्यासहरूलाई शिक्षणका कार्यकलापका लागि बनाइने तर्फ ध्यान नदिएको ।

(ङ) माध्यमिक तहसम्मका पाठ्यपुस्तकमा कार्यमूलक व्याकरणमा जोड दिनुपर्नेमा त्यसो नगरी व्याकरणको सैद्धान्तिक ज्ञानमा जोड दिएको

(च) भाषा पाठ्यपुस्तकको छनोट र स्तरणको ख्याल नगरिएको ।

शान्त बाँस्कोटाको स्नातकोत्तर शोधपत्रमा **नेपाली शिक्षकहरूबाट प्रयोगमा ल्याइएका भाषिक मूल्याङ्कनका साधन र तरिकाहरूको अध्ययन २०३५** शीर्षकमा गरी अध्ययनले अध्ययनको निम्न उद्देश्यहरू राखेको देखिन्छ, (२०३५: ६) ।

(क) माध्यमिक विद्यालयहरूमा भाषिक मूल्याङ्कन गर्दा अपनाइएका मूल्याङ्कनका साधन र तरिकाहरूको पत्तो लगाउने

(ख) कुन-कुन भाषिक कुशलता र सीपहरूको मूल्याङ्कन गर्ने गरेको छ पत्ता लगाउने

(ग) कुन-कुन प्रश्न, साधन र तरिकाहरूद्वारा कुन-कुन भाषिक सीप र कुशलता मापन गर्न खोजिएका छन् खोज गर्नु

(घ) माध्यमिक विद्यालयमा प्रचलित मूल्याङ्कनको रूप पत्ता लगाउने

(ङ) स्वस्थ भाषिक मूल्याङ्कनको निमित्त सुझाव पेश गर्ने

सीता सुवेदीले कक्षा **नौ मा व्याकरण तत्त्वहरूको शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन २०६०** मा निम्न कुराहरू माथि महत्त्व दिइएको देखाइएको छ -

(क) कक्षा ९ मा व्याकरण तत्त्वको शिक्षण गर्दा शिक्षकहरूले के-कस्ता शिक्षण विधिहरू अपनाइएका छन् ?

(ख) सरकारी र निजी तथा आवासीय विद्यालयहरूमा व्याकरण शिक्षण गर्दा अपनाइने गरेका शिक्षण विधिहरू बीच के कति समानता र असमानता पाइन्छ ।

(ग) पहाड र उपत्यकाका सार्वजनिक र निजी तथा आवासीय विद्यालयहरूमा व्याकरण शिक्षण गर्दा अपनाउने गरेका शिक्षण विधिहरूमा के कस्ता समानता र असमानता छन् ?

(घ) तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले व्याकरण शिक्षण गर्दा अपनाउने गरेका शिक्षण विधिहरूबीच के कस्ता समानता र असमानता पाइन्छ ।

यसका अलवा निमानन्द भूसालको २०५९ मा गरेको **अर्घाखा“चीका मा.वि. तह नेपाली शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति** शीर्षकमा गरेको शोध यस अध्ययनका लागि केही सहयोग पुऱ्याउने देखिन्छ । उनले नेपाली शिक्षणमा सुधार ल्याउन शिक्षक निर्देशिकाको त्यत्तिकै महत्त्व रहेको हुँदाहुँदै पनि निर्देशिकाहरू विद्यालयमा पुग्न नसकेको कारण शिक्षणमा बाधा परेको सुझाएका छन् । उनले आफ्नो अध्ययनमा निर्देशिकाले शिक्षणमा रहेको अन्योलता हटाई दिशाबोध गर्न सक्ने, कुन पाठका लागि कस्ता सामग्री छनोट गर्ने ? पाठलाई कसरी वर्गीकरण गर्ने ? भन्ने विषयमा निर्देशिकाले निर्दिष्ट गरेको उल्लेख गरेका छन् । तर आजसम्म पनि भाषा शिक्षकसँग निर्देशिका पुग्न नसक्नु प्रशासनिक क्षेत्रको ठूलो कमजोरी रहेको स्पष्ट हुन्छ । आगामी दिनमा यस्ता कमी कमजोरी हटाई प्रकाशित हुने वित्तिकै विद्यालयहरूमा यथाशीघ्र वितरण गर्ने व्यवस्था सम्बन्धित निकायबाट मिलाउनु पर्दछ । निर्देशिकाले शिक्षणमा सुधार ल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने हुनाले सम्बन्धित विषय शिक्षकले त्यसको गहन अध्ययन गरेर त्यसैअनुसार अनिवार्य रूपमा शिक्षण कार्य सञ्चालन गर्नका लागि निर्देशन पनि जारी गर्नुपर्ने आवश्यकता महसुस हुन गएको छ । यसकारण निर्देशिका वितरण प्रणालीमा सुधार गरिएको खण्डमा नेपाली भाषा शिक्षणको क्षेत्रमा सुधार ल्याउन थप मद्दत पुग्न जाने देखिन्छ । (भूसाल, २०५९: ८७)

उनको उक्त शोधमा निम्न उद्देश्य रहेको देखिन्छ :-

(क) नेपाली भाषा शिक्षणमा प्रयोग हुनसक्ने शैक्षिक सामग्रीको परिचय दिनु

(ख) नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगको वास्तविक स्थिति पहिल्याउनु

(ग) नेपाली भाषा शिक्षणसम्बन्धी समस्या तथा तिनका समाधानका उपायबारे चर्चा गर्नु

(घ) माध्यमिक नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको सामान्य चर्चा गर्नु

(ङ) माध्यमिक नेपाली शिक्षक निर्देशिकामा निर्दिष्ट शैक्षिक सामग्रीको चर्चा गर्नु ।

यसका साथै उनले शैक्षिक सामग्रीको उपयोगको वर्तमान स्थिति अन्तर्गत (भौतिक आर्थिक अवस्था, विद्यार्थी संख्या र कक्षा कोठा, नेपाली शिक्षकहरूको शैक्षिक स्थिति, शैक्षिक सामग्री उपयोगको स्थिति) समेतलाई आफ्नो अध्ययन क्षेत्र भित्र राखेका छन् । उनले माध्यमिक शिक्षक निर्देशिका र शैक्षिक सामग्री चयनसम्बन्धी अध्ययन गर्ने क्रममा निर्देशिकामा निर्धारित विधा र सोहीअनुसारको पाठ्यघन्टीको वितरण, पाठ्यवस्तुको वर्गीकरण गर्नुपर्ने देखाएका छन् ।

नेपाली भाषा शिक्षण प्रशिक्षार्थी स्रोत सामग्री (२०६१ एक महिने प्रथम मोडल) मा पनि पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाका सम्बन्धमा धेरै कुराहरू उल्लेख गरिएको छ । उक्त मोडलले २०६१: २९२) मा शिक्षण कार्यलाई सरल, सहज र प्रभावकारी बनाउनका लागि सहयोग पुऱ्याउने शिक्षक सामग्रीका रूपमा निर्देशिकालाई लिइएको छ । यसका साथै पाठ्यपुस्तकमा पाठहरूलाई कसरी शिक्षण गर्ने, यसले शिक्षणका कठिनाइहरूलाई कसरी सही ढङ्गले समाधान गर्न सहयोग गर्दछ, भन्ने

सवालका अतिरिक्त एक शैक्षिक सत्रभरी अध्यापन गराइने विषयवस्तु तिनका उद्देश्य शैक्षिक सामग्री शिक्षण सिकाइ क्रियाकलाप, शिक्षण विधि, मूल्याङ्कन प्रविधि, शीर्षकअनुसार नमुना प्रश्नहरू, पाठका लागि आवश्यक घन्टी आदि समेत निर्देशिका निर्दिष्ट हुने कुरा उल्लेख गरेको पाइन्छ । उक्त स्रोत सामग्रीमा निर्देशिका सम्बन्धी निम्न कुराहरूमा पनि अध्ययन गरिएको देखिन्छ ।

१. शिक्षक निर्देशिकाको परिचय

२. पाठ्यक्रम पाठ्यपुस्तक र शिक्षक निर्देशिकाबीचको अन्तरसम्बद्ध

३. पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको प्रयोगको आवश्यकता र महत्त्व

४. पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको प्रयोग

आदिका बारेमा चर्चा गरिए तापनि वर्तमान अवस्थामा निर्देशिकाको सूलभताको स्थिति कस्तो छ । निर्देशिकामा सबल र दुर्बल पक्षहरू पहिचान गरी समय सापेक्ष सुधार गर्ने कुरामा भने केही उल्लेख गरिएको छैन । त्यसैगरी यसमा निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी पनि यसमा खासै उल्लेख गरिएको छैन ।

यी पूर्वकार्यहरू भन्दा अगाडि वडेर प्रस्तुत शोधमा निर्देशिकको सबल र दुर्वल पक्ष केलाउनुको साथै प्रयोग र प्रभावकारितासम्बन्धी शिक्षकहरूबाट उपलब्ध, कक्षा अवलोकन तथा अन्तरवार्तामार्फत प्राप्त तथ्य समेतलाई प्रस्तुत गरिएको छ ।

## १.६ अध्ययनको औचित्य र महत्त्व

भाषा शिक्षण सीपको शिक्षण भएकाले प्राविधिक  कार्य पनि हो । प्राविधिक कार्यमा  प्रविधि ज्ञान नभएमा दुर्घटनासमेत हुन पुग्दछ । सीपकै

शिक्षण भएको कारण यो अभ्यास  र पुनरावृत्तिमा आधारित हुन्छ । अन्य विषयमा  विषयवस्तुको ज्ञानलाई साध्य र भाषालाई साधनका रूपमा लिइन्छ भने भाषा शिक्षणमा भाषा नै साध्य र साधन दुवै हुन्छ । भाषा शिक्षण

प्राविधिक कार्य भएकाले भाषाका चारवटै सीपहरू (सुनाइ बोलाइ, पढाइ, लेखाइ) लाई उचितरूपमा समायोजन गरी पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य तथा पाठ्यपुसतकका पाठ्यांशहरूलाई सावधानी पूर्वक लक्ष्य भेट्नका लागि योजनाको आवश्यकता पर्दछ । शिक्षक निर्देशिकाले  भाषिक सीपहरूको उपयुक्त र प्रभावकारी शिक्षण गर्न महत्त्वपूर्ण  साधनको भूमिका खेलेको हून्छ । त्यसैले पाठ्यपुस्तकमा पाठ्यांशअनुसार नमुनाका रूपमा दिएका पाठयोजनाहरू पाठ्यक्रमको उद्देश्यहरू पूरागर्ने खालका  छन्  छैनन् । तिनीहरूको वर्तमान विद्यालय तहमा  प्रयोग र प्रभावकरिताको अवस्था कस्तो छ ? भन्ने  तथ्यको अध्ययन ज्यादै  महत्त्वपूर्ण  देखिन्छ ।

वर्तमान अवस्थासम्म पनि शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन, अनुसन्धान नभएका कारण यो शोधकार्यका लागि महत्त्वपूर्ण  रहेको ज्ञात हुन्छ । प्रस्तुत अध्ययनबाट माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी वर्तमान अवस्थाको वास्तविक तथ्यहरू प्राप्त हुनुका साथै पाठ्यपुस्तकका  पाठ्यांशहरू अध्यापनमा निर्देशिकाले खेल्ने भूमिकाको बारेमा  अध्ययन गरी निकालिएका निष्कर्षहरूले महत्त्वपूर्ण  भूमिका खेल्ने देखिन्छ । प्रस्तुत शीर्षक माथि अन्य विषयको जस्तो अध्ययन र अनुसन्धान नभए तापनि शैक्षिक जनशक्ति विकास केन्द्रले सक्षमतामा आधारित  माध्यमिक शिक्षक तालिम भन्ने पुस्तकमा निर्देशिकासम्बन्धी तालिम प्रदान गरेको  देखिन्छ । जसले नेपाली  शिक्षकलाई निर्देशिकाको महत्त्वका बारेमा केही जानकारी प्रदान गरे तापनि यसको प्रयोग र प्रभावकारिताको वर्तमान अवस्थामा के-कस्तो  छ भन्ने सम्बन्धमा खासै

अनुसन्धानहरू गरेको पाइदैन । अतः **माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन** शीर्षकको शोधकार्यबाट माध्यमिक तहको शिक्षक निर्देशिका पाठ्यक्रमका उद्देश्यअनुसार पाठ्यांश तयार भए-नभएको अध्ययन गर्नुनका साथै यसको प्रयोग र प्रभावकारिताको वर्तमान अवस्थासम्बन्धी अध्ययन गरी नयाँ तथ्यहरूको खोजपूर्ण जानकारी दिन खोजिएको छ । यसले भविष्यमा नेपाली शिक्षक निर्देशिकाका अन्यपक्षहरू अध्ययन गर्न समेत उत्प्रेरणा प्रदान गर्नेछ । प्रस्तुत शोधपत्रमा निश्चित सीमाहरूभित्र रही शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी वर्तमान अवस्थाको अध्ययन गर्ने क्रममा निर्देशिकाले पाठ्यक्रमका उद्देश्यअनुसार पाठ्यपुस्तकमा समाविष्ट विधा तथा उपविधाहरूलाई निर्देशिकाले कसरी समायोजन भएको छ भन्ने तथ्यका आधारमा विश्लेषण गरेको छ ।

अतः निर्देशिकाले तय गरेको पाठयोजनाका नमुनाअनुसार शिक्षकले अध्यापन गराउन सकेमा पाठ्यक्रमका उद्देश्यहरू पूरा हुने देखिन्छ । त्यसका साथै शिक्षकलाई पाठ्यपुस्तकका विधा तथा उपविधाहरूलाई कुन पाठलाई कति घण्टीमा विभाजन गर्ने, कुन विधाका लागि कस्ता उद्देश्य राख्ने, कस्ता शैक्षिक सामग्रीहरूको प्रयोग गर्ने, कस्ता विधि अपनाउने, मूल्याङ्कन कसरी गर्ने जस्ता भाषा शिक्षणका यावत प्रविधिहरूका साथै गृहकार्यको समेत उल्लेख गरिएको छ । यी प्रविधिहरूको खोजमूलक अनुसन्धान गरी तथ्याङ्कहरू प्रस्तुत गरिएको हुँदा विषयविदहरूलाई समस्याहरू पहिचान गरी सुधारका लागि थप जानकारी हुन सक्दछ । यस अध्ययन, विद्यार्थी, अभिभावक, शैक्षिकजनशक्ति विकास केन्द्र, सेरिड, पाठ्यक्रम विकास केन्द्र, अन्य तालिम प्रदान गर्ने तथा अनुसन्धान गर्ने संघ संस्थाहरू साथै शैक्षिक क्षेत्रका प्रवुद्ध व्यक्तिहरूलाई समेत उपयोगी हुनेहुँदा प्रस्तुत शोधपत्र महत्त्वपूर्ण र औचित्यपूर्ण देखिन्छ ।

## १.७ अध्ययनका सीमाहरू

शोधकार्य आफैमा गहन तथा जटिल कार्य हो । प्रस्तुत शोधपत्रले शिक्षक निर्देशिकासम्बन्धी सम्पूर्ण पक्षहरूको अध्ययन गर्न समय तथा स्रोतको अभाव रहने हुँदा सीमित क्षेत्र र सीमित पक्षमा केन्द्रित भएर अध्ययन अनुसन्धानलाई अगाडि बढाइएकोछ । यस अनुसन्धानमा निम्न सीमाहरू रहेकाछन्-

१. यो अध्ययन नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित माध्यमिक तहको पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशकाभित्र मात्र सीमित गरिएको छ ।

२. यस अध्ययनमा माध्यमिक तहको नेपाली शिक्षक निर्देशिकाको अध्ययन र प्रयोग प्रभावकारिताको बारेमा मात्र अध्ययन गरिएको छ ।

३. शिक्षक निर्देशिकाको अध्ययन काठमाडौं उपत्यका र कास्की जिल्लाका गरी ५+५ वटा र सरकारी तथा निजी विद्यालयमा गरिएको छ । त्यसैगरी काठमाडौं र कास्कीका नेपाली विषय शिक्षक, यो शोधकार्य सीमित रहेको छ ।

४. पश्नावली, मौखिक अन्तवार्ता र कक्षा अवलोकन तथ्याङ्क संकलनका आधार रहेकाछन् ।

## १.८ शोधविधि

### क) अध्ययनको नमुना

प्रस्तुत शोधपत्रमा जनसंख्याका रूपमा काठमाडौं उपत्यका र कास्की जिल्लाका निजी १० र सरकारी २० जना नेपाली शिक्षकहरू विषयविज्ञहरू तथा कास्की र काठमाडौंका जिल्ला शिक्षा कार्यालय, पाठ्यक्रम विकास केन्द, शैक्षिक जनशक्ति विकास केन्द्र, सेरिड रहकाछन् ।

**ख) तथ्याङ्क सङ्कलन**

प्रस्तुत अध्ययनमा नमुनाका रूपमा छनोट गरिएको जनसंख्यालाई निम्न विधिहरू अपनाई तथ्याङ्क संकलन गरिएको छ ।

**१. प्राथमिक स्रोत**

प्रस्तुत शोधपत्रमा प्राथमिक स्रोतका रूपमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिकाका साथै शोधकर्ताको कक्षा अवलोकन, शिक्षक, प्रशिक्षकहरूले प्रश्नावलीमार्फत् दिएका सल्लाह, सुझाव र दृष्टिकोणहरू का साथै विषयविद्हरूद्धारा प्रदानगरिएका अन्य महत्त्वपूर्ण राय समेत यस अध्ययनको विषय बनेको छ ।

**२. द्वितीय स्रोत**

अध्ययनको द्वितीय स्रोतअन्तर्गत पत्र-पत्रिकामा प्रकाशित लेखहरू, पुस्तकहरू, प्रकाशित र अप्रकाशित शोधप्रबन्धहरू साथै माध्यमिक शिक्षक तालिमसम्बन्धी सामग्रीहरू, मा.वि. पाठ्यक्रम र शिक्षक निर्देशिकासम्बन्धी लेखहरू रहेका छन् ।

**ग) व्याख्या तथा विश्लेषण**

प्रस्तुत शोधपत्रमा प्राथमिक स्रोतवाट सङ्कलित सामाग्रीका साथै द्धितिय स्रोतबाट प्राप्त तथ्यलाई समेत व्याख्या र विश्लेषणको महत्त्वपूर्णआधार मानिएको छ । यसका साथै शिक्षक प्रश्नावली मार्फत प्राप्त तथ्य, अन्तर्वार्ताद्धारा प्राप्त सुझावका साथै कक्षा अवलोकनबाट प्राप्त तथ्यलाई आवश्यकताअनुसार तालिका र सामान्य साङ्खिकीय विधिको प्रयोग गरी तथ्याङ्कको व्याख्या र विश्लेशण गरिएको छ ।

**१.९ शोधपत्रको रूपरेखा**

१. शोध परिचय

२. पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको परिचय

३. पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बीचको अन्तरसम्बन्ध

४. पाठ्यक्रम, पाठ्यपुस्तकअनुरूप शिक्षक निर्देशिकाको विश्लेषण

५. शिक्षक प्रश्नावली मार्फत प्राप्त तथ्यको व्याख्या र विश्लेषण

६. कक्षा अवलोकनबाट प्राप्त तथ्यको व्याख्या र विश्लेषण

७. निष्कर्ष र सुझावहरू

## परिच्छेद दुई

# पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको परिचय

### २.१ भाषा पाठ्यक्रम

पाठ्यक्रम शिक्षण सिकाइलाई निश्चित गन्तव्यमा पुऱ्याउन मद्दत गर्ने सुझबुझपूर्णरूपमा तयार पारिएको विस्तृत योजना हो (शर्मा र पौडेल २०६०: २६५) । निर्धारित उद्देश्यसम्म पुग्नका लागि बनाइएको धावनमार्गरूपी कार्यक्रमका रूपमा पाठ्यक्रमलाई अर्थ्याउन सकिन्छ । सामान्य अर्थमा पाठ्यक्रम भन्नाले विद्यार्थीहरूलाई के पढाउने भन्ने कुराको हेक्का दिलाउने दस्ताबेज हो, तर व्यापक अर्थमा यो विद्यालयको निर्देशनमा तयार गरिएको विद्यार्थीहरूको सिकाइ अनुभवमा आधारित व्यवस्थित एवम् नियोजित शैक्षणिक कार्यक्रम हो । बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने ज्ञान, सीप र अनुभवको विस्तृत योजनालाई पाठ्यक्रम भनिन्छ (नेपाली भाषा शिक्षण प्रशिक्षार्थी स्रोत सामग्री २०६१: २८९)। विद्यार्थीहरूमा अपेक्षित परिवर्तन ल्याउन गरिने सम्पूर्ण शिक्षण सिकाइ क्रियाकलापको मुख्य आधार पाठ्यक्रम भएकोले शिक्षार्थीको आवश्यकता र रुचिलाई समेट्नुको साथै राष्ट्रिय एवम् सामाजिक आवश्यकतालाई पनि ध्यान दिनुपर्दछ । शिक्षाका राष्ट्रिय उद्देश्य परिपूर्तिका लागि शैक्षिक प्रणालीमा विभिन्न योजना र कार्यक्रमकासाथ विभिन्न क्रियाकलापहरू गरिन्छन् । शैक्षिक उद्देश्य निर्धारण गर्न, निर्धारित उद्देश्यअनुसार विषयवस्तुको चयन गर्न र त्यसलाई व्यावहारिक रूपमा प्रयोगमा ल्याउने काममा पाठ्यक्रमको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सामान्यतः पाठ्यक्रम भन्नाले सिकाइ शिक्षण प्रक्रियाको व्यापक एवम् विस्तृत दस्तावेज भन्ने बुझिन्छ ( भण्डारी २०६१: २३) ।

पाठ्यक्रममा उद्देश्य, विषयवस्तु, शिक्षणप्रक्रिया तथा मूल्याङ्कन प्रक्रियाको स्पष्ट रूपमा उल्लेख गरिएको हुन्छ विद्यार्थीमा अपेक्षित परिवर्तन

ल्याउन गरिने शिक्षण सिकाइ क्रियाकलापको मूल आधार नै पाठ्यक्रम हो । पाठ्यक्रमले शिक्षण सिकाइ क्रियाकलापलाई मूलरूपमा मार्गदर्शन गर्नका लागि पाठ्यक्रमअनुसार पाठ्यपुस्तक र शिक्षक निर्देशिका तयार गरिएको हुन्छ जसले शिक्षणमा महत्त्वपूर्ण मार्ग निर्देशन गर्दछ । शिक्षाका लक्ष्य पूरा गर्न शैक्षिक संस्थाहरूले गर्ने सम्पूर्ण क्रियाकलाप पाठ्यक्रममा समावेश गरिने हुँदा यसको अभावमा शिक्षार्थीका क्रियाकलापहरू नियमित र सुचारु हुन सक्दैनन् । निम्नलिखित उद्धरणहरूले  पाठ्यक्रमलाई अझ स्पष्ट पार्न मद्दत गर्ने अपेक्षा गरिन्छ :

(क) पाठ्यक्रम शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रम हो । (रा.शि.प.यो., २०२८)

(ख) पाठ्यक्रम भन्नाले विद्यालयभित्र तथा बाहिर कक्षाकोठा शिक्षण तथा अन्य योजनाबद्ध कार्यक्रमद्वारा पूरा गरिने उद्देश्य, लक्ष्य, विषयवस्तु, प्रक्रिया, स्रोत, मूल्याङ्कन र मूल्याङ्कन साधन भन्ने बुझिन्छ (डिक्सनरी अफ एजुकेसन) ।

(ग) पाठ्यक्रम कलाकारको हातको एउटा औजार हो, जसका माध्यमले उसले आफ्नो स्टुडियो भित्र पदार्थलाई आफ्नो विचारमा परिवर्तन गर्छ ( कनिङघम) ।

(घ) पाठ्यक्रम सिकाइको एक योजना हो (हिल्डा तावा) ।

(ङ) शिक्षाका उद्देश्यहरू प्राप्तिका लागि विद्यालय तथा शिक्षकहरूद्वारा विद्यार्थीको लागि तयार गरेको योजना र निर्देशनअनुसारका सम्पूर्ण अनुभवहरूलाई पाठ्यक्रम भनिन्छ (युनेस्को) ।

(च) पाठ्यक्रम यस्तो सङ्गठित साधन हो जसद्वारा शिक्षाको चौतर्फी विकास गर्न सक्ने (सिकाइ अनुभवहरू प्रदान गर्न सकिन्छ । यो शिक्षाको प्रमुख आधार हो (माध्यमिक पाठ्यक्रम परिचयात्मक तालिम पुस्तिका, २०५५) ।

**स्रोतः नेपाली भाषा शिक्षण प्रशिक्षार्थी स्रोत सामग्री २०६१:२९०**

पाठ्यक्रम भनेको पठनपाठनयोग्य सामग्रीहरू, क्रियाकलाप, मूल्याङ्कन प्रक्रियाको उद्देश्यपूर्ण संयोजन हो । यसअन्तर्गत शिक्षाका राष्ट्रिय, तहगत, विषयगत उद्देश्यका साथै विषयवस्तुको क्षेत्र र क्रम, शिक्षण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रियाको समेत उल्लेख गरिएको हुन्छ (ढुङ्गेल र दाहाल २०५७: १८) ।

पाठ्यक्रमका उल्लिखित अवधारणाका आधारमा नै भाषापाठ्यक्रमलाई औंल्याउन सकिन्छ । अन्य विषयका पाठ्यक्रममा भाषालाई साधन र विषयवस्तुलाई साध्य मानिएको हुन्छ भने भाषा पाठ्यक्रममा भाषालाई नै साधन र साध्य दुवै मानिन्छ । भाषा शिक्षणले विषयवस्तुको माध्यमले भाषिक सीपको शिक्षण गर्ने उद्देश्य राखेको हुन्छ । भाषाका आधारभूत सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सीप र कलाको विकास गरी जीवनका यावत आवश्यकता पूरा गर्न सक्ने दक्षता ल्याउन, शैक्षिक, सामाजिक तथा राष्ट्रिय आवश्यकताहरूको परिपूर्ति गर्न सक्ने भाषिक सामर्थ्य र सम्पादन हासिल गराउने अभिष्ट भाषा पाठ्यक्रमले राखेको हुन्छ । भाषा सिकाइका लागि निर्धारित गरिएका उद्देश्यहरूको उपलब्धिसम्म पुग्नका लागि बनाइएको भाषा शिक्षणसम्बन्धी गोरेटो वा कार्यक्रमका रूपमा भाषा पाठ्यक्रमलाई परिभाषित गर्न सकिन्छ । त्यसका साथै भौतिक सुविधा, शिक्षार्थीको उमेर, रुचि, आवश्यकता आदि कुरा समेत भाषा पाठ्यक्रममा समावेश गरिएको हुन्छ । भाषा पाठ्यक्रमले निश्चित भाषिक लक्ष्यलाई समेट्दछ । यो विभिन्न राष्ट्रिय भाषिक उद्देश्यलाई ध्यानमा राखेर सम्पूर्ण विद्यार्थीको भाषिक अनुभवलाई आधार मानी तयार गरिएको हुन्छ । यसमा विद्यालयभित्र र बाहिरका सम्पूर्ण भाषिक क्रियाकलापहरूलाई लिएर तिनका भाषिक अनुभवहरू सँगाली निर्देशन तयार गरिएको हुन्छ (शर्मा र पौडेल, २०६०: २७०) ।

अन्य विषयका पाठ्यक्रमहरू मूलतः संज्ञानात्मक प्रकृतिका हुन्छन् त्यसैले ती पाठ्यक्रमहरूमा ज्ञानपक्षलाई बढी महत्त्व दिएको हुन्छ । भाषालाई माध्यम र साधनका रूपमा लिएको हुन्छ तर भाषापाठ्यक्रममा भाषिक सीपलाई महत्त्व दिनुका साथै विधागतविविधता समेत रहेको पाइन्छ । तल्ला कक्षाहरूमा सीपमा विशेष ध्यान पुऱ्याइएको हुन्छ भने माथिल्लो कक्षामा बोध क्षमताका साथै वैषयिक ज्ञानको स्तरअनुसारको स्तरीयता बढाउँदै लैजानु पर्दछ ।

## २.२ नेपाली भाषा पाठ्यपुस्तक

पाठ्यक्रममा निर्दिष्ट गरिएका उद्देश्यहरू प्राप्त गर्न तयार पारिएको आधार सामग्रीका रूपमा पाठ्यपुस्तकलाई लिइन्छ । पाठ्यक्रमले राखेका उद्देश्यहरू परिपूर्ति गर्न छनोट गरिएका विधा र विषयवस्तुमा आधारित भएर भाषापाठ्यपुस्तक तयार गरिएको हुन्छ । पाठ्यपुस्तकमा पाठ्यक्रमले स्पष्ट नगरेका विविध तथ्यहरू स्पष्टसँग किटान गरेर विषयवस्तु अतिरिक्त विभिन्न क्रियाकलाप र अभ्यासहरूसमेत समावेश गरिएको हुन्छ । पाठ्यपुस्तक शिक्षक, शिक्षार्थी र तालिम प्रदान गर्ने निकायसमेतलाई महत्त्वपूर्ण सहयोगी सामग्रीको रूपमा भूमिका खेलेको हुन्छ । निम्नलिखित उद्धरणले पाठ्यपुस्तकलाई स्पष्ट पार्ने अपेक्षा गरिन्छः

(क) विशेषज्ञहरूद्वारा सम्बन्धित क्षेत्रमा उपयोगी हुने शिक्षण प्रक्रियाहरू अँगाली सतर्कतापूर्वक तयार पारिएको कक्षा कोठामा प्रयोग सामग्री नै पाठ्यपुस्तक हो (शर्मा र पौडेल, २०६०:३४०) ।

(ख) विद्यालय एवम् विद्यार्थीहरूमा विद्यार्थीहरूले औपचारिक तवरले पढाउनुपर्ने पुस्तक नै पाठ्यपुस्तक हो (बृहत् नेपाली शब्दकोश २०५८:७६२) ।

(ग) पाठ्यविषयवस्तु सङ्कलन गरिएको पुस्तक, कक्षामा पढाउनुपर्ने पुस्तकलाई पाठ्यपुस्तक भनिन्छ (प्रयोगात्मक नेपाली शब्दकोश, २०६१:६०७) ।

शिक्षण प्रकृयामा भाषा पाठ्यपुस्तक शिक्षण गर्नु नभई यो एउटा सहयोगी सामग्री मात्र हो । तर हाम्रा विद्यालय तथा उच्चतहमा समेत पाठ्यपुस्तकलाई साध्यकै रूपमा लिने गलत प्रचलन बसिसकेको छ । वास्तवमा पाठ्यक्रमलाई आधार मानेर शिक्षकले अन्य शिक्षण स्रोत सामग्रीका आधारमा शिक्षण गर्न सक्नुपर्दछ । शिक्षार्थीले पनि पाठ्यपुस्तक नै एउटा मात्र साधन मानेर अध्ययन नगरी भाषा पाठ्यपुस्तकलाई आधार मानेर अन्य सान्दर्भिक सामग्री समेत आवश्यकताअनुसार अध्ययन गर्ने बानीको विकासमा जोड दिनुपर्दछ । त्यस्तै पुस्तकमा दिइएका विषयवस्तु र क्रियाकलापलाई उदाहरणका रूपमा ग्रहण गरी स्थानीय वातावरण र आवश्यकताअनुरूपका क्रियाकलाप, सामग्री तथा समस्याहरूका आधारमा शिक्षण गर्ने बानीको विकास गर्नुपर्दछ । पाठ्यपुस्तकका आधारमा शिक्षकलाई योजना तर्जुमा गर्न र विद्यार्थीहरूलाई अभ्यास र पुनरावृत्तिमा गर्न यसले महत्त्व राख्दछ । यसका अलवा भाषा पाठ्यपुस्तकको निर्माण गर्दा पाठ्यवस्तुको छनोट गर्नु अत्यावश्यक छ । पहिलो भाषाको लागि होस् अथवा दोस्रो भाषाको लागि होस् पाठ्यवस्तुको छनोट गरेर मात्र पाठ्यक्रमको पाठयांश निर्माण गरिन्छ (ढुंगेल र दाहाल, २०६०:२८) ।

सामान्यतयाः भाषापाठ्यपुस्तक र अन्य विषयका पाठ्यपुस्तकको प्रकृति र स्वरूप फरक हुने गर्दछ । भाषा शिक्षण गर्नु भनेको विषयवस्तु शिक्षण गर्नु होइन् । भाषा शिक्षण गर्नु भनेको भाषिक विषयवस्तु बुझ्ने तथा व्यक्त गर्ने सुनाइ, बोलाइ, पढाइ लेखाइ, सीपको विकास गर्नु भएकोले भाषा पाठ्यपुस्तकको प्रयोग अन्य विषयको पाठ्यपुस्तकको भन्दा फरक ढङ्गले गर्नु आवश्यक हुन्छ ।

भाषा पाठ्यपुस्तक भाषिक सीप, विषयवस्तु, विधा र भाषिक तत्त्वको समन्वयात्मक रूप हो । विषयवस्तु केवल भाषिक सीप सिकाउने साधनका रूपमा मात्र रहेको हुन्छ । विषयगत तथा विधागत विविधता हुनु, साहित्यिक र साहित्येत्तर सामग्रीको समायोजन गरी व्याकरणका विविध पक्ष सहित विभिन्न सिर्जनात्मक क्रियाकलाप र अभ्यास समेत समावेश भाषा पाठ्यपुस्तकमा गरिएको हुन्छ (शर्मा र पौडेल, २०६०: ३४१) ।

भाषापाठ्यक्रमको दायराभित्र रही निर्धारित भाषिक विषयवस्तुलाई विद्यार्थीहरूको स्तर, क्षमता, रुचिअनुकूल पाठ्यांशमा ढालेर क्रमबद्ध एवम् व्यवस्थित ढङ्गको भाषिक सीप र संज्ञान सिकाउने उद्देश्यले विभिन्न भाषिक विषयवस्तुहरूलाई सङ्गठित गरी अध्ययन अध्यापन र अभ्यासमा सहयोग पुऱ्याउन तयार गरिएको उपयुक्त पाठ्यसामग्री नै भाषा पाठ्यपुस्तक हो । अन्य विषयका पाठ्यपुस्तक प्रायः ज्ञानपरक हुने भएकोले प्राय एउटै किसिमका अथवा कम विविधतापूर्ण अभ्यासमा आधारित हुन्छन् । यता भाषापाठ्यपुस्तक ज्ञानपरकभन्दा बढ्ता सीपपरक हुने भएकाले सीपगत विविधताअनुरूप अभ्यासात्मक बहुलता र विविधताले सुसज्जित हुन्छ ।

(क) भाषा नै साधन र साध्य वस्तु अथवा विषय वस्तु भाषा सिक्ने साधन मात्र

(ख) वैषयिक सतहीपन र भाषिक सीपपरकतामा केन्द्रित ।

(ग) बहुविधात्मक विशेषता

(घ) वस्तुपरक, भावात्मक, आत्मपरक तथा आलङ्कारिक शैली

(ङ) साहित्य र साहित्येतर दुवै अभिव्यक्ति

(च) अभ्यासात्मक असीमितता र बहुलता

(छ) वैषयिक पहिचानात्मकता, तार्किकता र प्रयोगात्मकता सँगसँगै भाषिक सीपपरक सृजनात्मकता, उत्पादनात्मकता, अभिनयात्मकता र मौलिकता

(ज) भाषातत्त्व एवम् व्याकरणात्मक अभ्यासको अपरिहार्यता

(झ) प्रत्यक्ष रूपमा विविध विषयक्षेत्रका सामान्य एवम् प्राविधिक शब्दभण्डार तथा संरचनामा जोड

आदि पक्षहरू भाषापाठ्यपुस्तकका आफ्ना विशेषताहरू हुन् । समग्रमा भाषा पाठ्यपुस्तकलाई अध्ययन गर्दा भाषा पाठ्यपुस्तकमा भाषिक सीप, विभिन्न साहित्यिक विधा तथा उपविधाहरू, विविध विषयवस्तु, भाषातत्त्व र व्याकरणको शिक्षणको लागि पाठ्यक्रमलाई मूलआधार मानी विभिन्न विशेषज्ञद्वारा छनोट गरिएका पाठ्यवस्तुलाई उचित र उपर्युक्त स्थानमा समावेश गर्नुलाई स्तरण भनिन्छ (ढुंगेल र दाहाल, २०६०:४१) । यसरी छनोट र स्तरणका आधारमा तयार पारिएको पाठ्यसामग्रीहरूलाई भाषा पाठ्यपुस्तक भनिन्छ (नेपाली भाषाशिक्षण प्रशिक्षार्थी स्रोत सामग्री, २०६१:२९२) ।

## २.३ नेपाली शिक्षक निर्देशिका

शिक्षण कार्यलाई सरल, सहज र प्रभावकारी बनाउनका लागि सहयोग पुऱ्याउने शिक्षण सामग्रीकारूपमा शिक्षक निर्देशिकालाई लिन सकिन्छ । शिक्षक निर्देशिका शिक्षण-सिकाइ क्रियाकलापमा आउने उपयोगी पुस्तिका हो । यसमा पाठ्यपुस्तकका पाठहरूको शिक्षण कसरी गर्ने भन्ने सम्बन्धमा उपयुक्तनिर्देशन दिइएको हुन्छ । यसमा रहेका पाठको शिक्षणका निम्ति आवश्यक क्रियाकलाप र त्यसअनुसारका शैक्षिक सामग्री तथा मूल्याङ्कनका निम्ति प्रश्न दिइएको हुन्छ । शिक्षकले हरेक पाठका लागि दिइएका घन्टीका आधारमा प्रस्तुत क्रियाकलाप गरी शिक्षकले निर्देशिकाको प्रयोग गर्नुपर्दछ । पाठ्यपुस्तकका पाठहरू कसरी शिक्षण गर्ने भनेर पाठका उद्देश्य, शैक्षिक सामग्री, शिक्षण विधि, मूल्याङ्कन प्रक्रिया समेत दिई निर्माण गरिएको सामग्रीलाई शिक्षक निर्देशिका भनिन्छ । निर्देशिकाले शिक्षणमा आइपर्ने समस्या एवम् कठिनाइको समाधान गर्न एक शैक्षिक सत्रभरि अध्यापन गराउने विषयवस्तु र तिनका उद्देश्य, शैक्षिक सामग्री,

शिक्षण सिकाइ क्रियाकलाप, शिक्षण विधि, मूल्याङ्कन प्रविधि, पाठ्यशीर्षकअनुसार नमुना प्रश्नहरू, प्रत्येक पाठ्यवस्तुका लागि आवश्यक घण्टी आदि कुराको समेत स्पष्ट उल्लेख शिक्षक निर्देशिकामा गरिएको हुन्छ । यसको सहायताले शिक्षकले भाषिक सीप शिक्षण गर्दा कस्तो सामग्री प्रयोग गर्ने, कुन विधि अपनाउने मूल्याङ्कन कसरी गर्ने आदिको समेत उल्लेख गरिएको हुँदा शिक्षण गर्दा शिक्षक अलमलिनु पर्दैन र योजनाबद्ध ढङ्गले शिक्षण गर्न सहयोग पुग्दछ । यदि शिक्षकले शिक्षक निर्देशिका सहीरूपमा प्रयोग गर्न सकेमा शिक्षण सिकाइ रुचिकर, प्रभावकारी सशक्त र सफल बनाउनुका साथै अपेक्षित उद्देश्य पूरा गर्न महत्त्वपूर्ण भूमिका खेल्न पुग्ने देखिन्छ । निर्देशिकामा दिइएका नमुनाहरूअनुसार त्यसमा थप नयाँ विधि र प्रविधि समावेश गर्न सकेमा नेपाली शिक्षण मात्र नभई सम्पूर्ण शिक्षण सिकाइ प्रक्रिया नै वैज्ञानिक र उद्देश्य पूर्तिमा सहायक हुन्छ । यसलाई अरू स्पष्ट पार्न नेपाली भाषाशिक्षण प्रशिक्षार्थी स्रोत सामग्री (२०६१: २९२/९३) ले निम्न बुँदाहरूलाई अगाडि सारेको छ :

(क) शिक्षकलाई कक्षाकोठामा जानुअघि पूर्वतयारी गर्न सहयोग पुऱ्याउने,

(ख) वार्षिक, एकाइगत र दैनिक पाठयोजना निर्माण गर्न सहयोग पुऱ्याउने,

(ग) दैनिक रूपमा प्रयोग गरिने शैक्षिक सामग्रीको निर्माण, छनोट र प्रयोग गर्न सघाउने,

(घ) पाठको स्वरूप र प्रकृतिअनुसार शिक्षण विधिको चयन र प्रयोग गर्न सघाउने,

(ङ) शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा के कस्ता शिक्षक एवम् विद्यार्थी क्रियाकलाप गर्ने भन्ने सम्बन्धमा मार्गनिर्देश गर्ने

(च) शिक्षण कार्यको बीचबीचमा र पाठको अन्त्यमा गरिने मूल्याङ्कन कार्यलाई सहयोग पुऱ्याउने

(छ) शिक्षण कार्यलाई सरल, सहज, योजनाबद्ध र सुनियोजित ढङ्गले अगाडि बढाउन महत्त्वपूर्ण रूपमा सघाउने ।

यसका साथै नेपाली भाषाको शिक्षक निर्देशिकाले भाषिक सीपहरूको शिक्षण कसरी गर्ने, सीपहरूको सन्तुलन कसरी गर्ने भन्ने सम्बन्धमा पनि महत्त्वपूर्ण मार्ग निर्देशन गर्न सक्दछ । त्यस्तै व्याकरण र शब्दभण्डार शिक्षणलाई आगमनात्मक विधिबाट प्रयोगका आधारमा शिक्षण गर्न एकीकृत रूपमा अध्यापन गराउने कुरामा निर्देशिका सचेत रहेको पाइन्छ ।


यसरी निर्देशिकालाई अध्ययन गर्दा पाठ्यक्रमका उद्देश्यअनुसारका पाठ्यपुस्तमा समाविष्ट पाठ्यबस्तुहरूको सन्तुलित रूपमा शिक्षण गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने देखिन्छ ।

परिच्छेद - तीन

# पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बीचको अन्तरसम्बन्ध

## ३.१ परिचय

पाठ्यक्रम विद्यालयभित्र र बाहिर गरिने सम्पूर्ण शैक्षिक कार्यक्रमहरूको एउटा योजनाबद्ध दस्ताबेज हो भने यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउने महत्त्वपूर्ण शैक्षणिक सामाग्री पाठ्यपुस्तक र शिक्षक निर्देशिका हुन् । पाठ्यपुस्तकका आधारमा पाठ्यपुस्तकको निर्माण गरिन्छ भने पाठ्यक्रम र पाठ्यपुस्तक दुवैलाई केन्द्रमा राखेर शिक्षक निर्देशिका तयार गरिन्छ । त्यसैले शिक्षक निर्देशिकाको अध्यपन त्यसको अनुसन्धान र खोज गर्दा पाठ्यपुस्तक र पाठ्यक्रमको पनि अध्यपन गर्नु अत्यावश्क ठहर्दछ । यसको आधारमा हामी पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ भन्न सक्दछौं । नेपाली भाषाशिक्षण प्रशिक्षार्थी स्रोतसामग्री (२०६१:२९३) ले पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको अन्तरसम्बन्धलाई यसरी देखाउन खोजेको छः




रेखा चित्र नं. १

पाठ्पुस्तकमा पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्न विभिन्न विधा एवम् विषयवस्तुहरूको क्षेत्र र क्रमको विस्तृतीकरण दिइएको हुन्छ भने पाठ्यक्रमका उद्देश्य र पाठ्यपुस्तकका विधा र विषयवस्तु बीचको तादम्यतालाई ध्यान दिएर शिक्षक निर्देशिकाको तयार गरिएको हुन्छ । वास्तवमा पाठ्फमको उद्देश्य पूरा गर्न पाठ्यपुस्तक र शिक्षक निर्देशिकाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसलाई नेपाली भाषाशिक्षण प्रशिक्षार्थी स्रोतसामग्री (२०६१:२९४-९५) ले बुँदागत रूपमा यसरी स्पष्ट पार्न खोजेको छ:

(क) शैक्षिक क्रियाकलापको प्रमुख योजना पाठ्यक्रम हो भने पाठ्यक्रमका उद्देश्य परिपूर्ति गर्न चाहिने अत्यावश्यक साधनका रूपमा पाठ्यपुस्तक र शिक्षक निर्देशिका रहेका हुन्छन् ।

(ख) पाठ्यपुस्तक र शिक्षक निर्देशिका कक्षा प्रस्तुतीकरणका आधार हुन् भने तिनको आधार पाठ्यक्रम हो ।

(ग) पाठ्यक्रमले स्पष्ट नगरेका कुराहरू पाठ्यपुस्तकले स्पष्ट गर्दछ भने पाठ्पुस्तकलाई अझ स्पष्ट बनाउने काम शिक्षक निर्देशिकाले गर्दछ ।

(घ) पाठ्यसामग्रीको स्रोत पाठ्यपुस्तक हो भने पाठ्यसामग्रीको मुख्य आधार पाठ्यक्रम हो । पाठ्यपुस्तकको सही कार्यान्वयन गर्न शिक्षक निर्देशिकाले सहयोग पुऱ्याउँछ ।

(ङ) पाठ्यपुस्तक र शिक्षक निर्देशिका निर्माण र प्रयोग गर्दा मूलतः पाठ्यक्रमलाई ध्यान दिइएको हुन्छ । त्यसैले कक्षा शिक्षणमा पनि मूल दस्तावेज पाठ्यक्रम हुन्छ भने त्यसको मर्मलाई कक्षाकोठामा रूपान्तरण गर्न पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको सही रूपमा प्रयोग आवश्यक हुन्छ ।

(च) पाठ्यपुस्तकमा विषयवस्तुका अतिरिक्त विभिन्न सिर्जनात्मक अभ्यास र विषयवस्तु क्रियाकलापहरू दिइएको हुन्छ भने तिनको सही रूपमा प्रयोग गर्न शिक्षक निर्देशिकाले निर्देशित गरेको हुन्छ ।

(छ) पाठ्यपुस्तकले विषयवस्तुको विधा, क्षेत्र र क्रम, पाठ्यभार मूल्याङ्कन आदि दिइएको हुन्छ । त्यसैका आधारमा पाठ्यपुस्तक र शिक्षक निर्देशिका निर्देशित हुन्छ ।

(ज) राष्ट्रले अपेक्षा गरेका शैक्षिक लक्ष्यअनुसार पाठ्यक्रम तयार पारिन्छ भने पाठ्यक्रमका उद्देश्य पूरा गर्ने प्रक्रियाका रूपमा पाठ्यपुस्तक र शिक्षक निर्देशिकाका माध्यमबाट कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप निर्देशित हुने गर्दछ ।

(झ) पाठ्यपुस्तक पाठ्यक्रमको प्रयोगात्मक सन्दर्भ सामग्री हो भने शिक्षक निर्देशिका पाठ्यपुस्तकको सही प्रयोगको मार्ग निर्देशक हो ।

(ञ) पाठ्यपुस्तक र शिक्षक निर्देशिका निर्माण र मूल्याङ्कनको मूल आधार पाठ्यक्रम हो ।

(ट) आवश्यकताका आधारमा पाठ्यक्रम तयार गरिको हुन्छ भने पाठ्यपुस्तक आवश्यकता परिपूतितर्फ उन्मुख हुन्छ । उक्त आवश्यकता परपूर्तिमा थप सहयोग पुऱ्याउने काम शिक्षक निर्देशिकाले गर्दछ ।

भाषा पाठ्यक्रमका उद्देश्य प्राप्त गर्न निर्धारण गरिएका पाठ्यविषयहरू पाठ्पुस्तकमा समाविष्ट भएका हुन्छन् भने भाषाका सीपहरू र भाषातत्त्वलाई समेत वैज्ञानिक विधिको प्रयोग गरी वास्तविक कक्षाशिक्षण गर्न शिक्षक निर्देशिकाले महत्त्वपूर्ण सहयोग प्रदान गर्दछ । त्यसैले यी तीन तत्त्वहरूकाबीच अन्योन्याश्रित सम्बन्ध रहेको पाउन सकिन्छ । वास्तवमा अन्य विषयका पाठ्यक्रमको उद्देश्य विषय वस्तुलाई महत्त्वदिने भाषा केवल साधन मात्र रहने

हुन्छ तर भाषा पाठ्यक्रमले तय गरेका विषयवस्तुहरूको विधा र विधागत् क्षेत्र, भाषिक सीप, भाषातत्त्व, समेतको सन्तुलित शिक्षण गर्नु पर्ने हुँदा सिर्जनात्मक क्रियाकलाप र अभ्यासको सही रूपमा उपयोग गर्न पाठ्यपुस्तकको रचनात्मक र प्रयोजनपरक उपयोग गर्नको लागि नेपाली भाषा शिक्षणमा शिक्षक निर्देशिकाले अहं भूमिका खेलेको छ । पाठ्यक्रमका उद्देश्य पूरा गर्न पाठ्यपुस्तक र शिक्षक निर्देशिकालाई सँगसँगै लैजान आवश्यक देखिन्छ । तर पनि नेपाली शिक्षण गर्न शिक्षक तथा अध्ययन गर्न शिक्षार्थीले पाठ्यपुस्तकलाई समपूर्ण साधन नसम्झी एउटा सहयोगी साधानका रूपमा ग्रहण गर्नु पर्दछ भने शिक्षक निर्देशिकामा तय गरिएका नमुनालाई पाठ्यपुस्तक पढाउने निरविकल्प साधान नसोची पाठ्यवस्तु अगाडि बढाउने सहयोगी सामग्रीका रूपमा लिंदै शिक्षक निर्देशिकालाई अधिक प्रयोग गर्ने बानी बसाल्नु आवश्यक देखिन्छ ।

## ३.२ शिक्षक निर्देशिकाको आवश्यकता र महत्त्व

शिक्षाको मूल उद्देश्य नै शिक्षार्थीको सर्वाङ्गीण विकास गराउने रहेको हुन्छ । पाठ्यक्रमले त्यसलाई कार्यान्वयन गर्न सकेमा शिक्षामा प्रभावकारिता र गुणात्मकता अभिवृद्धि गर्न सकिन्छ । पाठ्यक्रममा विशिष्ट उद्देश्य विषयवस्तु, शिक्षण सिकाइ क्रियाकलाप, शैक्षिक सामग्री, शिक्षण विधि र मूल्याङ्कन प्रक्रिया समेत समावेस गरिएको हुन्छ । ती सम्पूर्ण तत्त्वहरूको कार्यन्वयनका लागि पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको निर्माण र प्रयोग गरिन्छ । विषयवस्तु वा पाठ्यवस्तुलाई विद्यार्थीसम्म पुऱ्याउन पाठ्यपुस्तक र निर्देशिकाले सेतुको काम गरेको हुन्छ । पाठ्यक्रम र पाठ्यपुस्तकको वास्तविक र प्रभावकारी प्रयोग गर्न निर्देशिकाले सहयोग पुऱ्याउँछ । पाठ्यपुस्तकमा दिइने पाठ्यवस्तु, अभ्यास र क्रियाकलापको सिर्जनात्मक प्रयोगका लागि शिक्षक निर्देशिकाले विभिन्न मार्गनिर्देशन गर्दछ । कक्षाकोठारूपी बसमा बसेका विद्यार्थीहरूलाई बसको चालकरूपी शिक्षकले पाठ्यक्रमले देखाएको बाटोमा पाठ्यपुस्तकको सहयोगमा

शिक्षण गरी पाठ्यक्रमद्वारा अपेक्षित सिकाइउपलब्धि वा विषयगत उद्देश्य हासिल गराउनु नै शिक्षक निर्देशिकाको मूल उद्देश्य भएकोले पाठ्यक्रमका सिकाइउपलब्धि हासिल गराउन पाठ्यपुस्तकमा पाठहरू कसरी कति समय लगाएर शिक्षण गर्ने भन्ने जानकारी शिक्षक निर्देशिकामा स्पष्ट गरिएको हुन्छ (नेपाली भाषाशिक्षण प्रशिक्षार्थी स्रोत सामग्री २०६१-२९८) । त्यसैले शिक्षकहरूले कुनै पाठ्यवस्तु वा पाठ शिक्षण गर्दा पाठ्यक्रम पाठ्पुस्तक र शिक्षक निर्देशिकाको सहीरूपमा प्रयोग गरी शिक्षण क्रियाकलाप सञ्चालन आवश्यक हुन्छ । शिक्षण सिकाइ प्रभावकारी, उद्देश्यपूर्ण र व्यावहारिक बनाउन पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको समुचित, सन्तुलित प्रयोग अनिवार्य हुन्छ । यसरी पाठ्यक्रमका उद्देश्यलाई पाठ्यपुस्तकका सहायताले निश्चित गन्तव्यसम्म पुऱ्याउन शिक्षक निर्देशिका आवश्यक र महत्त्वपूर्ण सामग्री बन्न पुगेको देखिन्छ ।

### ३.३ शिक्षक निर्देशिकाको प्रयोग

पाठ्यक्रम र पाठ्यपुस्तकलाई प्रभावकारी प्रयोगका लागि शिक्षक निर्देशिका अपरिहार्य र महत्त्तपूर्ण साधन हो । तर नेपालको भौगोलिक विकटता तथा आर्थिक दृष्टिकोणले पछिपरेका वर्गहरूको लागि समयमा पाठ्यपुस्तक समेत उपलब्ध हुन नसकेको वर्तमान अवस्थामा अन्य शिक्षण सामाग्री तथा शिक्षक निर्देशिका उपलब्ध हुन नसक्नुले शिक्षणमा प्रभावकारिता आउन सकेको छैन । यसका अलवा परम्परागत पद्धति नै वर्तमानसम्म चल्नुले पाठ्यक्रमका उद्देश्यहरू पूरा हुन र समय सापेक्षरूपमा उपलब्धि हासिल गर्न सकेको छैन । ( नेपाली भाषा शिक्षण प्रशिक्षार्थी स्रोतसामग्री २०६१-२९९) मा भनिएको छ- जहाँ पुस्तकालय छ, त्यहाँ सबै तह र विषयका पाठ्यक्रम पाठ्यपुस्तक र शिक्षक निर्देशिका उपलब्ध छैनन् भए पनि तिनको सही रूपमा प्रयोग गर्ने प्रवृत्ति पनि हाम्रा शिक्षक वर्गमा नहुने गरेको पाइन्छ । सीमित शिक्षक वर्गवाहेक धेरै जसोले

पाठ्यपुस्तकमा केन्द्रित परम्परागत शिक्षण प्रक्रिया अपनाउने गरेको पाइन्छ । तसर्थ शिक्षण सिकाइ प्रक्रियालाई उद्देश्यपरक र सुनियोजित बनाउन पाठ्यक्रमका साथसाथै शिक्षक निर्देशिकाको समुचित प्रयोग हुन अत्यावश्यक छ । यसका लागि सेमिनार गोष्टि निर्देशिकाको महत्त्वलाई प्रस्ट्याउन अत्यावश्यक भइसकेको छ ।

शिक्षालाई व्यावहारिक र जीवनोपयोगी बनाई व्यक्तिमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन र व्यक्तित्व विकासको सम्भावनालाई मानवीय मूल्य एवम् सामाजिक मान्यताआनुकूल  राष्ट्रिय परम्परा, संस्कृति तथा प्रजातान्त्रिक मूल्य र मान्यतासँग परिचित, भाषिक व्यवहारमा सक्षम वैज्ञानिक सुझबुझ भएका सिर्जनशील, सहयोगी, उद्यमशील, स्वाबलम्बी एवम् आर्थिक विकासमा टेवा पुऱ्याउन सक्ने, देशनिमार्णका लागि उपयुक्त मानव संसाधनको विकास गर्ने र सामाजिकीकरण र आधुनिकीकरणका माध्यमले प्राकृत वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गरी सामाजिक एकतालाई सुदृढ बनाउने तथा समाजमा पछी परेका व्यक्तिलाई राष्ट्रिय मूल प्रवाहमा समाहित गर्ने उद्देश्यले विद्यालय तहको पाठ्यक्रम विकास गर्ने प्रक्रिया निरन्तर रूपमा चल्दै आएको देखिन्छ । समय सापेक्ष र देशको आवश्यकता र परिवर्तित घटना अुनसार पाठ्यक्रममा सुधार तथा परिमार्जन आवश्यक हुने हुँदा समय-समयमा पाठ्यक्रम निर्माण, परिमार्जन तथा आवश्यक सुधार पनि हुँदै आएको पाइन्छ ।

माध्यामिक तहको पाठ्यक्रमलाई जन-आकांक्षाअनुरूप एवम् देशको परिवर्तित सन्दर्भअनुकूल रा.शि.आयोग २०४९ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ प्रतिवेदनले सिफारिस गरेअनुसार पाठ्यपुस्तकहरू तयार गरिएको छ (माध्यमिक शिक्षा पाठ्यक्रम २०५५: भूमिका) ।  पाठ्यक्रमको उद्देश्य पूरा गर्न कति हदसम्म सफल रहेको छ भन्ने तथ्यको अध्ययन भएको छ । पाठ्यक्रम

र पाठ्यपुस्तकका उद्देश्यहरू पूरा गर्न प्रारम्भमा नै शिक्षक निर्देशिका आवश्यक भएको तथ्य निर्देशिकामा नै उल्लेख गरिएको छ । पाठ्यपुस्तकको आधारमा भाषा शिक्षणलाई प्रभावकारी बनाउनका लागि राष्ट्रिय शिक्षा आयोग २०४९ र उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ को प्रतिवेदनको सिफारिसअनुसार माध्यमिक तहको शिक्षक निर्देशिका तयार पारिएको देखिन्छ । निर्देशिकामा स्पष्ट भनिएको छ । शिक्षाले विद्यार्थीहरूमा बहुदलीय प्रजातान्त्रिक मूल्य र मान्यताअनुरूप उदात्त भावना प्रस्फुटित गराइ देशलाई आवश्यक हुने मानवीय स्रोत र साधनको विकास गरी प्रतिस्पर्धापूर्ण जीवन यापन गर्न सक्ने दक्ष, सुशील र कर्तव्यनिष्ठ नागरिक तयार गरी मानवीय साधनको उत्पादनका लागि पाठ्यक्रम तथा पाठ्यपवुस्तकलाई समयानुकूल बनाउन शिक्षक निर्देशिकाको आवश्यकता महशुस भएको छ । (निर्देशिका कक्षा १०, २०५७: हाम्रो भनाइ)

समयको पदचापसँगै नेपाली भाषाको प्रयोगक्षेत्र निकै व्यापक भइसकेको छ । तर सामान्य पाठकले नेपाली शिक्षणलाई साहित्य शिक्षण मात्र सोच्ने गर्दछन् । नेपाली भाषा शिक्षण भनेको साहित्य शिक्षण नभएर विषयवस्तुका माध्यमले गरिने शिक्षण भाषिक सीपको हो । नेपाली भाषाको मानकीकरण र आधुनिकीकरणले प्रौढता दिएको छ । साथै विधाका पाठहरूलाई साधन मानेर भाषालाई नै साधन र साध्य दवै मानी भाषाका सीपहरूको शिक्षण गर्नु यसको मूल अभिप्राय हो । राष्ट्रिय आवश्यकताहरूसँग शिक्षाको सहचार्य सम्बन्ध रहने हुनाले राष्ट्रिय गतिविधिका अभिव्यक्तिका रूपमा विभिन्न तहमा विकसित हुँदै गएको  नेपाली भाषाले शिक्षाको क्षेत्रमा व्यापकता, प्रभावकारिता र समयसापेक्ष विद्यार्थीको रुचि, आवश्यकता, स्तर, उत्प्रेरणा, भाषिक क्षमता तथा भाषाप्रतिको झुकावलाई ख्याल गरी समय स्रोत र साधन, शिक्षक दक्षताप्रति दृष्टि दिँदै माध्यमिक तहमा यसको पठन-पाठनको महत्त्व बृद्धि हुन आवश्यक छ । त्यसका लागि विद्धानवर्गहरूले सबै कुराको चासो पुऱ्याउँदै प्रभावकारी शिक्षणका लागि शिक्षक निर्देशिकाको आवश्यकता महशुस गरी त्यसको प्रकाशन र वितरण

गरेको देखिन्छ । विद्यालय तहमा पठनपाठनलाई रोचक तथा प्रभावकारी बनाउन नेपालीको पृष्ठभूमि अझ राम्रो बनाउन तथा उच्च तहलाई मजबुद र गुणात्मकता थप्नको लागि विद्यालय तहमा नै प्रभावकारी शिक्षणको आवश्यकता रहन्छ । त्यसको लागि शिक्षक निर्देशिका एउटा मजबुद तथा बलियो हतियार साबित हुन पुगेको छ ।

विद्यालय तहमा सिकाइ-शिक्षण प्रक्रियालाई प्रभावकारी बनाउने कुरामा साधन वा औजारको काम निर्देशिकाले गर्नु पर्दछ । जुनसुकै औजार भुत्तो भयो भने त्यसबाट काम लिन नकिए झै भाषा-शिक्षणको औजार पनि भुत्तो भयो भने त्यसको उपयोग गरी शिक्षार्थीहरूलाई सिकाउन पर्ने विषय सिकाउन कठिन हुन्छ । शिक्षार्थीहरू नेपाली विषयमा कमजोर हुनुको प्रमुख कारण नेपाली प्रतिको शिक्षक विद्यार्थी दुबैले हल्का रूपमा लिने प्रवृति नै हो । शिक्षक निर्देशिकाले प्रत्येक विद्याका प्रत्येक पाठको पाठ्यघन्टी समेत छुट्टाएर सुनाइ, बोलाइ, पढाइ र लेखाइका चारवटै सीप तथा व्याकरण र शब्दभण्डार समेतलाई पाठयोजनामा नै स्पष्ट नमुना दिइएको छ । जसलाई अनुसरण गरेर शिक्षण गर्न सकिएमा शिक्षाशास्त्रले अपेक्षा गरेका शिक्षणीय विधिहरू प्रभावकारी रूपमा सफल हुने देखिन्छ । तर नेपाली पठनपाठन गर्दै आएका तालिम अप्राप्त र शिक्षणसम्बन्धी ज्ञान नभएका पूराना शिक्षक तथा पाठयोजनाको बारेमा राम्रो ज्ञान नभएका मानविकीका शिक्षकहरूको बाहुल्यताले भाषा शिक्षणलाई विद्यालय तहमा साहित्य शिक्षण र विषयवस्तु शिक्षणका रूपमा हेर्दै आएको परिवेशमा शिक्षकहरूलाई शिक्षक निर्देशिकाअनुसार शिक्षण गर्न अप्ठ्यारो र झन्झटपूर्ण लाग्न सक्दछ तर शिक्षक निर्देशिका शिक्षकहरूको लागि मार्ग प्रदर्शक सहयोगी सामग्री बन्न पर्दछ । शिक्षकले भाषिक सीपको शिक्षण गर्नु पूर्व निर्देशिकाअनुसार पठन-पाठन गर्ने बानी बसालेमा नेपाली शिक्षण उद्देश्य पूर्ति गर्नका लागि बाटो नविरिने देखिन्छ तथा विषयवस्तु बहकिने सम्भावना रहँदैन जसका कारण नेपाली शिक्षण प्रभावकारी र उद्देश्यमूलक हुन सक्दछ ।

माध्यामिक तहमा नेपाली मातृभाषी विद्यार्थी मात्र अध्ययन गर्न आउँदैनन् नेपाली दोस्रो भाषी र विदेशी भाषीहरू पनि अध्ययन गर्न आएका हुन सक्दछन् तिनीहरूलाई समेत मध्यनजर राखी नेपाली शिक्षक निर्देशिका तयार गरिएको हुँदा यसले सबै पक्षलाई सहज रूपमा नेपाली शिक्षणमा सहयोग पुऱ्याउने देखिन्छ । शिक्षक निर्देशिकाले भाषालाई साधन र साध्य दुवै मानी नेपाली भाषा पाठ्यक्रमको लक्ष्यअनुसार बोध र अभिव्यक्ति क्षमतालाई भाषिक सीपको माध्यमबाट अगाडि बढाउन प्रत्येक पाठको पाठ्यवस्तु र अनुमानित घण्टीसमेत निर्धारण गरिएको छ । प्रत्येक पाठको अध्यापनकार्य सस्वरवाचन र शुद्धोच्चारणबाट आरम्भ गरी पाठको अन्तमा पाठ्यक्रमले निर्धारण गरेका र पाठ्यपुस्तकमा समावेश भएका व्याकरणको अध्यापन गर्ने गरी निर्देशिका तयार भएको देखिन्छ । शिद्यार्थीहरूलाई अधिकभन्दा अधिक रूपमा शिक्षण सिकाइमा सहभागी गराउन विभिन्न पाठहरूमा विविध क्रियाकलापलाई समावेश गरिएको देखिन्छ । निर्देशिकामा शिक्षकलाई सहयोगी पुग्ने गरी पाठ्यक्रम र पाठ्यपुस्तकमा दिइएका विषयवस्तुको अध्यापन गराउँदा प्रभावकारी सिकाइका लागि अपनाउनुपर्ने विधि र तरिकाहरू स्पष्ट पार्न खोजिएको छ । भाषाका चारवटै सीपहरूलाई विद्यार्थी केन्द्रित, क्रियाकलापमुखी तथा नविन विधिका नमुनाहरूमार्फत शिक्षण गराउन समेत निर्देशिकाले मार्गदर्शन गरेको छ । यसकारण नेपाली शिक्षकका लागि वर्तमान शिक्षक निर्देशिका ज्यादै महत्त्वपूर्ण तथा अत्यावश्यक सामग्री बन्न पुगेको अपेक्षा गरिन्छ । शिक्षक निर्देशिकाको प्रयोगको सम्बन्धमा नेपाली भाषा शिक्षण प्रशिक्षार्थी स्रोत सामग्री २०६१: ३०० मा यसरी उल्लेख गरिएको छः

पाठ्यक्रम र पाठ्यपुस्तकको सही प्रयोग गर्न शिक्षक निर्देशिकाले महत्त्वपूर्ण रूपमा सहयोग पुऱ्याउँछ । यसमा शिक्षकले कुन पाठ कसरी शिक्षण गर्ने, कस्ता उद्देश्य राख्ने, ती उद्देश्य प्राप्त गर्न कस्ता शैक्षिक सामग्री र शिक्षण विधिाको उपयोग गर्ने, कस्ता शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने, कुन

मूल्याङ्कन पद्धति अपनाउने भन्ने कुरा निर्देशित हुने हुनाले मूलतः शिक्षक निर्देशिकाको प्रयोग शिक्षकहरूबाटै हुने गर्दछ । पाठ्यपुस्तक विद्यार्थीहरूले पनि प्रयोग गर्दछन् तर शिक्षक निर्दशिका भने मूलतः शिक्षककै सहयोगका लागि निर्माण गरिएको हुन्छ । यी तथ्यहरूलाई हेर्दा शिक्षकका लागि सहज र समयलाई उचित रूपमा सदुपयोग गर्न विधि र प्रविधिको प्रयोग गरी प्रभावकारी शिक्षण गर्न एउटा महत्त्वपूर्ण सहयोगी साथी र मार्ग प्रदर्शक बन्न सक्दछ । यसका अलवा शिक्षक निर्देशिकाले शिक्षकलाई निम्नानुसार कार्यमा सहजता प्रदान गर्ने अपेक्षा गरिएको छ :

(क) शिक्षण योजना निर्माण गर्न

(ख) शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्न

(ग) शिक्षण विधिको छनोट गर्न

(घ) शिक्षण-सिकाइ क्रियाकलापको छनोट गर्न

(ङ) विद्यार्थीहरूको मूल्याङ्कन गर्न

(च) सहकार्यकलाप गराउन

(छ) गृहकार्यको महत्त्वलाई प्रस्तुत गर्न

(ज) व्याकरणलाई आगमनात्मक रूपमा शिक्षण गर्न

(झ) शब्दभण्डार र उखान टुक्का एकीकृत शिक्षण गर्न

(ञ) विद्याअनुरूप शिक्षण गर्न र विद्यार्थीलाई सक्रिय तुल्याउन ।

## परिच्छेद - चार

# पाठ्यक्रम र पाठ्यपुस्तक अनुरूपताका दृष्टिले वर्तमान माध्यमिक तहको निर्देशिकाको अध्ययन

### ४.१ परिचय

शिक्षक निर्देशिकाको अध्ययन पूर्व पाठ्यक्रमका उद्देश्य र पाठ्यपुस्तकका पाठ्यविषयहरू समेताको अध्ययन गर्नु आवश्यक हुन्छ । पाठ्यक्रमले राखेका उद्देश्य पूरा गर्नको लागि नै नेपाली पाठ्यपुस्तकमा विद्या तथा उपविधाहरूको छनौट र स्तरण गरिएको हुँदा सर्वप्रथम प्रस्तुत अध्ययनमा पाठ्यक्रमले राखेको साधारण उद्देश्यहरूलाई बुँदागत रूपमा यसरी प्रस्ट पार्न सकिन्छ । माध्यमिक पाठ्यक्रम अनिवार्य नेपाली कक्षा ९ र १० (२०५७: ५) ले माध्यमिक तहको अध्ययन पूरा गरेपछि विद्यार्थीहरू निम्न कुराहरूमा सक्षम हुनेछन् भनि साधारण उद्देश्यहरू तय गरेको छ ।

(क) नेपाली भाषामा गरेका वार्तालाप बुझ्ने गरी ध्यानपूर्वक सुन्न,

(ख) समूहमा रही अरूले छलफल गरेका विषयवस्तु बुझ्ने गरी सुन्न,

(ग) प्रवचन, व्याख्यान, प्रश्नोत्तरजस्ता कुराको आशय बुझी व्यक्त गर्न,

(घ) मौखिक अभिव्यक्तका क्रममा उपयुक्त हाउभाउ, चेष्टा, अभिनय, आदिको ख्याल गरी सुन्न र बुझ्न,

(ङ) रेडियो, टेलिफोन, टेलिभिजनजस्ता सञ्चारका माध्यमबाट व्यक्त भएका विषयवस्तु र घटनालाई सुनेर बुझ्न,

(च) आफूले पढेका र सुनेका शब्दहरूको शुद्धसँग उच्चारण गर्न,

(छ) देखेका, सुनेका, पढेका र आफूले अनुभव गरेका विषयवस्तुका बारेमा गति, यति र लय मिलाई भन्न,

(ज) सरल कथा, कविता, निबन्ध जस्ता साहित्यिक विधा रुचि लिई पढ्न र लेख्न,

(झ) आफूले पढेका, सुनेका शब्दलाई शुद्धसँग हिज्जे (वर्णविन्यास) मिलाई लेख्न,

(ञ) विषयवस्तु र प्रसङ्गअनुसार ठीकठीक ठाउँमा चिन्हहरू प्रयोग गरी लेख्न,

(ट) स्वतन्त्ररूपमा घरायसी र कार्यालयीय चिठी लेख्न,

(ठ) अनुच्छेद, दैनिकी र निवेदन लेख्न,

(ड) कुराकानी, प्रश्नोत्तर, संवाद, वादविवाद, छलफलजस्ता गतिविधिमा मौखिक अभिव्यक्ति दिन,

(ढ) कुनै पनि विषयमा आफ्नो विचारलाई स्पष्टसँग अभिव्यक्त गर्न,

(ण) बोल्दा वा लेख्दा ठीक ठाउँमा ठीक शब्द र वाक्यांशको प्रयोग गर्न,

(त) नेपाली भाषाका लिखित सामग्रीहरूलाई शुद्ध र स्पष्टसँग सस्वर र मौनवाचन गर्न,

(थ) मौखिक तथा लिखितरूपमा अभिव्यक्त भएका विषयवस्तुको सारांश लेख्न,

(द) स-साना कथा, कविता, निबन्ध लेख्न,

(ध) नेपाली भाषामा लेखिएका विषयवस्तुहरूको खासखास बुँदा टिप्न र व्याख्या गर्न,

(न) देखेका, सुनेका र पढेका घटना र विषयवस्तुहरू बुनी तिनीहरूको आधारमा प्रश्नोत्तर गर्न,

(प) बोल्दा, पढ्दा र लेख्दा उखानटुक्काको प्रयोग गर्न,

(फ) नेपाली भाषाका व्याकरणका आधारभूत नियमको पालना गरी अभिव्यक्त गर्न,

(ब) नेपाली शब्दकोश प्रयोग गर्न,

(म) नेपाली भाषाका शब्दभण्डार बढाउन ।

पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्नका लागि भाषा पाठ्यपुस्तकमा नौं वटा विधाहरू समावेश गरिएको छ । जसमा व्याकरण (भाषातत्त्व) र शब्दभण्डारलाई छुट्टै नराखी पाठ्यविषयको अन्त्यमा समावेश गरिएको छ । विधाको वितरण गर्ने क्रममा कक्षा नौ मा उन्नाइस वटा पाठहरू जसका लागि एकसय पचास घन्टी तथा कक्षा दशमा पन्ध्र पाठहरू जसका लागि ११० घन्टी विभाजन गरिएको छ । जसअनुसार पाठ्यपुस्तकमा तोकिएका विधाहरू निम्नानुसार रहेको पाइन्छ ।

(क) कविता (ख) कथा (ग) रूपक (घ) चिठी

(ङ) निबन्ध/प्रवन्ध(च) जीवनी (छ) दैनिकी (ज) भाषातŒव ( व्याकरण)

(झ) शब्दभण्डार

यी विधाका क्षेत्र र क्रमलाई निम्नानुसार तालिकामा प्रस्तत गरी स्पष्ट पार्न खोजिएको छ ।

१. माध्यमिक पाठ्यक्रम २०५५ ले तय गरेका कक्षा क्षेत्र र पाठ्यपुस्तकमा कक्षाको क्षेत्रगत प्रतिनिधित्व निम्नानुसार वितरण गरिएको छ

**तालिका १: वर्तमान माध्यमिक तहको कथा विधाको वर्गीकरण**

| क.सं. | क्षेत्र | कथाको नाम | कैफियत |
|---|---|---|---|
| १. | लोककथा | शिशिरवसन्तको कथा | |
| २. | पौराणिक कथा | न्यायको पक्ष | |
| ३. | ऐतिहासिक | खड्कबहादुर | |

| | | | |
|---|---|---|---|
| ४. | आधुनिक कथा | दोषी चस्मा, सहिद, भविष्य निर्माण | |

**तालिका २: वर्तमान माध्यमिक तहको जीवनी विधाको वर्गीकरण**

| क.सं. | क्षेत्र | जीवनीको शीर्षक | कैफियत |
|---|---|---|---|
| १. | राजनैतिक | (क) राष्ट्रिय विभूति भीमसेन थापा<br>(ख) नेल्सन मण्डेला | राष्ट्रिय<br>अन्तर्राष्ट्रिय |
| २. | साहित्य र कलासम्बन्धी | (क) पारिजात<br>(ख) पेले | साहित्य (राष्ट्रिय)<br>कला (अन्तर्राष्ट्रिय) |
| ३. | विचारक | (क) जयपृथ्वीबहादुर सिंह<br>(ख) स्वामी विवेकानन्द | राष्ट्रिय<br>अन्तर्राष्ट्रिय |
| ४. | संस्कृत | इमानसिंह चेमजोङ | राष्ट्रिय |
| ५. | अविष्कारक | चार्ल्स डार्विन | अन्तर्राष्ट्रिय |

**तालिका ३: वर्तमान माध्यमिक तहको रूपक विधाको वर्गीकरण**

| क.सं. | क्षेत्र | रूपकको शीर्षक | कैफियत |
|---|---|---|---|
| १. | संवाद/एकाङ्की | घरको माया | |
| २. | वादविबाद | भाग्यभन्दा परिश्रम ठूलो | |
| ३. | मनोवाद | काम खोज्दै जाँदा | |
| ४. | वक्तृत्व | अपाङ्गहरूप्रति हाम्रो दायित्व | |

रूपक विधाका उपाविधा अन्तर्गत पाठ्यक्रमले संवाद, एकाङ्की, वादविवाद, मनोवाद र वक्तृत्व समावेश गरेको छ । यसमध्ये संवाद र एकाङ्कीलाई सँगै राख्ने प्रयत्न पाठ्यपुस्तकले गरेको देखिन्छ ।

### तालिका ४: वर्तमान माध्यमिक तहको कविता विधाको वर्गीकरण

| क.सं. | क्षेत्र | कविताको शीर्षक | कैफियत |
|---|---|---|---|
| १. | नीतिप्रधान | देह र आत्मा | |
| २. | प्रकृतिप्रधान | बसन्त | |
| ३. | इतिहासप्रधान | सहिदको सम्झना | |
| ४. | संस्कृत प्रधान | इच्छा | |
| ५. | समाजप्रधान | कलमवीर र आजलाई माया गर | |

### तालिका ५: वर्तमान माध्यमिक तहको चिठी विधाको वर्गीकरण

| क.सं. | क्षेत्र | चिठीको प्रकृति | कैफियत |
|---|---|---|---|
| १. | कार्यलयीय/व्यापारिक | व्यापारिक चिठी | |
| २. | घरायसी | भान्जालाई चिठी | |
| ३. | निवेदन | वन विनाश रोकौं | |
| ४. | विद्यालयीय | - | |

चिठी विद्याअन्तरगत पाठ्यक्रममा विद्यालयीय चिठी भनेर तोकिए तापनि पाठ्यपुस्तकमा यो चिठी राखिएको छैन । कार्यालयीय चिठीअन्तर्गत नै यसको अध्यापन गराउन पर्ने देखिन्छ ।

### तालिका ६: वर्तमान माध्यमिक तहको दैनिकी विधाको वर्गीकरण

| क.सं. | क्षेत्र | दैनिकी शीर्षक | कैफियत |
|---|---|---|---|
| १. | दैनिकी | राजधानीमा चार दिन | |

**तालिका ७: वर्तमान माध्यमिक तहको निबन्ध विधाको वर्गीकरण**

| क्र.सं. | क्षेत्र | निबन्ध शीर्षक | कैफियत |
|---|---|---|---|
| १. | सामाजिक | जय भोलि | |
| २. | सांस्कृतिक तथा ऐतिहासिक | हाम्रो राष्ट्रिय झन्डा | |
| ३. | प्राकृतिक तथा वातावरणीय | के नेपाल सानो छ ? | |
| ४. | वैज्ञानिक तथा प्राविधिक | यन्त्रमानव | |
| ५. | कलाकौशल तथा सौन्दर्य | मिथिला चित्रकला | |
| ६. | व्यावसायिक | मौरीपालन | |

**तालिका ८: वर्तमान माध्यमिक तहको व्याकरण विधाको वर्गीकरण**

| क्र.सं. | शीर्षक | विवरण |
|---|---|---|
| १. | पदसङ्गति | वचन, लिङ्ग, पुरुष, आदर |
| २. | काल र पक्ष | वर्तमानकाल, भूतकाल, भविष्यतकाल |
| ३. | भाव | सामान्यार्थ, आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ, सङ्केतार्थ |
| ४. | वाच्य | कर्तृवाच्य, कर्मवाच्य, भाववाच्य, वाच्य परिवर्तन |
| ५. | धातु | सामान्य धातु, प्रेरणार्थक धातु, नाम धानु, धातुरूपावली |
| ६. | कारक र विभक्त | कारक (कर्ता, कर्म, करण, सम्प्रदान, अपदान, अधिकरण) सरल र तिर्थय समेतका विभक्तिहरू |
| ७. | शब्दवर्ग | नाम, सर्वनाम, विशेषण, क्रियापद (सकर्मक, अकर्मक, सरल र संयुक्त), अव्यय (क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादीबोधक र निपात) |
| ८. | वाक्यसश्लेषण र विश्लेषण | सरल वाक्य, संयुक्त वाक्य, मिश्रवाक्य |
| ९. | चिन्हहरू | पूर्णविराम, योजक, अल्पविराम, उद्गार, अर्धविराम, उद्धरण, निर्देश |
| १०. | शब्दनिर्माण प्रक्रिया | उपसर्ग व्युत्पन्न शब्दहरू, कृदन्त व्युत्पन्त शब्दहरू तदितान्त र व्युत्पन्त शब्दहरू, समस्त व्युत्पन्त शब्दहरू |
| ११. | हिज्जे | वर्णविन्यास |

**तालिका ९: वर्तमान माध्यमिक तहको शब्दभण्डार विधाको वर्गीकरण**

| क्र.सं. | शीर्षक | विवरण |
|---|---|---|
| १. | शब्दभण्डार तथा टुक्का र उखान | पर्यायवाची, विपरीतार्थी, अनुकरणात्मक, श्रुतिसमभिनार्थक, अनेकार्थक, लघुवाचक, सिङ्गो शब्द, परिभाषिक शब्द, सङ्क्षिप्त शब्द उखान टुक्का |

माथिका विद्या र क्षेत्रलाई नै निर्देशिकाले आफ्नो उद्देश्य बनाई ती विद्याहरूलाई सचेत र वैज्ञानिक रूपमा दैनिक पाठयोजनामा समावेश गरेको छ । शिक्षक निर्देशिका कक्षा शिक्षणको उपयोगी सामग्री हुनुको साथै पाठ्यपुस्तकका पाठहरूको शिक्षण कसरी गर्ने भन्ने विषयमा उपयुक्त निर्देशन दिइएको छ । निर्देशिका शैक्षिक दस्तावेज भएकाले यसमा हरेक पाठको शिक्षणका निम्ति आवश्यक क्रियाकलाप र त्यसअनुसारका शैक्षिक सामग्री तथा मूल्याङ्कन प्रश्नसमेत समावेश गरिएको छ । निर्देशिकाको सम्बन्धमा माध्यमिक तह प्रशिक्षक निर्देशिका २०५७: १३ को यसरी प्रष्ट पार्न खोजेको छ ।

कक्षा ९ र १० मा नेपाली भाषा शिक्षणका लागि छुट्टाछुट्टै शिक्षक निर्देशिका रहेका छन् । शिक्षक निर्देशिकामा वर्षभरि पढाइने पाठहरूलाई घन्टीमा विभाजन गरिएको छ । यसका लागि कक्षा ९ मा १५० र कक्षा १० मा ११० घन्टी छुट्याइएको छ । निर्देशिकाले भाषा शिक्षणका आवश्यक पक्षका बारेमा निर्देशन दिनुका साथै यसले भाषाका चारैवटा सीपहरूको शिक्षणमा जोड दिँदै हरेक पक्षलाई सीपगत ढङ्गले कसरी शिक्षण गर्न सकिन्छ भन्ने जानकारी समेत प्रस्तुत गरेको छ । यसबाहेक व्याकरणलाई प्रयोगका आधारमा शिक्षण गर्न एकीकृत रूपमा व्याकरण अध्यायन गराउने कुराको निर्देशन पनि यसमा छ । पाठ्यवस्तुहरूको वितरण पनि सोहीअनुरूप गरिएको र त्यसलाई उद्देश्य, शैक्षिक सामग्री, शिक्षक क्रियाकलाप मूल्याङ्कन र गृहकार्य जस्ता शीर्षकमा विभाजन गरी उपयुक्त शिक्षण पद्धतिको निर्देशन गरिएको छ । प्रारम्भमा सबै विद्यार्थीका

लागि समान अवसर अन्तर्गत लैङ्गिक, सामाजिक, सांस्कृतिक सन्तुलनका लागि आवश्यक सुझाव पनि दिइएको छ । निर्माणात्मक मूल्याङ्कनअन्तर्गत दैनन्दिन रूपमा गरिने विद्यार्थीको मूल्याङ्कन र त्यसको विधि प्रस्तुत गरिएको छ । शिक्षक निर्देशिका प्रयोगको बारेमा र यसको उद्देश्यका बारेमा भूमिकामा पनि उल्लेख गरिएको छ । पाठ्यपुस्तकका विधाहरूलाई निर्देशिकाले निश्चित घन्टीमा विभाजन गरी पाठयोजनाको नमुना तयार पारेको छ ती विद्याहरूका लागि विभाजन गरिएको घन्टीलाई तलका तालिकाले स्पष्ट गर्न मद्दत गर्ने अपेक्षा गरिन्छ:

**तालिका १०: विधागत आधारमा विधासङ्ख्या र पाठयघन्टीको विभाजन**

| क.सं. | विधा | विधासङ्ख्या | घन्टी | कैफियत |
|---|---|---|---|---|
| १. | कविता | ट | द्धढ | |
| २. | कथा | ट | छज्ञ | |
| ३. | जीवनी | ड | टट | |
| ४. | रूपक | द्ध | घज्ञ | |
| ५. | निबन्ध/प्रबन्ध | ट | छद्ध | |
| ६. | दैनिकी | ज्ञ | घ | |
| ७. | चिठी | घ | ढ | |
| जम्मा | | घद्ध | द्दटघ | |

पाठ्यक्रमले भाषातत्त्व (व्याकरण) र शब्दभण्डारलाई छुट्टै विधाका रूपमा प्रस्तुत गरे पनि पाठ्यपुस्तक तथा निर्देशिकामा उल्लेखित विधाहरूको अन्त्यमा एकीकृत रूपमा नै शिक्षण गर्ने उद्देश्य निर्देशिकाले लिएको हुँदा छुट्टै पाठ योजना निर्माण गरे तापनि भिन्नै अध्ययको अवैज्ञानिक र निगमनात्मक प्रक्रिया हटाउन खोजेको देखिन्छ । त्यस्तै निर्देशिकामा कक्षा ९ को लागि १५० घन्टी छुट्टाएको

भनिए तापनि नमुना पाठयोजना १५३ हुनु यसको कमजोरी पक्ष हो भन्न सकिन्छ तर कक्षा १० मा भने तोकिएकै ११० घन्टी समायोजन गरिएको छ ।

पाठ्यक्रम र पाठ्यपुस्तकको आधारमा निर्देशिकाको अध्ययन नगर्दा पाठ्यक्रम र पाठ्यपुस्तक प्रति अन्याय हुने हुँदा यसआधारमा वर्तमान माध्यमिक शिक्षक निर्देशिकाले पाठ्यक्रममा उद्देश्य पूरा गर्न पाठ्यपुस्तकमा समाविष्ट विधा र तिनको क्षेत्रलाई पाठयोजनाका विधाहरू, ती विधाका शीर्षक, ती शीर्षकका लागि छुट्टाइएको पाठ्यघन्टी र पाठ्यवस्तुलाई समेत विस्तृत रूपमा कक्षागत तथा विधागतआधारमा निम्नलिखित तालिकामा समेतअनुसार समावेश गरिएको छ । प्रस्तुत तालिकामा पनि भाषातत्त्व र शब्दभण्डारलाई निर्देशिकाले एकीकृत रूपमा नै राखे तापनि पाठयोजना भने भिन्न बनाएर प्रस्तुत गरिएको छ । (तलका तालिकामा समाविष्ट पाठ्यघन्टी भाषातत्त्व र शब्दभण्डार समेतका हुन् :)

**तालिका ११: कक्षा ९ को विधा र शीर्षकअनुसार पाठ्यघन्टी र पाठ्यवस्तुको वितरण**

| क्र.सं. | विधा | शीर्षक | जम्मा घन्टी | पाठ्यवस्तु | कै. |
|---|---|---|---|---|---|
| १. | कविता | देह र आत्मा | ज्ञज्ञ | शुद्धोउच्चारण/शब्दार्थ र वाक्यमा प्रयोग/लयबोध/छन्दबोध/भावबोध/प्रश्नोत्तर/ व्याख्या/ कवितालेखन/ व्याकरण (नाम) | |
| २. | कथा | सहिद | ढ | सस्वरपठन र शब्दोच्चारण/ शब्दार्थ र वाक्यमा प्रयोग /वोध प्रश्नोत्तर/ सारांश लेखन/ व्याकरण ( सर्वनामको परिचय) | |
| ३. | निबन्ध | के नेपाल सानो छ ?८ | ज्ञण | शब्दोच्चारण/शब्दार्थबोध र सारांश/बुँदा टिपोट र अनुच्छेदलेखन/व्याख्या/व्याकरण ( विशेषणको परिचय | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | चिठी | भान्जालाई चिठी | घ | चिठीको परिचय र शुद्ध र स्पष्टवाचन/घरायसी चिठीको ढाँचा र घरायसी चिठी लेखन/व्याकरण ( वर्तमान काल र पक्ष) | |
| ५. | जीवनी | राष्ट्रिय विभूति भीमसेन थापा | ढ | शुद्धोच्चारण र सस्वरवाचन/शब्दार्थ र वाक्यमा प्रयोग/छलफल र प्रश्नोत्तर/घटनाक्रम टिपोट र वर्णन/व्याख्या सारांश कथन र लेखन/व्याकरण (काल) | |
| ६. | कथा | खड्कबहादुर | ढ | सस्वरवाचन र शुद्धोच्यारण/शब्दार्थ र वाक्यमाप्रयोग /बोध र सारांश/व्याख्या/विश्लेषण/( शब्दभण्डार) | |
| ७. | कविता | वसन्त | ज्ञज्ञ | लयवाचन र शुद्धोच्यारण/शब्दार्थ र वाक्यमा प्रयोग/गद्यरूपान्तरण र भावार्थ/व्याख्या/प्रश्नोत्तर/व्याकरण (व्युत्पन्न शब्द र उपसर्ग/कृत प्रत्यय र तद्दित प्रत्यय) | |
| ८. | प्रबन्ध | हाम्रो राष्ट्रिय झन्डा | ज्ञण | शुद्धोच्यारण/शब्दार्थ प्रयोग/बुँदा टिपोट/बोध र प्रश्नोत्तर/निबन्ध लेखन /व्याकरण (वाक्य र यसका प्रकार) | |
| ९. | जीवनी | स्वामी विवेकानन्द | ड | सस्वरवाचन र शुद्धोचरण/शब्दार्थ र वाक्यमा प्रयोग/बोध र सारांश /घटना टिपोट र जीवनी लेखन/व्याकरण (पदसङ्गति) | |
| १०. | एकाङ्की | घरको माया | ट | सस्वरवाचन र शुद्धोच्चारण/शब्दार्थ र वाक्यमा प्रयोग/संवाद पठन र प्रश्नोत्तर/संवाद र अभिनय/व्याकरण (भाव) | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | कविता | कलमवीर | ज्ञज्ञ | लयबद्धवाचन र शुद्धोचारण/शब्दार्थ र वाक्यमा प्रयोग/भावविस्तार/ सप्रसङ्ग व्याख्या/प्रश्नोत्तर/ व्याकरण (समास) | |
| १२. | कथा | दोषी चस्मा | ढ | सस्वरवाचन र शुद्धोच्चारण/शब्दार्थ र वाक्यमा प्रयोग/व्याख्या सारांशलेखन/विषयवस्तुसम्बन्धी छलफल र प्रश्नोत्तर/कथा लेखन /व्याकरण (निपात) | |
| १३. | जीवनी | साहित्यकार पारिजात | ङ | सस्वरवाचन र शुद्धोच्चारण/शब्दार्थ र वाक्यमा प्रयोग/विषयवस्तुसम्बन्धाी छलफल र प्रश्नोत्तर/मुख्यघटनाक्रम टिपोट र वर्णन/व्याकरण (वर्णविन्यास) | |
| १४. | दैनिकी | राजधानीमा चार दिन | घ | सस्वरवाचन र शुद्धउच्चारण/ प्रश्नोत्तर दैनिकी लेखन/व्याकरण ( शब्दभण्डार) | |
| १५. | निबन्ध | जय भोलि | ज्ञण | सस्वरवाचन र शुद्धोच्चारण/उखान टुक्का र तिनको वाक्यमा प्रयोग/ द्रुतपठन र बोध/मैखिक र लिखित अभिव्यक्ति/प्रश्नोत्तर/व्याकरण (धातु र यसका प्रकार) | |
| १६. | कथा | शिशिर वसन्तको कथा | ढ | सस्वरवाचन र शुद्धोच्चारण/शब्दार्थ र वाक्यमा प्रयोग/बोध र सारांश/ घटनाक्रम मिलाउने र कथालेखन/ व्याकरण (अनुकरणात्मक शब्द) | |
| १७. | जीवनी | पेले | ढ | सस्वरवाचन र शुद्धोच्चारण/शब्दार्थ र वाक्यमा प्रयोग/प्रश्नोत्तर र वर्णन/विवेचना/बोध र प्रश्नोत्तर/ जीवनी लेखन व्याकरण (वर्णविन्यास) | |

| | | | | | |
|---|---|---|---|---|---|
| १८. | निवेदन | वन विनाश रोकौ | ५ | निवेदनको परिचय/सस्रवाचन र शुद्धोच्चारण/शब्दार्थ र वाक्यमा प्रयोग/प्रश्नोत्तर निवेदन लेखन/ व्याकरण (नामयोगी र संयोजक) | |
| १९. | कविता | आजलाई माया गरद | ६ | सस्वरवाचन र शुद्धोच्चारण/शब्दार्थ र वाक्यमा/प्रयोग/भावार्थ लेखन/ व्याकरण (काल) | |

## तालिका १२: कक्षा १० को विधा र शीर्षकअनुसार पाठ्यघन्टी र पाठ्यवस्तुको वितरण

| क.सं. | विधा | शीर्षक | जम्मा घन्टी | पाठ्यवस्तु | कै. |
|---|---|---|---|---|---|
| १. | कविता | इच्छा | ७ | शुद्धोच्चारण/शब्दार्थ र वाक्यमा प्रयोग/लयबोध/ भावबोध, प्रश्नोत्तर, व्याख्या/व्याकरण (सिङ्गो शब्द) | |
| २. | कथा | न्यायको पक्ष | ७ | सस्वर र शुद्धोच्चारण/ शब्दार्थ र वाक्यमा प्रयोग/ बोध प्रश्नोत्तर र सार/ व्याख्या/व्याकरण ( कारक/विभक्ति) | |
| ३. | जीवनी | जय पृथ्वीबहादुर | ८ | सस्वरवाचन र शुद्धोउच्चारण/शब्दार्थ र वाक्यमा प्रयोग/ विषयवस्तुसम्बन्धी छलफल र प्रश्नोत्तर/ मुख्यघटनाक्रमटिपोट र वर्णन/व्याकरण (पदयोग र वियोग) | |
| ४. | मनोवाद | काम खोज्दै जाँदा | ८ | शुद्धोच्चारण/शबदार्थ र वाक्यमा प्रयोग/मनोवाद पठन र प्रश्नोत्तर/मनोवाद रचना र अभिनय/व्याकरण ( विस्मयादिबोधक) | |
| ५. | प्रबन्ध | यन्त्रमानव | ९ | शुद्धच्चारण/शब्दार्थ र वाक्यमा प्रयोग/बोध र सारांश/बुँदा टिपोट र अनुच्छेद लेखन/व्याकरण (क्रियापदको परिचय) | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | चिठी | व्यापारिक चिठी | घ | चिठी पठन र प्रश्नोत्तर/ चिठी रचना/व्याकरण (सङ्क्षिप्त तथा लघुतावाची शब्द) | |
| ७. | जीवनी | चार्ल्स डार्विन | ङ | सस्वरवाचन र शुद्धोच्चारण/शब्दार्थ र वाक्यमा प्रयोग/सारांश कथन र लेखन/प्रश्नोत्तर/ मुख्य घटनाक्रम टिपोट र वर्णन/व्याकरण (वाक्य परिवर्तन) | |
| ८. | कथा | भविष्यनिर्माण | ङ | सस्वरवाचन र शुद्धोच्चारण/ शब्दार्थ र वाक्यमा प्रयोग/ सारांश कथन र लेखन/ विषयवस्तुसम्बन्धी छलफल र प्रश्नोत्तर/घटनावर्णन र कथालेखन/व्याकरण ( सरल र तिर्यक कारक) | |
| ९. | वादविवाद | भाग्यभन्दा परिश्रम | ढ | शब्द्धोच्चारण/शब्दार्थ र वाक्यमा प्रयोग/वादविवाद पठन र प्रश्नोत्तर/ बुँदाटिपोट र सारांश कथन-लेखन/वादविवाद रचना र कक्षा प्रस्तुति/ शब्दभण्डार (उखान) | |
| १०. | प्रबन्ध | मिथिला चित्रकला | ठ | शब्द्धोच्चारण/शब्दार्थ र वाक्यमा प्रयोग/बुँदाटिपोट, बोध र प्रश्नोत्तर/निबन्ध लेखन/व्याकरण ( सरल र संयुक्त क्रिया) | |
| ११. | जीवनी | इमानसिंह चेमजोङ | ठ | सस्वरवाचन र शुद्धोच्चारण/शब्दार्थ र वाक्यमा प्रयोग/ विषयवस्तुसम्बन्धी छलफल र प्रश्नोत्तर/घटनाहरूको टिपोट र वर्णन/ सारांशकथन तथा लेखन/ व्याकरण (करण र अकरण) | |
| १२. | वक्तृता | अपाङ्गहरू प्रति हाम्रो दायित्व | ङ | शब्द्धोच्चारण/शब्दार्थ र वाक्यप्रयोग/वक्तृता पठन र प्रश्नोत्तर/बुँदाटिपोट र सारांश/वक्तृत्वत रचना र कक्षा प्रस्तुति/व्याकरण, (चिन्ह परिचय) | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३. | प्रबन्ध | मौरीपालन | ड | सस्वर पठन र उच्चारण/ शब्दार्थ/उखानटुक्का र तिनको वाक्यमा प्रयोग/ द्रुतपठन र बोध/मौखिक र लिखित अभिव्यक्ति/वर्णन र प्रश्नोत्तर/व्याकरण (वाच्य) | |
| १४. | जीवनी | नेल्सन मण्डेला | ढ | सस्वरवाचन र शुद्धोच्चारण/शब्दार्थ र वाक्यमा प्रयोग/मौखिक र लिखित वर्णन/बोध प्रश्नोत्तर/व्याख्या /जीवनीलेखन/व्याकरण (वर्णविन्यास) | |
| १५. | कविता | सहिदको सम्झनामा | द्ध | लयवाचन र शुद्धोच्चारण/ शब्दार्थ र वाक्यमा प्रयोग/ व्याकरण (क्रियायोगी) | |

## परिच्छेद पा“च

# शिक्षक प्रश्नावलीमार्फत प्राप्त तथ्यको व्याख्या र विश्लेषण

### ५.१ परिचय

प्रस्तुत अध्ययन माध्यमिक तहमा नेपाली शिक्षक निर्देशिका प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययनमा कास्की र काठमाडौं गरी जम्मा ३० विद्यालयका एक एक शिक्षकसँग प्रश्नावलीमार्फत सरकारी विद्यालयसँग सम्बन्धित तथा १० विद्यालयको कक्षा अवलोकन र केही शिक्षकहरूसँग मौखिक अन्तर्वार्ता मार्फत आवश्यक तथ्य सङ्कलन गरिएको छ । तथ्याङ्क गर्ने क्रममा यथासम्भव सम्पूर्ण पक्ष र क्षेत्रलाई समेट्ने कोशिस गरिएको छ । तथ्याङ्क नीजि र सरकारी (संस्कृत विद्यालय समेतलाई समेट्ने गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।)

उक्त तथ्यलाई सामान्य साङ्ख्यिकीय विश्लेषण गर्ने दृष्टिले व्यवस्थित गरियो । व्याख्या तथा विश्लेषणलाई सङ्ख्यामा उल्लेख नगरी वस्तुगत रूप दिन प्रतिशतमा ढाली अध्ययनलाई अगाडि सारिएको छ । जसअन्तरगत शिक्षक प्रश्नावली फारममा समावेश गरिएका प्रश्नहरूलाई आवश्यकताअनुसार तालिकामा राखी शिक्षकद्वारा उपलब्ध गराइएका तथ्यहरूलाई प्रतिशत सहित व्याख्या र विश्लेषण गरिएको छ । समूहमा राखिएका प्रश्नावलीअनुसार तालिका दुई वा बढी भए तापनि एउटा समूहका तथ्यहरूलाई विश्लेषण र व्याख्या गर्ने विधि भने एउटै अपनाइएको छ ।

तालिकाअनुसार शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएका कुल संख्या ३० जनालाई निजी विद्यालय १० र सरकारी विद्यालय २० गरी अध्ययन गरिएको छ भने प्रश्नअनुसार चित्त बुझ्ने र चित्त नबुझ्ने शिक्षकहरूको तथ्यलाई निजी र सरकारी माथि उल्लेखित संख्याकै आधारमा छुट्टाछुट्टै प्रतिशतमा देखाउनुको साथै

समूहमा समावेश सबै तथ्य एउटै तथ्यहरूलाई विषयको प्रकृतिअनुसार पाँचवटा तलिका मार्फत स्पष्ट पार्न खोजिएको छ । समूह 'क' मा समावेश जम्मा सत्र प्रश्नहरू चित्त बुझ्े ठीक र नबुझ्े बेठीक चिन्ह लगाउने खालका दिइएको थियो जसअनुसार काठमाडौं र कास्कीका सरकारी र निजी विद्यालयबाट प्राप्त तथ्यलाई यस परिच्छेदमा व्याख्या र विश्लेषण गरिएको छ जसलाई विश्लेषण गर्न मुख्य २ आधारमा राखी व्याख्या र विश्लेषण गरिएको छ :

१. आन्तरिक आधार

२. बाह्य आधार

**५.२ आन्तरिक आधारमा निर्देशिकाको अध्ययन विश्लेषण**

निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन र विश्लेषण गर्ने क्रममा निर्देशिकाको विश्लेषणलाई आन्तरिक आधारमा यसको सबल/दुर्बल पक्ष अर्थात सकारात्मक र नकारात्मक पक्ष समेत समेट्न गरी प्रश्नावली मार्फत प्राप्त तथ्यलाई तालिकाको आधारमा अगाडि बढाउन खोजिएको छ । अरूलाई निम्न उपशीर्षकमा राखेर तथ्यलाई विश्लेषण गरिएको छ । यसै गरी विश्लेषण गर्दा निर्देशिकाको सैद्धान्तिक पक्ष तथा व्यवहारिक पक्षसमेतलाई सँगै गर्नु उपर्युक्त हुने हुँदा यस अध्ययनको विश्लेषण गर्दा पनि प्रयोग र प्रभावकारिताका साथै निर्देशिकाको पाठ्यपुस्तक र पाठ्यक्रम अनुरूपतालाई अघिल्लो परिच्छेदमा गरिएको अध्ययनभन्दा केही फरकरूपमा शिक्षकहरू मार्फत प्रदान गरिएको वास्तविक तथ्याङ्कहरूको आधारमा अगाडि बढाइएको छ ।

अध्ययन र विश्लेषणका थुप्रै संभावित आधारहरू भए तापनि यस अध्ययनमा भने निर्देशिकाको सैद्धान्तिक र व्यवारिक पक्षको समेत उचित ख्याल गर्नुपर्ने हुँदा नेपाली शिक्षकहरूले प्रश्नावली मार्फत समूह 'क' मा दिएका तथ्यलाई आधार मानी अघिल्लो परिच्छेदले समेट्न नसकेका र समग्रमा सैद्धान्तिक र व्यवहारिक पक्षलाई समेट्ने गरी आन्तरिक पक्षको वर्गीकरण र

विश्लेषण गरिएको छ । उक्त विश्लेषणलाई पनि निम्नानुसार उपशीर्षकहरूमा राखी प्राप्त तथ्यको विश्लेषण गरिएको छ :

## ५.२.१ पाठ्यक्रम र पाठ्यपुस्तकसम्बन्धी शिक्षकहरूबाट प्राप्त तथ्यको विश्लेषण

तालिका १३ 'क'

| क.सं. | विषय | सकारात्मक | | नकारात्मक | |
|---|---|---|---|---|---|
| | | सरकारी | निजी | सरकारी | निजी |
| १. | शिक्षक निर्देशिकाले पाठ्यक्रमको उद्देश्य पूरा गर्न खासै भूमिका खेलेको देखिदैन । | द्छ५ | द्ण५ | ठछ५ | डण५ |
| २. | पाठ्यपुस्तकअनुरूप निर्देशिका तयार भएको छ । | ढण५ | डण५ | ज्ञण५ | द्ण५ |
| ३. | शिक्षण गर्नुपूर्व निर्देशिका अध्ययन गर्नु आवश्यक छ । | ज्ञणण५ | टण५ | ( | द्धण५ |

शिक्षक निर्देशिकाले पाठ्यक्रमको उद्देश्य पूरा गर्न खासै भूमिका खेलेको देखिदैन भन्ने पहिलो नकारात्मक प्रश्नको तथ्यलाई हेर्दा २५% सरकारी र २०% निजी विद्यालयका शिक्षकहरूले मात्र ठीक ठहऱ्याएकोले निर्देशिका पाठ्यक्रमको उद्देश्य पूरा गर्न धेरै हदसम्म सफल रहेको देखिन्छ । ७५% सरकारी र ८०% निजी विद्यालयका शिक्षाको आधारमा यसको पुष्टी हुन्छ । पाठ्यक्रमको उद्देश्य पश्चात पाठ्यपुस्तकअनुरूप निर्देशिका रहे नरहेको सम्बन्धमा सोधिएको प्रश्नमा ९०% सरकारी र ८०% निजी विद्यालयबाट निर्देशिका पाठ्यपुस्तकअनुरूप रहेको भन्ने देखिनुले पाठ्यक्रम र पाठ्यपुस्तकअनुसार निर्देशिका तयार भएको देखिन आउँछ । उक्त तथ्यका आधारमा के भन्न सकिन्छ भने विद्यालय तहमा निर्देशिकाअनुसार शिक्षण गर्दा शिक्षण प्रभावकारी हुने हुँदा शिक्षकहरूले निर्देशिकाअनुसार शिक्षण गर्न सके शिक्षणमा प्रभावकारिता आउने देखिन्छ । पाठ्यक्रम र पाठ्यपुस्तकअनुरूप निर्देशिका तयार भएको देखिनुको साथै शिक्षक

निर्देशिका शिक्षण गर्नुपूर्व अध्ययन गर्नु आवश्यक रहेको वा नरहेको भन्ने सम्बन्धमा राखिएको प्रश्नमार्फत प्राप्त तथ्याङ्कअनुसार १००% सरकारी र ६०% निजी विद्यालयले आवश्यक रहेको र ४०% निजी विद्यालयका शिक्षकले भने अनुभवका आधारमा शिक्षण गर्दा उत्ति नै प्रभावकारी हुने कुरामा आफूलाई उभ्याएका देखिन्छन् । यसले के देखाउछ भने सरकारी विद्यालयमा भन्दा निजी विद्यालयहरूमा शिक्षकहरू निर्देशिकाअनुसार शिक्षण गर्न त्यति उत्प्रेरित छैनन् । जसको कारण खोजी उनीहरूलाई निर्देशिकाका सम्बन्धमा थप जानकारी तथा प्रशिक्षण प्रदान गर्नुपर्ने देखिन्छ । अध्ययनकै क्रममा शिक्षण पूर्व निर्देशिका अध्ययन गर्न आवश्यक छैन भन्ने अधिकांश शिक्षकहरू मानविकी पृष्ठभूमिका रहेका हुनाले पनि यसो हुन गएको हुन सक्ने देखिन्छ ।

## ५.२.२ भाषिक सीपसम्बन्धी शिक्षकहरूबाट प्राप्त तथ्यको विश्लेषण

तालिका १३ 'ख'

| क.सं. | विषय | सकारात्मक | | नकारात्मक | |
|---|---|---|---|---|---|
| | | सरकारी | निजी | सरकारी | निजी |
| १. | निर्देशिकामा भाषिक सीप र पक्षको उचित सन्तुलन गरिएको छ । | टछ५ | टण५ | घछ५ | द्धण५ |
| २. | निर्देशिकाअनुसार शिक्षण गर्दा प्रभावकारी शिक्षण गर्न सकिन्छ | ढछ५ | ढण५ | छ५ | ( |

नेपाली शिक्षण विषयवस्तुको शिक्षण नभई सीपको शिक्षण हो निर्देशिकामा पनि यही तथ्यलाई जोडदिदै माध्यमिक तहमा नेपाली भाषा शिक्षण साहित्य वा विषयवस्तु शिक्षण नभई भाषिक सीप शिक्षण गर्नु हो भन्ने मान्यता अगाडि सारेको देखिन्छ यसको आधारमा प्रश्नावलीमार्फत निर्देशिकामा भाषिक सीप र पक्षको सन्तुलनका सम्बन्धमा समावेश प्रश्नमाथि ६५% सरकारी विद्यालय र ६०% निजी विद्यालयबाट प्राप्त तथ्यमा भाषिक सीपहरूको उचित सन्तुलन रहेको र ३५% सरकारी र ४०% निजी विद्यालयबाट उचित सन्तुलन

नरहेको भन्ने देखिन आउँछ । यसका सम्बन्धमा शिक्षकहरूले भाषाका सीप पक्षमा कुरा उठाइएको भए तापनि सबै पाठमा एकोहोरो विधि मात्र नमुना पाठमा राखिएको हुँदा र पाठ्यविषयका अन्य पक्षहरू पनि सो सीपसँग अन्योन्याश्रित नरहेको तथा सीप सिकाउने सवालमा विषयका अन्य पक्षहरूलाई सुझबुझ पूर्ण ढंगले सन्तुलित गराउन निर्देशिका मजबुद हुन नसकेको देखिएकाले सीप र पक्षको बारेमा धेरै पाठहरू सन्तुलित भए पनि केही पाठका नमुनाहरू भने सन्तुलन बाहिर एक पक्षीय हुन पुगेको देखिन आउँछ । यसका लागि भाषिक सीप र भाषाका अन्य पक्षको सन्तुलनमा कसरी उचित सन्तुलन ल्याउन सकिन्छ भन्ने सवालमा निर्देशिकाले ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

शिक्षक निर्देशिकाअनुसार शिक्षण गर्दा प्रभावकारी शिक्षण गर्न सकिने नसकिने सवालमा पनि ९५% सरकारी ९०% निजी विद्यालयका शिक्षकहरूले निर्देशिकाअनुसार शिक्षण गर्न सके प्रभावकारी शिक्षण हुने ठहर गरेका छन् यति हुँदा हुँदै पनि विद्यालयमा पाठ्यघण्टी कम र पाठ्यविषय भने अधिक भएको तथा एकैदिन पाँच, छ घण्टी समेत पढाउनुपर्ने शिक्षकहरूले सोअनुसार पठन-पाठन गराउन कठिन भएको गुनासो पाइयो । उनीहरूले सैद्धान्तिक रूपमा निर्देशिकाअनुसार शिक्षण गर्न राम्रो देखिए तापनि व्यवहारिक कठिनाइ रहेकोले सोअनुसार शिक्षण गर्न समय दिन नसकेको भन्ने अभिमत प्रश्नावली मार्फत सुझाएका छन् ।

## ५.२.३ उपयुक्तता र व्यवहारिकतासम्बन्धी शिक्षकहरूबाट उपलब्ध तथ्यको विश्लेषण

तालिका १३ 'ग'

| क.सं. | विषय | सकारात्मक | | नकारात्मक | |
|---|---|---|---|---|---|
| | | सरकारी | निजी | सरकारी | निजी |
| १. | निर्देशिकामा दिइएका कार्यकलाप विधाअनुसार उपयुक्त र व्यवहारिक छन् । | ठण५ | टण५ | घण५ | द्धण५ |
| २. | तालिम अप्राप्त शिक्षकका लागि निर्देशिका महŒवपूर्ण सावित भएको छ । | ढछ५ | डण५ | छ५ | द्दण५ |
| ३. | पाठ्यक्रम र पाठ्यपुस्तकलाई सफल बनाउन निर्देशिकाले महŒवपूर्ण भूमिका खेलेको छ । | ढछ५ | डण५ | छ५ | द्दण५ |
| ४. | निर्देशिकामा गृहकार्यलाई पनि उचित ध्यान दिइएको छ । | डण५ | ढण५ | द्दण५ | ज्ञण५ |
| ५. | व्याकरण शिक्षणसम्बन्धमा निर्देशिकामा केही उल्लेख छैन । | ढण५ | ज्ञण५ | ज्ञण५ | ढण५ |
| ६. | स्थानीय सामग्रीलाई बढी जोड दिइएको छ । | छछ५ | ठण५ | द्धछ५ | घण५ |

निर्देशिका साध्य नभई साधन मात्र हो । त्यसमा पनि निर्देशिकामा समावेश गरिएका पाठयोजनाहरू पनि नमुना मात्र भएकोले हुबहु त्यसैलाई अनुसार गर्नुपर्दछ भन्ने नभई त्यसलाई आधार मानेर शिक्षण गर्दा उपयुक्त र व्यवहारिक हुन्छ भन्ने एउटा मार्ग चित्रका रूपमा मात्र निर्देशिकालाई लिन सकिन्छ । यसका सवालमा कतिपय शिक्षकले हुबहु अनुसरण गर्नु पर्दछ भन्ने धारणा राख्नु तथा कतिपयले समावेश गरिएका क्रियाकलाप पाठ्यपुस्तकमा समावेश गरिएका नौ वटा विधाहरूअनुसार उपयुक्त र व्यवहारिक रहेको ठहर

समेत गरेका छन् । यसको पृष्टि ७०% सरकारी र ८०% निजी विद्यालयको तथ्यबाट हुन आएको छ । ती सबै विधाहरूअनुसार कार्यकलाप उपयुक्त र व्यवहारिक नरहेको भन्ने सम्बन्धमा भने ३०% सरकारी र २०% निजी शिक्षकहरूको मत देखिन्छ । कतिपय शिक्षकहरू क्रियाकलापहरू सैद्धान्तिक रूपमा उपयुक्त रहेतापनि व्यवहारिक रूपमा भने कठित रहेको बताउँछन् । यसले के देखाउँछ भने निर्देशिकामा समाविष्ट क्रियाकलापहरू समय सापेक्ष परिमार्जन गर्नुपर्ने र व्यवहारिक पक्षमा अझ बढी जोड दिनुपर्ने देखिन आउँछ । शिक्षक निर्देशिका विभिन्न विद्वानहरूले लामो समयको छलफल र अध्ययन पश्चात विविध पक्षहरूलाई समेट्ने प्रयत्न गर्दै नेपाली शिक्षणमा सहजता ल्याउन सकियोस भन्ने उद्देश्यले तयार गरिएको हुँदा यसले तालिम प्राप्त शिक्षकलाई थप सहजता ल्याउनुका साथै तालिम अप्राप्त शिक्षकका लागि थप महत्त्वपूर्ण स्रोत सामग्री हुन सक्दछ । पाठयोजनाका विभिन्न अङ्गहरू : विशिष्ट उद्देश्य, शैक्षिक सामग्री, शिक्षण कार्यकलाप, मूल्याङ्कन र गृहकार्य समेत रहनु भाषा शिक्षणमा अपनाउन सकिने विधि, सामग्री समेत नमुनाका रूपमा समावेश गरिनु तालिम अप्राप्त शिक्षकलाई अरू बढी सहजता ल्याउने सामग्री बन्न सक्दछ । त्यससम्बन्धी राखिएको प्रश्नावली मार्फत प्राप्त तथ्यअनुसार ९५% सरकारी र ८०% निजी विद्यालयका शिक्षकहरूले निर्देशिका तालिम अप्राप्त शिक्षकका लागि महत्त्वपूर्ण साबित भएको र ५% सरकारी तथा २०% निजी विद्यालयका शिक्षकले भने तालिम अप्राप्त शिक्षकका लागि महत्त्वपूर्ण साबित हुन नसकेको तथ्य उपलब्ध गराएका छन् । जसको कारण तालिम अप्राप्त शिक्षकहरू निर्देशिकाअनुसार अर्थात पाठयोजनाअनुसार शिक्षण गर्न अलमलमा परेका कारण यसो हुन पुगेको हुन सक्छ । यस सवालमा निजी विद्यालयका शिक्षकहरू नै बढी रहेका कारण उनीहरूलाई विभिन्न तालिम र सेमिनारको अवसर प्रदान नहुनु र उनीहरू परम्परित घोकन्ते विद्यामा नै जोड दिनुको कारण यसो हुन सक्ने देखिन्छ ।

स्वभाविक रूपमा नै निर्धारित तहको उद्देश्य पूरा गर्न पाठ्यक्रमविद्हरूद्वारा पाठ्यक्रम तयार पारिएको हुन्छ भने पाठ्यक्रमको उद्देश्यपूरा गर्न पाठ्यपुस्तकमा विभिन्न विधा र उपविधाहरू समावेश गरिएका हुन्छन् । अझ पाठ्यपुस्तकमा ती विधा र उपविधाहरूलाई प्रभावकारी सहज र उद्देश्यपूर्ण बनाउन शिक्षक निर्देशिका सहयोगी सामग्रीका रूपमा तयार गरिएको हुन्छ । यस सवालमा निर्देशिकाले पाठ्यक्रम र पाठ्यपुस्तकलाई सफल बनाउन महत्त्वपूर्ण भूमिका खेलेको भन्ने पक्षमा ९५% सरकारी र ८०% निजी विद्यालयबाट यस्तो तथ्य प्राप्त हुन आउनुबाट निर्देशिका कति महत्त्वपूर्ण सन्दर्भ सहयोगी सामग्री भएको रहेछ भन्ने पुष्टि हुन्छ । त्यसले पनि निर्देशिकाअनुसार शिक्षण गर्दा प्रयोग प्रभावकारी हुने देखाउछ ।

शिक्षण कार्यकलापको अन्त्यमा गृहकार्यले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नमुना पाठयोजनामा गृहकार्यलाई कस्तो स्थान र समग्रमा पाठको प्रकृति र विधा उपविधाअनुसार समावेश गरिएको छ भन्ने सम्बन्धमा ८०% सरकारी र ९०% निजी विद्यालयका शिक्षकहरूले गृहकार्यलाई पनि निर्देशिकामा उचित ध्यान दिइएको तथ्य उपलब्ध गराएका छन् । जसले गर्दा निर्देशिकामा पाठयोजना तयार गर्दा धेरै हदसम्म मेहनत गरेको देखिन्छ । तर पनि निर्देशिकामा विधा र उपविधाअनुरूप गृहकार्यलाई समावेश गर्नुपर्ने देखिन्छ ।

निर्देशिकामा सरकारी र निजी विद्यालय व्यापक फरक देखिएको सवाल हो निर्देशिकामा समावेश गरिएका व्याकरणसम्बन्धी व्यवस्था आवश्यकताअनुसार नभएको, पाठ्यघन्टी तथा पाठ्यविषय न्यून रहेको तथा वर्तमान अवस्थामा व्याकरणका केही वर्णविन्याससम्बन्धी मतमतान्तरका कारण शिक्षकहरू अन्योलमा परेका, कुन सामग्रीअधिकारीक मानी शिक्षण गर्ने भन्ने सम्बन्धमा जटिल प्रश्न खडा भएको तथा निर्देशिकाअनुसार व्याकरण शिक्षण गर्दा एस.एल.सी. तथा अन्य परीक्षाका लागि प्रयाप्त नरहेको शिक्षकहरूको मत रहेको

छ । निर्देशिकामा ९०% सरकारी र १०% निजी विद्यालयका शिक्षकहरूले निर्देशिकामा व्याकरणसम्बन्धी दिइएका पाठयोजना उचितताको अवस्था देखाएका छन् भने निर्देशिकामा समावेश व्याकरणसम्बन्धी निजी विद्यालयको तिब्र असहमति देखिनुले तथा मौखिक रूपमा लिइएको अन्तरवार्तामा धेरै शिक्षकहरूको व्याकरणकै सवालमा बढी चनाखो भएको अन्योलताको निराकरण गर्न निर्देशिका सफल हुन नसकेको भन्ने ठहरका कारण अन्य पक्षभन्दा निर्देशिकामा व्याकरणसम्बन्धी नमुना कमजोर रहेको पुष्टि हुन आउछ । व्याकरणसम्बन्धी अन्योलता हटाइ वर्तमान अवस्थामा रहेको पाठ्यघण्टीमा समेत उचित सन्तुलन गर्नुपर्ने तथ्यले देखाएको छ । शिक्षणलाई प्रभावकारी बनाउन शैक्षिक सामग्रीको पनि महत्त्वपूर्ण भूमिका रहने हुँदा निर्देशिकामा उल्लेख गरेका शैक्षिक सामग्री विद्यालयको पहुँचअनुसार तयार गरी स्थानीय सामग्रीलाई जोड दिनुपर्ने हुन्छ । निर्देशिकामा उल्लेख गरिएका शब्दपत्ती, वाक्यपत्ती, गोजी तालिका नमुना सूचीहरू सबैजसो पाठमा उल्लेख गरिएको छ । ती सामग्री शिक्षकलाई तयार गर्न असहज नभए तापनि पाठ्यवस्तुअनुसार स्थानीय सामग्रीलाई अधिक प्रयोग गर्ने सवालमा निर्देशिकाले त्यति महत्त्व नदिएको तथ्यले देखाएको छ जसअनुसार ५५% सरकारी र ७०% निजी विद्यालयका शिक्षकहरूले स्थानीय सामग्री : शब्दपत्ति र नमुना सूचीहरूलाई आधार मानी उक्त तथ्य उपलब्ध गराएको पाइन्छ तर निर्देशिकामा सबै विधा तथा उपविधाहरूलाई शिक्षण गर्न एउटै खालका शिक्षण सामग्री उल्लेख गरिएकोले सबै कक्षामा सोअनुसार शिक्षण गर्दा कक्षा निरस हुने हुँदा फरक सामग्री समावेश गर्न सके कक्षा रोचक र प्रभावकारी हुने देखिन्छ । यसको सवालमा पनि निर्देशिकाले उचित ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

## ५.२.४ भाषिक सीप र सिर्जनात्मक अभ्याससम्बन्धी शिक्षकहरूबाट प्राप्त तथ्यको विश्लेषण

तालिका १३ ‘घ’

| क.सं. | विषय | सकारात्मक | | नकारात्मक | |
|---|---|---|---|---|---|
| | | सरकारी | निजी | सरकारी | निजी |
| १. | सीपअनुसार मूल्याङ्कन गर्न खोजिएको छ । | ढण५ | डण५ | ज्ञण५ | ᳚ण५ |
| २. | निर्देशिकामा उल्लिखित क्रियाकलाप पर्याप्त र व्यवहारिक छन् । | द्धण५ | छ्ण५ | टण५ | छ्ण५ |
| ३. | निर्देशिकामा पछिल्लो पाठ र अघिल्लो पाठको सहसम्बन्ध छ । | द्धछ५ | टण५ | छ्छ५ | द्धण५ |
| ४. | निर्देशिकाले सिर्जनात्मक अभ्यासमा प्रयाप्त महŒव दिएको छ । | ठण५ | द्धण५ | घण५ | टण५ |

भाषा शिक्षण न विषयवस्तुको शिक्षण हो न त साहित्य शिक्षण हो । यो त सीपको शिक्षण भएकोले सीप पक्षको मूल्याङ्कन गर्न निर्देशिका धेरै हदसम्म सफल देखिन्छ जसलाई ९०% सरकारी ८०% निजी विद्यालयले सकारात्मक प्रतिक्रिया उपलब्ध गराउनाले यसको पुष्टि हुन्छ । निर्देशिकाले भाषिक सीप ( सुनाइ, बोलाइ, पढाइ, लेखाइ)अनुसार नै मूल्याङ्कन गर्न खोजेको देखिएता पनि आवश्यक अन्य पक्षहरूमा केही कमजोरी रहेको देखिन आएको छ ।

पाठयोजनाको अर्को महत्त्वपूर्ण अङ्ग क्रियाकलाप हो । शिक्षण कसरी गर्ने हो ? किन गर्ने हो ? के उद्देश्य पुरा गर्ने हो ? कुन शैक्षिकसामग्री कुन अवस्थामा कसरी प्रयोगगर्दा प्रभावकारी हुन्छ ? विद्यार्थीको र शिक्षाको भूमिका कस्तो रहने ? कुन विधी अपनाउने ? भन्ने सवालमा क्रियाकलाप चनाखो रहनुपर्ने हुँदा यी क्रियाकलापहरू प्रयाप्त र व्यवहारिक हुनुपर्ने हुन्छ । प्रयाप्त

भएर पनि यदि व्यवहारिक हुन सकेन भने वा व्यवहारिक भएतापनि आवश्यकताअनुसार प्रयाप्त हुन सकेन भने शिक्षणको उद्देश्य पुरा हुन नसक्ने हुँदा यसप्रति निर्देशिका चनाखो हुनु पर्दछ । प्रयाप्त र व्यवहारिकताको सम्बन्धमा ४०% सरकारी र ५०% निजी विद्यालयका शिक्षकहरूले मात्र प्रयाप्त र व्यवहारिक भएको तथ्य उपलब्ध गराउनुले निर्देशिका प्रयाप्त र व्यवहारिकताको दृष्टिले कमजोर रहेको पुष्टि हुन्छ । यसको लागि समय समयमा तालिम र सेमिनार गरी कस्ता क्रियाकलाप नमुना पाठयोजनामा समावेश गर्दा प्रयाप्त र व्यवहारिक हुन सक्दछन् त्यसको निर्क्यौल समयमा नै गर्नुपर्ने देखिन आउँछ । शिक्षकले कक्षा शिक्षण गर्दा अघिल्लो पाठसँगसम्बन्धित गराउँदै नयाँपाठ प्रारम्भ गर्नुपर्ने हुन्छ, अर्थात कक्षामा प्रवेश गर्नासाथ नयाँ पाठ थालनी गर्नु भन्दा अघिल्लो दिनको र पूर्वपाठको स्मरण गराउँदै नयाँ पाठ थाल्दा विद्यार्थीमा उत्प्रेरणा जागरण हुन्छ । यसको सवालमा निर्देशिकामा अघिल्लो पाठ र पछिल्लो पाठको सहसम्बन्धका सवालमा ४५% सरकारी र ६०% निजी विद्यालयबाट प्राप्त तथ्याङ्कले अघिल्लो पाठ र पछिल्लो पाठसँग निर्देशिकाले आपसीसम्बन्ध गराएको देखाएका छन् भने ६०% सरकारी र ४०% निजी विद्यालयमा भने अघिल्लो र पछिल्लो पाठबीच सहसम्बन्ध नरहेको भन्ने तथ्य देखिनुबाट निर्देशिकाले पूर्वपाठको आधारमा नयाँपाठ प्रारम्भ गर्ने सवालमा आफूलाई कमजोर देखाएको छ ।

भाषा शिक्षण भनेको किताबका विषयवस्तु शिक्षण गर्नु होइन त्यसका अलवा विषयवस्तुअनुसार अन्य सिर्जनात्मक अभ्यास र कार्यकलापहरू पनि कक्षा भित्र र बाहिर गराउनु उत्तिकै आवश्यकता रहन्छ । यस सवालमा निजी विद्यालयमा सिर्जनात्मक पक्षमा केही कार्यकलाप अतिरिक्त समयमा समेत गर्ने गरेको अध्ययनबाट प्राप्त भए तापनि सरकारी विद्यालय भने यस सवालमा कमजोर रहेको पाइन्छ । निर्देशिकाले सिर्जनात्मक पक्षमा कस्तो महत्त्व दिएको छ त भन्ने प्रश्नमा ७०% सरकारी ४०% निजी विद्यालयले प्रयाप्त महŒव

दिएको छ भन्ने तथ्य उपलब्ध गराउनुले निजी र सरकारी विद्यालयमा कस्ले कति सिर्जनात्मक अभ्यास चाहेका छन् अर्थात गराउने गर्दछन् भन्ने पुष्टि गर्न तथ्यले सहयोग गराएको छ । ४०% निजी विद्यालयले महत्त्व दिएको छ भन्नु र ७०% सरकारी विद्यालयले यसमा सहमत गर्नु ले यहि तथ्यको उद्घोष हुन्छ ।

## ५.३ वाह्य पक्षका आधारमा शिक्षकद्वारा प्राप्त तथ्यको विश्लेषण

तालिका १३ 'ङ'

| क.सं. | विषय | सकारात्मक | | नकारात्मक | |
|---|---|---|---|---|---|
| | | सरकारी | निजी | सरकारी | निजी |
| १. | निर्देशिकामा कागत र छपाइको गुणस्तरमा उचित ध्यान दिइएको छ । | डण५ | ढण५ | ॾण५ | ज्ञण५ |
| २. | निर्देशिकाको बाह्य आकार प्रकार उपयुक्त देखिन्छ । | ठण५ | ठण५ | घण५ | घण५ |

बाह्यपक्ष भन्नासाथ निर्देशिकाका आन्तरिक पक्ष इतरको बाह्य आकार प्रकार, छपाइ, बँधाइ, मूल्य, कागतको स्तर, समेत पर्दछ । निर्देशिका प्रयोग र प्रभावकारिता सम्बन्धमा बाह्य पक्षले त्यति महत्त्व राख्ने नभए तापनि बाह्य पक्ष कमजोर भएको खण्डमा केही न केही मात्रामा असर पारेको भने अवश्य हुन्छ । समग्रमा निर्देशिकाको छपाइ तथा टङ्कनमा केही अक्षरहरू छुटेको भए तापनि वर्णविन्यास तथा शुद्धाशुद्धीमा खोट लगाउनुपर्ने ठाउँ भने देखिदैन, मूल्य समग्रमा उचित देखिन्छ कागतको स्तरलाई हेर्दा मध्यम खालको पाउन सकिन्छ । यसका अलवा वाहिरी आबरण माध्यमिक तहको निर्देशिकामा उचित नै भन्न पर्दछ । यस सम्बन्धमा प्रश्नावली मार्फत भरीएका तथ्यहरू तथा अन्य अध्ययनका आधारमा वाह्यपक्षलाई खोट लगाउनु पर्ने देखिदैन ।

पाठ्यपुस्तक तथा अन्य सन्दर्भ सामग्रीहरूको आन्तरिक पक्ष जति महत्त्वपूर्ण हुन्छ त्यती नै महत्त्वपूर्ण बाह्यपक्ष नरहे तापनि त्यसले पनि

सामग्रीको प्रभावकारितामा केही हदसम्म असर पारेको हुन्छ । यसको सम्बन्धमा ८०% सरकारी विद्यालय तथा ९०% निजी विद्यालयहरूले कागत र छपाइको गुणस्तरमा उचित ध्यान दिएको कुरामा सहमति जनाएका छन् । त्यसै गरी बाह्यपक्षकै बाह्य आकार प्रकारको उपयुक्ततामा पनि ७०% निजी विद्यालयको सकारात्मक अभिव्यक्ति रहनुले निर्देशिकाको बाह्य पक्षमा त्यती खोट लगाउनु पर्ने देखिदैन मूल्यको उचित सन्तुलन रहेकोले पनि यसको बाह्य पक्ष भने सवल रहेको पुष्टि गर्दछ । तर पनि यसलाई अझ आकर्षक बनाउन कागतको गुणस्तरमा वृद्धि गर्न सके ज्यादै राम्रो हुने निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.४ व्यवहारिकता र प्राप्यताका दृष्टिकोणमा शिक्षकहरूद्वारा प्राप्त तथ्यको विश्लेषण

तालिका १४ ‘क’

| क.सं. | विषय | सरकारी | निजी |
|---|---|---|---|
| १. | तपाईको विद्यालयमा निर्देशिकाको सुलभताको स्थिति के छ ? | | |
| | ▪ प्राप्त छ<br>▪ प्राप्त छैन<br>▪ केही थाहा छैन | डण५<br>द्दण५<br>( | ठण५<br>घण५<br>( |
| २. | निर्देशिकाअनुसार शिक्षण गर्दा तपाईले कस्तो अनुभव गर्नुभयो ? | | |
| | ▪ सहज<br>▪ असहज<br>▪ केही अनुभव गरिन | ढण५<br>ज्ञण५<br>( | डण५<br>द्दण५<br>( |
| ३. | निर्देशिका प्रयोगसम्बन्धी | | |

| | | | |
|---|---|---|---|
| | तपाईको के धारणा छ ? | | |
| | ▪ प्रयोग गर्न आवश्यक छ<br>▪ आवश्यक छैन<br>▪ खासै फरक पर्दैन | ढण५<br>(<br>ज्ञण५ | ढण५<br>ज्ञण५<br>( |
| ४. | निर्देशिकाअनुसार शिक्षण गर्दा कठिनाइ छ कि छैन ? | | |
| | ▪ कठिनाइ छ<br>▪ कठिनाइ छैन<br>▪ असम्भव छ | द्बछ५<br>छण५<br>छ५ | ढण५<br>ज्ञण५<br>( |
| ५. | निर्देशिका प्रयोगमा के कारणले कठिनाइ छ ? | | |
| | ▪ समयको अभाव<br>▪ प्रयोगको समस्या<br>▪ कक्षा प्रभावकारी नहुनु | ठछ५<br>ज्ञछ५<br>ज्ञण५ | ठण५<br>घण५<br>( |

समूह ख अन्तरर्गत प्रस्तुत शोध प्रयोजनको उद्देश्य पूरा गर्न बहुवैकल्पिक प्रश्नहरू समावेश गरिएको छ । ती वैकल्पिक प्रश्नहरूमा सरकारी तथा निजी विद्यालयहरूबाट प्राप्त तथ्यहरूलाई समूह क कैअनुसार व्याख्या विश्लेषण सहित अगाडि बढाइएको छ । प्रस्तुत गरिएका प्रश्नावलीहरू मार्फत शिक्षकहरूले उपलध गराएको तथ्यको आधारमा विद्यालयमा शिक्षक निर्देशिकाको सुलभताको स्थिति हेर्दा सरकारी विद्यालयमा ८०% मा उपलब्ध भएको तथा २०% विद्यालयमा निर्देशिका उलब्ध नभएको देखिन्छ भने निजी विद्यालयमा भने ७०% मा उपलब्ध भएको र ३०% विद्यालयमा निर्देशिका उपलब्ध नरहेको पाइयो । निर्देशिका उपलन्ध हुन नसक्नुको कारण अध्ययन गर्दा पुस्तक पसल तथा जिल्ला शिक्षा कार्यालयमा समेत सुलभ हुन नसकेको देखिन आउँछ । जसलाई निर्देशिका वितरण गर्ने संस्था तथा जिल्ला शिक्षाकार्यालयको समेत उदासित

तथा निर्देशिका प्रतिको बेवास्ता हो भन्न सकिन्छ । यति हुँदाहुँदै पनि धेरै जसो शिक्षकहरूले एक दुई पटक निर्देशिका अध्ययन भने गरेको अध्ययनबाट प्राप्त हुन आएको छ । निर्देशिकालाई प्रभावकारी बनाउन नेपाल सरकार तथा सम्बन्धित निकायले समयमा चासो दिई निर्देशिका सुलभ गराउने दिशामा लाग्नुपर्ने देखिन्छ ।

निर्देशिकाअनुसार शिक्षण गर्दा कक्षा शिक्षणमा कस्तो अनुभव भयो भन्ने सवालमा ९०% सरकारी तथा ८०% निजी विद्यालयका शिक्षकहरूले त्यसअनुसार शिक्षण गर्दा सहज अनुभव गरेको पाइयो । यसैसम्बन्धी उनीहरूको निर्देशिकासम्बन्धी धारणा बुझ्न खोज्दा ९०% सरकारी विद्यालयले निर्देशिका प्रयोग गर्न आवश्यक रहेको र १०% भने खासै फरक नपर्ने तथ्य उपलब्ध गराएका छन् भने निजी विद्यालयका शिक्षकहरूले ९०% ले प्रयोग गर्न आवश्यक रहेको र १०% प्रयोग गर्न आवश्यक नरहेको भन्ने तथ्य उपलब्ध गराएबाट पनि निर्देशिका प्रतिको शिक्षकहरूको अवधारणा स्पष्ट हुन्छ ।

निर्देशिकाअनुसार शिक्षण गर्दा कठिनाइ भए वा नभएको सम्बन्धमा सरकारी विद्यालयमा ४५% कठिन भएको ५०% कठिन नभएको र ५% ले भने असम्भव रहेको भन्ने तथ्य दिएका छन् त्यसै गरी निजी विद्यालयतर्फ हेर्दा ९०% कठिन भएको र १०% कठिन नभएको भन्ने अभिमत जारण गरेका छन् यस सवालमा किन कठिन छ भन्ने सम्बन्धमा समेत उनीहरूले यसको कठिनाइको कारण यसरी दिएका छन्, सरकारी विद्यालयहरूको तथ्यलाई हेर्दा ७५$^{3}$ समय अभावका कारण, १५$^{3}$ प्रयोगको समस्या र १०$^{3}$ ले भने कक्षा प्रभावकारी नहुने हुँदा निर्देशिका प्रयोगमा समस्या भएको बताए भने निजी विद्यालय तर्फको तथ्यलाई हेर्दा ७०$^{3}$ समयको अभाव, ३०$^{3}$ ले प्रयोगको समस्या रहेको तथ्य उपलब्ध गराउनुबाट के स्पष्ट हुन्छ भने निर्देशिकामा विभाजन गरेका नमुनाअनुसार शिक्षण गर्दा असहज महशुस हुनुको मुख्य कारणमा समयको

अभाव र प्रयोगको समस्या देखिन आउँछ । एउटा शिक्षकले कक्षामा पाँचदेखि सात घन्टीसम्म पनि अध्यापन गराउने र गृहकार्य समेत हेर्नु पर्ने र निर्देशिका अध्ययन गर्ने समय नहुने हुँदा यसको प्रयोगमा समस्या देखाएका छ भने कतिपय शिक्षकहरूले भने निर्देशिकाअनुसार शिक्षण गर्न झन्झट लाग्दो हुने र प्रयोग कसरी गर्ने भन्ने सम्बन्धमा अन्योलता रहेको कारण समस्या रहेको देखिन्छ । त्यसमा पनि यस सवालमा निजी विद्यालयका शिक्षकहरूको लागि तालिम तथा सेमिनार नदिने गरेको गुनासो पाइन्छ ।

## ५.५ विधाहरूको सन्तुलन तथा शैक्षिक सामग्रीको अवस्थासम्बन्धी शिक्षकहरूबाट प्राप्त तथ्यको विश्लेषण

तालिका १४ 'ख'

| क्र.सं. | विषय | सरकारी | निजी |
|---|---|---|---|
| १. | सबै विधाहरूको समुचित ढङ्गले नमुना पाठयोजना तयार पारिएको छ ? | | |
| | ▪ एकदमै गरिएको छ<br>▪ कम गरिएको छ<br>▪ गरिएको छैन | द्दछ५<br>ठछ५<br>( | घण५<br>ठण५<br>( |
| २. | क्रियाकलापहरू विधाका दृष्टिले उपयुक्त र उपयोगी छन् ? | | |
| | ▪ उपयोगी छन्<br>▪ उपयोगी छैनन<br>▪ केही मात्र छन् | टण५<br>(<br>द्धण५ | टण५<br>(<br>द्धण५ |
| ३. | निर्देशिकामा उल्लिखित शिक्षण सामग्री तपाईको पहुँचअनुसार छन्? | | |
| | ▪ कुनै पनि छैनन् | ज्ञण५ | ( |

| | | | |
|---|---|---|---|
| | ▪ केही मात्र छन्<br>▪ सबै छन् | डण्५<br>ज्ञण्५ | डण्५<br>द्दण्५ |
| ४. | कक्षामा ती सामग्री कत्तिको उपयोग गर्नुहुन्छ ? | | |
| | ▪ सधैं गर्छु<br>▪ कहिलेकाही गर्छु<br>▪ उपयोग गर्दिन | (<br>ज्ञण्ण्५<br>( | द्दण्५<br>डण्५<br>( |
| ५. | निर्देशिकामा पाठ्यपुस्तकअनुसार क्रियालकपाहरू विविधता युक्त छन्? | | |
| | ▪ आवश्यकताअनुसार छैन<br>▪ विविध छन्<br>▪ विविध छैन | द्धण्५<br>छण्५<br>ज्ञण्५ | टण्५<br>घण्५<br>ज्ञण्५ |
| ६. | प्रश्नहरू पाठअनुसार विविध खालका छन् ? | | |
| | ▪ विविध छन्<br>▪ खासै ध्यान दिइएको छैन<br>▪ सबै एकै खालका छैन | डण्५<br>ज्ञछ५<br>छ५ | टण्५<br>घण्५<br>ज्ञण्५ |

निर्देशिकामा रहनु पर्ने अर्को महत्त्वपूर्ण तत्त्व भनेको विधाहरूको सन्तुलन हो । विधाहरूको नमुना पाठयोजना कस्ता रहेका छन् भन्ने सम्बन्धमा सरकारी विद्यालयका शिक्षकहरूमध्ये २५$^3$ ले एकदमै सन्तुलित रहेको ७५$^3$ विधाको सन्तुलन कम रहेको देखाएका छन् भने निजी विद्यालयतर्फ हेर्दा ३०$^3$ ले एकदमै गरिएको र ७०$^3$ विधाहरूअनुसार नमुना पाठयोजना सन्तुलित हुन नसकेको देखाएका छन् । जसका कारण सबै विधाहरूमा नमुना पाठयोजना सन्तुलित र उपयोगी बनाउन महत्त्व दिनु पर्ने देखिन्छ । पाठयोजना भित्र उद्देश्य पूरा गर्न

समावेश गरिने क्रियाकलाप त्यसको चुरो हो । त्यस सम्बन्धमा विधाका दृष्टिले हेर्दा क्रियाकलापको उपयुक्तता सम्बन्धमा सरकारी विद्यालय तर्फ ६०$^{3}$ सबै उपयोगी रहेको र ४०$^{3}$ ले केही मात्र उपयुक्त र उपयोगी र रहेको बताएका छन् भने निजी विद्यालय तर्फ हेर्दा पनि उस्तै परिणाम देखिन्छ उनीहरूको तथ्यबाट ६०$^{3}$ सबै उपयुक्त र उपयोगी भएको र ४०$^{3}$ ले केही मात्र त्यस्तो रहेको केही विधाहरूमा कमी कमजोरी रहेको देखाएका छन् । यस सवालमा कार्यशाला गरी कुन कुन विधाहरूमा कमजोरी रहेका छन् ती हटाउने तर्फ सम्बन्धित निकायले पहल गर्नु पर्ने देखिन्छ ।

शिक्षणलाई प्रभावकारी र उत्प्रेरणाजनक बनाउन शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ र त्यस्ता शैक्षिक सामग्री विद्यालयको भौतिक सुविधा तथा पाठ सुहाउँदो हुनु पर्दछ । निर्देशिकाले शैक्षिक सामग्रीका सम्बन्धमा पनि उल्लेख गरेको छ ती शैक्षिक सामग्री शिक्षक पहुँचअनुसार रहे वा नरहेको सम्बन्धमा सरकारी विद्यालयतर्फ हेर्दा १०$^{3}$ ले कुनै पनि नरहेको, ८०$^{3}$ ले केही मात्र रहेको र १०$^{3}$ सबै सामग्री आड्ढनो पहुँचअनुसार रहेको देखाएका छन् । ती सामग्री कत्तिको उपयोग गर्ने गरिन्छ भन्ने सम्बन्धमा सरकारी विद्यालयतर्फ नै हेर्दा १००$^{3}$ शिक्षकहरूले आवश्यकताअनुसार कहिलेकाहीँ मात्र गर्ने गरेको देखाएका छन् भने निजी विद्यालयतर्फको तथ्यलाई अध्ययन गर्दा ८०$^{3}$ ले केही मात्र पहुँचअनुसार भएको र २०$^{3}$ ले सबै शैक्षिक सामग्री जुन निर्देशिकामा उल्लेख गरिएको छ  आड्ढनो पहुँचअनुसार भएको तर ती सामग्रीको प्रयोग भने २०$^{3}$ शिक्षकले सधैं गर्ने, ८०$^{3}$ ले कहिले काहीँ गर्ने र १०$^{3}$ कहिल्यै पनि नगर्ने गरेको तथ्यले देखाएको छ ।

भाषा शिक्षण सीपको शिक्षण हो सीप अभ्यासमा आधारित हुन्छ । सीपको अभ्यास : सुनाइ, बोलाइ, पढाइ लेखाइका साथ साथ मौखिक र लिखित प्रश्नहरू

समेत अभ्यासमा समावेश गर्न सकिन्छ । पाठ्यपुस्तकमा समावेश गरिएका विधा तथा उपविधाअनुसार प्रश्नहरूको विविधता पनि झल्कनु आवश्यक रहन्छ त्यस सवालमा राखिएको प्रश्नमा सरकारी विद्यालयहरूका शिक्षकहरूको तथ्य यस्तो देखिन्छ ८०$^{3}$ ले विविध भएको, १५$^{3}$ ले निर्देशिकामा पाठ्यवस्तुअनुसार प्रश्नहरूको विविधतामा खासै ध्यान नदिएको र ५$^{3}$ ले सबै प्रश्नहरू एकै खालको भएको उल्लेख गरेका छन त्यसका अलावा निजी विद्यालयमा भने ६०$^{3}$ ले मात्र विविधतायुक्त भएको, ३०$^{3}$ ले यस सवालमा खासै ध्यान नदिएको र १०$^{3}$ सबै एकैखाले भएको भन्ने तथ्यबाट देखिन आएको छ । यसले के देखाउँछ भने सरकारी विद्यालयमा भन्दा अझ बढी प्रश्नहरूको विविधता निजी विद्यालयले अपेक्षा गरेको हुँदा निजी विद्यालय तथा सरकारी विद्यालयका शिक्षकहरूको रायसमेत ध्यान दिँदै विधाअनुसार प्रश्नहरूमा विविधा ल्याउन प्रयास गर्नु पर्ने देखिन आउँछ ।

## ५.६ अन्य विविध पक्षका आधारमा शिक्षकहरूबाट प्राप्त तथ्यको विश्लेषण

तालिका १४ 'ग'

| क्र.सं. | विषय | सरकारी | निजी |
|---|---|---|---|
| १. | निर्देशिकामा कुन पक्षलाई बढी जोड दिइएको छ ? | | |
| | ▪ विषयवस्तु<br>▪ भाषिक सीप<br>▪ साहित्य शिक्षण | द्छ५<br>ठण५<br>छ५ | घण५<br>ठण५<br>( |
| २. | नेपाली विमातृभाषी विद्यार्थीको लागि निर्देशिकाले कति महत्त्व दिएको छ ? | | |
| | ▪ केही मात्रामा | ठण५<br>ज्ञण५ | घण५<br>ज्ञण५ |

| | | | |
|---|---|---|---|
| | ▪ ज्यादै महत्त्व दिएको छ<br>▪ कत्ति पनि दिएको छैन | द्दण्५ | टण्५ |
| ३. | निर्देशिकामा प्रस्तुत गरिएका अभ्यासात्मक प्रश्नहरू कस्ता खालका छन् | | |
| | ▪ विविध<br>▪ एकै खालका<br>▪ विषयवस्तुमा मात्र केन्द्रित | द्धण्५<br>छ५<br>छछ५ | द्दण्५<br>द्धण्५<br>द्धण्५ |
| ४. | निर्देशिकाको प्रभावकारी प्रयोगका लागि कार्यशालाको व्यवस्था गरिदै आएको छ ? | | |
| | ▪ थाहा पाएको छैन<br>▪ कहिलेकाही गरिन्छ<br>▪ गरिदैन | घण्५<br>द्धछ५<br>द्दछ५ | घण्५<br>ज्ञण्५<br>टण्५ |

नेपाली भाषा शिक्षण सीपको भाषा शिक्षण भएकोले यसैअनुसार पाठ्यवस्तुहरू समावेश गरिएको हुन्छ त्यसलाई निर्देशिकाले पच्छ्याउन सकेन भने पाठ्यक्रमको उद्देश्य पूरा गर्न निर्देशिका असफल हुने हुँदा निर्देशिका यस सवालमा चनाखो हुनु पर्ने हुन्छ । शिक्षा शास्त्रका शिक्षकहरू विषयवस्तुभन्दा भाषिक सीप शिक्षणमा आफ्नो अध्यापनलाई जोड दिने गरेको पाइए तापनि मानविकीका शिक्षकहरू आधिकाँसले विषयवस्तु शिक्षणमा जोड दिने गरेको पाइयो । त्यसका अलवा संस्कृत विद्यालय तथा निजी बोडिङ्गहरूमा पनि विषयवस्तु शिक्षामा अधिक जोड दिने गरेको तथ्यलाई भूल्न सकिन्दैन यसै सवालमा निर्देशिकासम्बन्धी राखिएको प्रश्नानुसार २५3 सरकारी र ३03 निजी विद्यालयको शिक्षकहरूले निर्देशिकाले विषय वस्तुमा जोड दिएको, ७03 सरकारी तथा ७03 निजी विद्यालयका शिक्षकहरूले भाषिक सीपमा जोड दिएको उल्लेख

गरेका छन् भने ५[3] सरकारी विद्यालयका शिक्षकहरूले भने साहित्य शिक्षणमा निर्देशिकाले  जोड दिएको तथ्य उपलब्ध गराएबाट पनि निर्देशिकाले भाषिक सीप पक्षमा नै जोड दिएको पुष्टि हुन्छ । तर पनि कतिपय शिक्षकहरूबाट विषय शिषण र साहितय शिक्षणमा निर्देशिकालाई उभ्याउनुले वास्तविक धरातल ढलमलाएको देखिन्छ ।

विद्यालयमा नेपाली मातृभाषाका विद्यार्थीका अलवा नेपाली विमातृभाषाका विद्यार्थी समेत अध्ययन गर्न आएका हुन्छन् त्यसैले उनीहरूलाई समेत शिक्षकले मध्यनजर राख्दै शिक्षण गर्नुपर्ने हुँदा यस सवालमा पनि निर्देशिकाले ध्यान पुऱ्याएको हुनुपर्दछ । माध्यमिक तहमा भन्दा तल्ला तहमा अझ विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ उनीहरूको सवालमा निर्देशिकाले कत्तिको महत्त्व दिएको छ भन्ने सवालमा एकवर्ष देखि सैतिस वर्ष अनुभव गरिसक्नु भएका सरकारी तथा निजी विद्यालयका शिक्षकहरूको अनुभवले यस्तो तथ्य उपलब्ध गराएको छ सरकारी तर्फ हेर्दा ७०% केही मात्र ध्यान दिएको, १०% ले ज्यादै महत्त्व दिएको र २०% ले भने कत्तिपनि महत्त्व नदिएको देखाएका छन् भने निजीतर्फ पनि ८०% केही मात्र ध्यान दिएको, १०% ज्यादै महत्त्व दिएको र १०% भने कत्ति पनि ध्यान नदिएको देखाउनुले विमातृभाषी विद्यार्थीको सवालमा निर्देशिकाा सचेत रूपमा तयार हुन नसकेको देखिन्छ यसले पनि अव निर्देशिका परिमार्जन गर्दा यी यावत तथ्यहरूमाथि पनि उचित र सन्तुलित रूपमा ध्यान पुऱ्याउनुपर्ने देखिन आउँछ ।

कुनै पनि सहायक सामग्री तथा सन्दर्भसामग्री वा पूरकसामग्री निर्माण गर्नुको अभिप्राय मूल सामग्रीलाई प्रभावकारी प्रयोगमा ल्याउनको लागि हो । यदि सामग्री तयार पश्चात् ती सामग्री प्रयोगमा ल्याउन नसकेको खण्डमा समय र साधनको मात्र दुरूपयोग हुन पुग्दछ । त्यस्तै निर्देशिका पनि शिक्षणमा प्रभावकारिता र विविधता ल्याउने उद्देश्यले तयार पारिए तापनि त्यसको प्रयोगको अवस्था कस्तो छ ? प्रयोगमा के समस्या रहेका छन् ? कहाँ सुधार गर्नु आवश्यक छ भन्ने सवालमा समय समयमा विषय विज्ञ, शिक्षक, अभिभावक र

विद्यार्थीहरूबाट समेत तथ्यहरू सङ्कलन गरी सुधार गर्न सकेको खण्डमा मात्र यसको उद्देश्य पूरा हुन सक्दछ अन्यथा सैद्धान्तिक रूपमा तयार पारिएको दस्तावेज भन्दा अरू केही हुन सक्दैन । वर्तमान अवस्थामा शैक्षिक जनशक्ति विकास केन्द्रले सक्षमतामा आधारित माध्यमिक शिक्षक तालिम सञ्चालन गरेको देखिए तापनि एक महिनाको कार्यक्रममा निर्देशिकासम्बन्धी जम्मा ३ घण्टा दिनु अप्रयाप्त नै मान्नु पर्दछ । यसको लागि निर्देशिका प्रयोग गर्ने सवालमा छुट्टै तालिम प्रदान गर्नु अत्यन्त जरुरत देखिन आउँछ । एकातिर पाठ्यपुस्तकमा सामान्य परिमार्जन हुँदा समेत निर्देशिकामा परिमार्जन गर्न नसक्नु विडंवनाको कुरा हो । यस सवालमा हेर्दा २०६१ पछि कक्षा नौ को **देह र आत्मा** कविता कक्षा दशमा लगि दशको **इच्छा** कविता नौ मा सारिएको छ भने कक्षा नौ को **के नेपाल सानो छ** ? निवन्धको सट्टामा **भलादमी** निबन्ध राखिएको छ त्यस्तै **आजलाई माया गर** भन्ने कविता पाठ्यपुस्तकबाट निकालिएको छ तर सोअनुसार निर्देशिका संसोधन भने भएको देखिदैन । यसका लागि विभिन्न कार्यशाला गरी अन्य पक्ष समेत पछिल्लो घटनाक्रमसँगैको पाठ्यपुस्तकको हेरफेरअनुसार निर्देशिका तयार गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ । यी यावत कुरालाई मध्यनजर राख्दै प्रस्तुत प्रश्नावलीमा समावेश गरिएको निर्देशिकाको प्रभावकारी प्रयोगका लागि कार्यशालाको व्यवस्थाको अवस्थासम्बन्धी राखिएको प्रश्नमा ३०% सरकारी तथा ३०% नै निजी विद्यालयका शिक्षकहरूले कार्यशालाको व्यवस्था हुने गरे नगरेको थाहा पाएका छैन भने ४५% सरकारी र १०% निजी विद्यालयका शिक्षकहरूले कहिलेकाहीँ गरिने गरेको र २५% सरकारी तथा ६०% निजी विद्यालयका शिक्षकहरूले त कार्यशालाको व्यवस्था गरिने नगरेको भन्ने यर्थाथ माथिको तथ्यबाट देखाएको छ । यो सम्बन्धित निकायको उदासिनताको उदाहरण हो । यस सवालमा निर्देशिकालाई प्रभावकारी बनाउका लागि आवश्यकता र स्रोत साधनले भ्याएसम्म समय समयमा सेमिनार तथा गोष्ठीहरू सञ्चालन गरी निर्देशिकाका सैद्धान्तिक तथा व्यवहारिक कठिनाइ र त्रुटिहरूलाई समयमा नै निराकरण गर्नु

पर्ने देखिन्छ । यसो भएमा मात्र निर्देशिकाको प्रयोग र प्रभावकारिता बढेर जाने निश्चित छ ।

## परिच्छेद-छ

# कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषण

प्रस्तुत शोधपत्रमा माथि उल्लेखित विश्लेषणका सामग्रीहरू शिक्षकहरूबाट प्रश्नावली मार्फत उपलब्ध गराएका तथ्यका आधारमा गरिएको हो । यसका अलावा तथ्यहरू सङ्कलनको अर्को महत्त्वपूर्ण आधार कक्षा अवलोकन मानिएको छ । सैद्धान्तिक रूपमा उपलब्ध तथ्यहरू कक्षा भित्र कत्तिको लागु भएको छ भन्ने सम्बन्धमा यो कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कले अझ स्पष्ट पार्ने देखिन्छ । यसका लागि कक्षा अवलोकनमा प्रयोग गरेका सामग्रीहरूलाई विषयको प्रकृतिअनुसार भिन्न राखी निर्देशिका प्रयोग र प्रभावकारितालाई आधार मानि निम्न लिखित तालिकाहरूमा छुट्टाएर विश्लेषण गरिएको छ ।

**तालिका १५ (क) शैक्षिक सामग्रीको प्रयोगको स्थिति**

| क्र.सं. | विषय | नतिजा | | | | |
|---|---|---|---|---|---|---|
| | | निम्न | मध्यम | उत्तम | अत्युत्तम | कैफियत |
| १. | **शैक्षिक सामग्री** | | | | | |
| | क. स्पष्ट देखिने र बुझिने | ( | टण५ | द्धण५ | ( | |
| | ख. कालो पाटीको प्रयोग | ( | ज्ञण५ | छण५ | द्धण५ | |
| | ग. शब्दपत्ती, वाक्य पत्तीको प्रयोग | ज्ञणण५ | ( | ( | ( | |
| | घ. पाठसँग सम्बन्धित तालिका र नमुनाको प्रयोग | ( | ठण५ | घण५ | ( | |
| | ङ. पाठका विषयवस्तुसम्बन्धी सूची र वुँदाको प्रयोग | ( | ठण५ | घण५ | ( | |
| | च. स्थानीय सामग्रीको प्रयोग | ज्ञण५ | डण५ | ज्ञण५ | ( | |

उपर्युक्त तालिकाअनुसार शैक्षिक सामग्रीको प्रयोगअवस्थालाई हेर्दा स्पष्ट देखिने र बुझिने सामग्री प्रयोग गर्ने निजी तथा सरकारी विद्यालयहरूमा ६०% मध्यम र ४०% उत्तम खालको पाइयो । कालो पाटीको प्रयोग गर्ने शिक्षकहरूमा

१०%, मध्यम, ५०%, उत्तम र ४०% भने अत्युत्तम रूपमा प्रयोग गरेको तथ्यले देखाएको छ । कक्षाकोठाभित्र निर्देशिकामा उल्लेख भएको शब्दपत्ती वाक्यपत्तीको प्रयोग निजी तथा सरकारी कुनै पनि विद्यालयका शिक्षकहरूले उपयोग गर्ने गरेको पाइएन । यसैगरी पाठसँग सम्बन्धित तालिका र नमुनाको प्रयोग तथा विषयवस्तुसम्बन्धी सूची र बुँदाको प्रयोग गर्दा पनि छुट्टै सामग्री प्रयोग नगरी कालो पाटी मार्फत ७०%ले मध्यम र ३०% उत्तम तरिकाले तालिकाहरू प्रस्तुत गरेको देखिन्छ । नेपाली शिक्षकहरूले स्थानीय सामग्रीलाई जति मात्रामा प्रयोगमा ल्याउनुपर्ने हो त्यति गर्न नचाहेको तथ्यले स्पष्ट पार्दछ जसलाई पुष्टि १०% ले निम्न ८०% मध्यम र १०% ले मात्र उत्तम रूपमा गर्नुले गर्दछ ।

**तालिका १५ (ख) पाठको प्रारम्भ**

| २. | पाठको प्रारम्भ | निम्न | मध्यम | उत्तम | अत्युत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| | क. पूर्व पाठमा आधारित | ( | घण्५ | ठण्५ | ( | |
| | ख. कक्षा व्यवस्थापन | ( | ( | डण्५ | द्दण्५ | |
| | ग. विद्यार्थी सहभागिता | ( | ( | ढण्५ | ज्ञण्५ | |
| | घ. पाठप्रति रुचि जागरण | ( | द्धण्५ | टण्५ | ( | |

पाठको प्रारम्भ गर्नासाथ शिक्षकले कस्तो शिक्षण गर्ने गर्दछ, अनुमान गर्न सकिन्छ । कतिपय शिक्षकहरूले पाठको प्रारम्भ अघिल्लो पाठको पुनरावृत्ति र गृहकार्य समेत कपी परीक्षण सँगै प्रारम्भ गरेको पाइयो । कतिपय शिक्षकहरूले कक्षामा पुग्नासाथ पाठको प्रारम्भ गर्ने गरेको पाइयो । कतिपयले विद्यार्थीमा पढाइप्रति उत्प्रेरणा जगाइ सकेपछि मात्र नयाँ पाठ प्रारम्भ गर्ने प्रयास गरेको देखियो । यसका सम्बन्धमा हेर्दा पूर्व पाठमा आधारित भएर कक्षा प्रारम्भ गर्ने ३०% मध्यम र ७०% उत्तम, कक्षा व्यवस्थापन ८०% उत्तम र २०% अत्युत्तम, देखिन्छ । विद्यार्थी सहभागिता भने ९०% उत्तम र १०% मात्र अत्युत्तम देखिन आउँछ । पाठप्रतिको रुचि जागरणलाई हेर्दा ४०% को मध्यम र ६०% उत्तम रहेको कक्षा अवलोकनबाट उपलब्ध तथ्यले देखाएको छ ।

## तालिका १५ (ग) शिक्षक र विद्यार्थी क्रियाकलाप

| ३. | शिक्षक/विद्यार्थी क्रियाकलाप | निम्न | मध्यम | उत्तम | अत्युत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| | क. निर्देशिकाको उद्देश्य प्राप्तिका सहायक | ( | द्धण्५ | टण्५ | ( | |
| | ख. शब्दार्थसम्बन्धी कठिनाइको निवारण | ( | घण्५ | टण्५ | ज्ञण्५ | |
| | ग. विषयवस्तुअनुसार हाउभाउ | ( | द्धण्५ | टण्५ | ( | |
| | घ. बोध प्रश्नोत्तर | ( | घण्५ | टण्५ | ज्ञण्५ | |
| | ङ. विद्यार्थीलाई प्रोत्साहन | ( | ( | ढण्५ | ज्ञण्५ | |
| | च. विद्यार्थी सक्रियतामा जोड | ( | द्दण्५ | ठण्५ | ज्ञण्५ | |
| | छ. निर्देशिका नमुनाअनुसार शिक्षण | ( | घण्५ | ठण्५ | ( | |
| | ज. प्रश्नोत्तरको उपयुक्तता | ( | छ्रण्५ | छ्रण्५ | ( | |
| | झ. अनुशासन | ( | ठण्५ | द्दण्५ | ज्ञण्५ | |
| | ञ. सिक्न उत्साहित | ( | द्दण्५ | डण्५ | ( | |
| | ट. सक्रियता | ( | घण्५ | द्धण्५ | घण्५ | |

विशिष्ट उद्देश्य र शैक्षिक सामग्रीलाई प्रभावकारी बनाउने काम कक्षामा शिक्षक र विद्यार्थीको क्रियाकलापबाट निर्धारिसत हुन्छ । प्रस्तुत अध्ययनमा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई हेर्दा निर्देशिकाको उद्देश्य प्राप्तिमा सहायक हुने गरी शिक्षण गर्ने ४०% मध्यम तथा ६०% उत्तम खालका देखिन्छन् । शब्दार्थसम्बन्धी कठिनाइको निवारण गर्ने सवालमा ३०% मध्यम, ६०% उत्तम र १०% शिक्षकले उत्युत्तम क्रियाकलाप अपनाइ शब्दार्थसम्बन्धी कठिनाइलाई निराकरण गर्न खोजेको देखिन्छ । विषयवस्तुको हाउभाउअनुसार शिक्षण गर्नेमा ४०% मध्यम र ६०% उत्तम तथा बोध प्रश्नोत्तर गर्ने क्रममा ३०%, मध्यम, ६०% उत्तम र १०% अत्युत्तम तरिका बोध प्रश्नोत्तर गरिएको देखिन्छ । कक्षामा विद्यार्थी प्रोत्साहन गर्ने सवालमा पनि ९०% उत्तम र १०% मात्र अत्युत्तम तरिका अपनाएर कक्षामा विद्यार्थीहरूलाई उत्प्रेरणा जगाउन प्रोत्साहन दिने गरेको अवलोकनबाट प्राप्त तथ्यले देखाएको छ । विद्यार्थी सक्रियतालाई हेर्दा २०% मध्यम, ७०% उत्तम र १०% अत्युत्तम रहेको छ  भने प्रश्नोत्तरको उपयुक्तता मध्यम खालको रहेको पुष्टि हुन्छ ।

प्रस्तुत अध्ययनमा कक्षा अवलोकन मार्फत तथ्य सङ्कलन गर्दा सैद्धान्तिक आधारमा नभई व्यवहारिक रूपमा निर्देशिकाको कत्तिको प्रभावकारी प्रयोग भएको छ भन्ने कुरामा केन्द्रित रही निर्देशिकाको पाठसँगसम्बन्धित नमुनासमेतलाई हेरी कक्षा अवलोकन गर्ने प्रयास गरिएको हुँदा तत्सम्बन्धी ३०% मध्यम र ७०% उत्तम रूपमा निर्देशिकाको नमुनाअनुसार शिक्षण गर्ने गरेको देखाएको छ । यसले निर्देशिकाको अवस्थाको बारेमा थप स्पष्ट पार्न सहयोग गरेको छ । कक्षा कार्यमा विद्यार्थी क्रियाकलाप ७०% मा मध्यम, २०% उत्तम र १०% को अत्युत्तम देखिन्छ । शिक्षण सिकाइको मुख्य तत्त्व नै विद्यार्थी भएकोले उनीहरूलाई सिक्न उत्साहित गर्न सकेमा मात्र यसको प्रयोजन पुरा हुने हुँदा विभिन्न शैक्षिक सामग्री विधि र क्रियाकलाप अपनाउनु परेको हो कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई हेर्दा सिक्नको लागि उत्साहित विद्यार्थीहरू २०% मध्यम र ८०% उत्तम खालका पाइयो । यसका साथै विद्यार्थी सक्रियता पनि समग्रमा अवलोकन मध्यम खालको देखाएको छ ।

**तालिका १५ (घ) पाठको प्रस्तुतिकरण**

| | पाठको प्रस्तुतीकरण | निम्न | मध्यम | उत्तम | अत्युत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| ४. | क. विषयवस्तुको ज्ञान | ( | ( | डण५ | द्ण५ | |
| | ख. पाठको क्रमवद्धता | ( | द्ण५ | डण५ | ( | |
| | ग. विषयवस्तुको प्रयाप्तता | ( | छण५ | द्धण५ | ज्ञण५ | |
| | घ. उदाहरणको उपयुक्तता | ( | ज्ञण५ | ठण५ | द्ण५ | |
| | ङ. भाषिक सीपको स्तरयुक्त प्रयोग | ( | द्ण५ | डण५ | ( | |

कक्षा प्रस्तुतिकरण निर्देशिकाको भावनाअनुसार भए नभएको अध्ययन गर्ने क्रममा अधिकांश शिक्षकहरूले विषयवस्तुको शिक्षणमा जोड दिएको पाइयो विषयवस्तुको ज्ञान ८०% उत्तम र २०% शिक्षकले उत्युत्तम रहेको, पाठलाई क्रमबद्ध गर्दै लैजाने सवालमा २०% मध्यम र ८०% उत्तम रूपमा पाठलाई क्रमबद्ध प्रस्तुत गर्ने गरेको पाइन्छ । ५०% मध्यम, ४० उत्तम र १०% ले विषयवस्तुलाई प्रयाप्त महत्त्व दिएको अवलोकनले देखाएको छ । नेपाली शिक्षण

गर्दा एकोहोरो रूपमा विषयवस्तुको शिक्षण नभई भाषिक सीपको स्तरयुक्त प्रयोग गर्नु हो । कक्षामा भाषिक सीपको स्तरयुक्त प्रयोग गर्ने सवालमा २०% मध्यम र ८०% ले उत्तम रूपमा भाषिक सीपको शिक्षण गरेको तथा १०% मध्यम, ७०% उत्तम र २०% अत्युत्तम रूपमा उपयुक्त उदाहरणहरू दिएर नेपाली शिक्षण गरेको देखिन्छ ।

**तालिका १५ (ङ) शिक्षण विधिको प्रयोग**

| | शिक्षण विधिको प्रयोग | निम्न | मध्यम | उत्तम | अत्युत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| ५. | क. प्रश्नोत्तर | ( | द्दण५ | डण५ | | |
| | ख. छलफल | ( | घण५ | टण५ | ज्ञण५ | |
| | ग. लेखन अभ्यास | ज्ञण५ | डण५ | ( | ज्ञण५ | |
| | घ. व्याख्यान | ( | द्दण५ | डण५ | ( | |
| | ङ. प्रदर्शन | ( | ज्ञणण५ | ( | ( | |

शिक्षणलाई प्रभावकारी र उत्प्रेरणा पूर्ण बनाउनका लागि पाठको प्रकृतिअनुसार शिक्षण विधि कुन रूपमा कुन अपनाउने हो शिक्षकहरू स्पष्ट हुनु पर्दछ । निर्देशकाले शिक्षण विधिका सम्बन्धमा पनि स्पष्ट रूपमा नमुनाहरूमा उल्लेख गरेको छ । निर्देशिकाको अभिष्ट पूरा गर्ने सवालमा शिक्षकहरूले कुन-कुन विधिको कस्तो रूपमा प्रयोगगर्ने गरेका छन् भन्ने सवालमा कक्षा अवलोकनबाट प्राप्त तथ्यलाई माथिको तालिकाअनुसार हेर्दा प्रश्नोत्तरमा २०% मध्यम, ८०% उत्तम रूपमा, छलफलविधिको प्रयोग ३०% मध्यम, ६०% उत्तम र १०% अत्युक्तम तरिकाले कक्षाम ालेखन अभ्यास १०% शिक्षकले निम्न, ८०% मध्यम र १०% अत्युत्तम रूपमा गरेको देखिन्छ । प्रयोग गर्ने गरेको देखिन्छ । यसका अलवा व्याख्यान विधि २०% मध्यम र ८०% शिक्षकले उत्तम रूपमा कक्षामा अपनाउनुको साथै प्रदर्शन विधि भने १००% मध्यम खालको अपनाएको देखिन्छ । यसले के देखाउछ भने हाम्रा विद्यालयहरूमा लेखन अभ्यासमा र प्रदर्शन विधिको कम महत्त्व र व्याख्यान विधिमा बढी जोड दिने गरेको प्रमाणित हुन्छ । जुन निर्देशिकाले अपेक्षा गरेको भन्दा फरक छ ।

## तालिका १५ (च) मूल्याङ्कन

| | मूल्याङ्कन | निम्न | मध्यम | उत्तम | अत्युत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| ६. | क. उद्देश्यप्राप्तिका सहायक | ( | द्धण्५ | छण्५ | ज्ञण्५ | |
| | ख. शिक्षण विधिमा विविधता | ( | द्धण्५ | टण्५ | ( | |
| | ग. कक्षा कार्य | ( | ज्ञण्५ | टण्५ | घण्५ | |
| | घ. प्रश्नोत्तर | ( | द्दण्५ | ठण्५ | ज्ञण्५ | |
| | ङ. गृहकार्य | ( | द्दण्५ | टण्५ | द्दण्५ | |

कुनै पनि कार्य सफल भए वा नभएको थाहा पाउने महत्त्वपूर्ण आधार मूल्याङ्कन हो । मूल्याङ्कनका सम्बन्धमा निर्देशिकाले स्पष्ट उद्देश्य र नमुना तयार गरेको छ । यसैका आधारमा माध्यमिक तहमा गरिएको कक्षा अवलोकनबाट निम्नानुसार तथ्यहरू प्राप्त भएका छन् । शिक्षकहरूले निर्देशिकाको उद्देश्यप्राप्तिमा सहायक हुने ४०% मध्यम ५०% उत्तम र १०% मात्र अत्युत्तम मूल्याङ्कनका साधान प्रयोग गरेको देखिन्छ । शिक्षण विधिमा विविधता हुने खालका ४०% मध्यम र ६०% उत्तम, मूल्याङ्कन विधि अपनाउनुका साथै मूल्याङ्कन गर्दा कक्षाकार्य गराउनेहरूमा १०% मध्यम, ६०% उत्तम र ३०% अत्युत्तम खालका देखिन्छ । भाषिक सीपको शिक्षण गर्ने क्रममा प्रश्नात्तरको उचित समयमा प्रयोग गरी शिक्षण गर्ने शिक्षकहरूको तथ्यलाई हेर्दा २०% मध्यम, ७०३ उत्तम र १०% मात्र अत्युत्तम देखिन आउँछ । कक्षाको अन्त्यमा पाठको प्रकृति र आवश्यकताअनुसार गृहकार्यका माध्यमबाट मूल्याङ्कन गर्न खोज्ने २०% मध्यम ६०% उत्तम र २०% अत्युत्तम देखिन्छ ।

यसरी माथिका प्रश्नावली, अन्तर्वार्ता तथा कक्षा अवलोकनका आधारमा प्राप्त तथ्यले के देखाउँछ भने निर्देशिका विद्यालय तहमा धेरै हदसम्म प्रभावकारी सन्दर्भ सामग्री सावित हुँदा हुँदै पनि यस सयको अभाव सामग्री समयमा उपलब्ध नहुनु, तालिमको व्यवस्था नगरिनु, आदि कारण प्रयोगमा समस्या पनि रहेको तथ्यहरूबाट देखिन आउँछ । यसका लागि शिक्षामन्त्रालयले निर्देशिकालाई प्रभावकारी तुल्याउनका लागि सबैको पहुँमा पुग्ने गरी वितरण गर्नुपर्ने तथा कार्यशाला-गोष्ठी गरी शिक्षक विषयविज्ञहरूसँग रायसुझाव संकलन गरी समयसापेक्ष परिमार्जन र संसोधन हुन सके यसको महत्त्व अझ बढ्ने कुरामा कसैको दुईमत हुन सक्दैन । जुन कुरा तथ्यहरू पनि आफै बोलेका छन् ।

## परिच्छेद-सात

# निष्कर्ष र सुझाव

### ७.१ निष्कर्ष

शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन प्रारम्भिक क्रमदेखि अन्तिम निचोड निकाल्ने अवस्थासम्म यस अध्ययनको लागि सर्वप्रथम पाठ्यक्रम पाठ्यपुस्तकसँग अन्तरसम्बन्धित गराउँदै पाठ्यक्रमका उद्देश्य र पाठ्यपुस्तमा समावेश रहेका विधाहरूअनुसार निर्देशिका भए नभएको समेत अध्ययन गरी यसको प्रयोगको अवस्थासम्बन्धी शिक्षकहरूको लिखित प्रश्नावली, मौखिक अन्तरवार्ता र कक्षा अबलोकनका आधारमा प्राप्त तथ्याङ्कहरूको विश्लेषणले दिइएका तथ्यका आधारमा हेर्दा निर्देशिका शिक्षकका लागि महत्त्वपूर्ण सन्दर्भ सामग्री सावित हुन पुगेको देखिन आउँछ भने यसमा थुप्रै कमिकमजोरी समेत रहेका छन् ।

निर्देशिकाले पाठ्यपुस्तकमा उल्लिखित विषयहरू अध्यापन गराउँदा प्रत्येक विषयको अवधारणा र त्यससँग सम्बन्धित पाठहरू कहिले, कसरी र कति पढाउने भन्ने कुरालाई ख्याल गरी दैनिक पाठयोजना बनाई लागु गर्न निर्देशिकाले मद्दत पुऱ्याउने देखिन्छ । तर कक्षामा पाठ सुरु गर्नुअघि अघिल्ला दिनका पढाइका विषयवस्तुहरूको सङ्क्षेपमा पुनरावलोकन गर्ने सवालमा भने निर्देशिका मौन रहेको पाइन्छ ।

माध्यमिक तहका विषय अध्यापनका लागि विकास गरिएको निर्देशिकामा पाठ्यक्रमले निर्देश गरेअनुसार विषयवस्तुहरू चयन गरिएका छन् । प्रत्येक विषयका पाठमा उल्लेख भएअनुसारका विषयवस्तुहरू समावेश गरी निर्देशिका तयार गरिएको छ । पाठहरू लामा छोटा भएअनुसार पाठ्यविषय, उद्देश्य, विषय सिकाउने सर्वोत्तम विधि, सीपको सिकाइबाट विद्यार्थीले हासिल गर्ने कुरा, आवश्यक सामग्री, मूल्याङ्कन तरिकालाई आधार लिएर प्रस्तुत गरिएका

विषयवस्तु प्रयाप्तताका दृष्टिले उपयुक्त हुँदा हुँदै पनि विधिमा विविधता नहुन तथा व्याकरणमा न्युनता हुनुले निर्देशिकालाई कमजोर महसुस गराएको प्राप्त तथ्यहरूले देखाएको छ ।

पाठ्यपुस्तकमा रहेका विषयवस्तु वा प्रत्येक साहित्यका विधागत उपयोगिता बताएर विद्यार्थीहरूमा साहित्यिक अनुभव जगाउन र भाषिक दक्षता बढाउन पाठअनुरूप आवश्यक पाठ्यवस्तुको वितरण गरिएको पाइन्छ । विद्यार्थीको भावानुकूल पाठ्यविषय सिकाउन निर्देशिकामा विषयवस्तुको वितरण गरिएको पाइन्छ । निर्देशिकामा पाठ्यपुस्तकमा भएका प्रश्नहरूको साथै थप प्रश्नहरूको व्यवस्था गरी निर्माणात्मक मूल्याङ्कन गर्ने अवसर प्रदान गरेकाले व्यक्तिगत, वा सामूहिक छलफल, अभिव्यक्ति, सुनाइ, लिखित परीक्षा, हाजिरीजवाफ, कक्षा प्रश्नोत्तर क्रियाकलाप निरीक्षण गराउन निर्देशिकाले मद्दत पुऱ्याएको देखिन्छ ।

कक्षागत क्रियाकलापहरूको उपयुक्त ढङ्गबाट समय विभाजन एवम् निर्धारणसाथ विद्यार्थीहरूको सहभागितालाई निर्देशिकामा प्रमुख स्थान दिन खोजेको देखिन्छ । यसका अलवा शब्दोच्चारण तथा लयबोध, शब्दार्थ र वाक्यमा प्रयोग जस्ता कुरालाई बढी प्राथमिकता दिएको तर भावबोध, व्याख्या, प्रश्नोत्तर, विवेचनामाथि भने समय घण्टीको सन्तुलन मिलाएको पाइदैन कुनै पाठ अध्यापनमा समय नपुग्ने र कुनै पाठका लागि छुट्याइएको पाठघण्टी बढी हुने गरेकोले यस सवालमा भने निर्देशिकाले आफूलाई सुधार गर्नुपर्ने देखिन्छ । तर पनि समग्रमा निर्देशिका बमोजिम विषयगत पाठयोजना बनाई आफ्नो विद्यालय र परिस्थितिअनुसार सम्बन्धित विधि र क्रियाकलापलाई समय बाँडफाँड गरी अध्यापन गराउन सके अझ बढी समयसापेक्ष र प्रभावकारी हुने देखिन्छ । यी यावत कुराहरूका आधारमा प्रस्तुत अध्ययनबाट प्राप्त तथ्यका आधरामा निष्कर्षलाई निम्नानुसार बुँदाबद्ध गर्न सकिन्छ -

### ७.१.१ सवल पक्षहरू

१. विद्यार्थीहरूलाई बढी भन्दा बढी क्रियाकलापहरूमा संलग्न गराई अध्ययन अध्यापन गराउन शिक्षकलाइ बढी सहयोग मिलोस भन्ने अभिप्रायले निर्देशिकामा विविध क्रियाकलापहरूलाई समावेश गरिएका छन् ।

२. विद्यालय सञ्चालन हुने दिन भित्रैमा आफ्नो विषयमा निर्धारित पाठ्यवस्तु शिक्षण गरिसक्न निर्देशिकाले शिक्षकलाई महत्त्वपूर्ण मागदर्शन प्रदान गरेको छ।

३. शिक्षण कार्यकलाप सहजरूपमा अगाडि बढाइ शिक्षणलाई प्रभावकारी बनाउनका लागि दैनिक पाठयोजना तयार गर्न निर्देशिकाले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

४. शिक्षणका क्रममा आवश्यक शैक्षिक सामग्री निर्माण गरी उचित समयमा प्रयोग गर्न समेत निर्देशिकाले महत्त्वपूर्ण निर्देशन प्रदान गरेको छ ।

५. शिक्षण कार्यकलाप र मूल्याङ्कन गर्न समेत कोरा शिक्षकहरूका लागि निर्देशिका महत्त्वपूर्ण सन्दर्भ सामग्री सावित भएको पाइन्छ ।

६. निर्देशिकामा पाठ्यपुस्तकका अतिरिक्त थप प्रश्नहरूको व्यवस्था गरिएको हुनाले शिक्षक शिक्षिकाले सोही मूल्याङ्कनका साधन प्रयोग गरी शिक्षणलाई उपलब्धिमूलक बनाउन सक्दछन् ।

७. प्रत्येक एकाइमा व्यवहारिक क्रियाकलापको समेत मूल्याङ्कन गर्ने कुरा निर्देशिकाले निर्देश गरेका साधनको प्रयोग गर्दा अध्यापनमा थप मद्दत पुग्ने देखिन्छ ।

८. निर्देशिकाले पाठ्यक्रम र पाठ्यपुस्तका उद्देश्यअनुसार शिक्षण गर्न मार्ग प्रदान गरेको छ ।

९. निर्देशिकामा विभिन्न विधाहरू अन्तरगत पाठ्यवस्तुहको सीपपक्षको सन्तुलन गर्न खोजेको पाइन्छ ।

१०. सप्रसङ्ग व्याख्या र विवेचनाजस्ता गहन प्रश्नका नमुना उत्तरहरू दिएर शिक्षकलाई निर्देशिकाले ठूलो मद्दत पुऱ्याएको छ ।

११. निर्देशिकामा कथा लेखन निबन्ध लेखन, सारांश लेखनका लागि सरल ढङ्गले शिक्षकहरूलाई दिशानिर्देश गर्न सक्षम भएको पाइन्छ ।

१२. हाम्रो जस्तो समय समयमा तालिम तथा कार्यशालाको व्यवस्था गर्न नसक्ने देशमा तालिम प्राप्त तथा अप्राप्त शिक्षकहरूका लागि केही हदसम्म सहयोगी सामग्री सावित भएको छ ।

१३. विधाका प्रकृतिअनुसार प्रश्नावली निर्माण गरी मूल्याङ्कन गर्न वा प्रश्नोत्तर विधि अपनाई शिक्षण गर्न निर्देशिका सक्षम देखिन्छ । त्यसका अलवा प्रश्नहरू गाह्रा र सजिला दुवै खाले भएकाले चलाख र साधारण विद्यार्थीहरू विषयवस्तुको ज्ञानका साथै सीप पक्षलाई समेत सन्तुलन गर्न निर्देशिका खनाखो देखिन्छ ।

१४. पाठ्यपुस्तकमा छुटेको विषयवस्तु समेत निर्देशिकामा उल्लेख गरिएको छ (९ कक्षा १० को पृ.सं. १६ मा विभक्ति लिन सकिन्छ ।

१५. निर्देशिकामा सीपपक्षमा जोड दिनुको छ साथै विद्यार्थी सक्रियतामा समेत जोड दिइएको छ ।

१६. निर्देशिकामा नमुनाका रूपमा बुँदासूची, शब्दपत्ती वाक्यपत्ती जस्ता सहज सामग्री समेत समावेश गरिएको छ ।

१७. उल्लेखित सामग्री शिक्षकको पहुँचअनुसार रहेको पाइन्छ ।

१८. शिक्षकहरूलाई पाठयोजना, एकाइ र योजना तयार गर्न निर्देशिका सहयोगी हुने देखिन्छ ।

१९. शिक्षकलाई कक्षाकोठामा जानुपूर्व तयारी गर्न सहयोग पुऱ्याउने देखिन्छ ।

२०. निर्देशिकाले दैनिक रूपमा प्रयोग हुने शैक्षिक सामग्रीको निर्माण, छनोट प्रयोग गर्न सघाउ पुऱ्याउने देखिन्छ ।

२१. पाठको स्वरूप र प्रकृतिअनुसार शिक्षण विधिको चयन र प्रयोग गर्न सघाउने देखिन्छ ।

२२. शिक्षण कार्यको बीच-बीचमा र पाठको अन्तमा गरिने मूल्याङ्कन कार्यलाई सहयोग पुऱ्याउने देखिन्छ ।

२३. शिक्षण कार्यलाई सरल, सहज, योजनाबद्ध र सुनियोजित ढङ्गले अगाडि बढाउन महत्त्वपूर्ण रूपमा सघाउने देखिन्छ ।

२४. पाठ्यपुस्तकलाई स्पष्ट पार्न र सही कार्यान्वयन गर्न निर्देशिका महत्त्वपूर्ण साधन सावित भएको छ ।

२५. पाठ्यपुस्तकलाई सही मार्ग निर्देश गर्न निर्देशिका महत्त्वपूर्ण साधन सावित भएको छ ।

### ७.१.२ दुर्बल पक्ष

निर्देशिकाको सैद्धान्तिक विश्लेषणका अलवा यसको प्रयोगमा देखिन आएका व्यवहारिक समस्याहरू समेत रहेकाले प्रयोग र प्रभावकारिताकासम्बन्धी समस्याहरूलाई यसरी देखाउन सकिन्छ ।

१. शिक्षणलाई बढी व्यवहारिक बनाउन पूर्वपाठसँग सम्बन्धित बनाई अनुभवको क्रमिकतालाई कायम गरिराख्नु पर्दछ तर निर्देशिकाले यस कुरापट्टि त्यति ध्यान पुऱ्याएको देखिदैन । विद्यार्थीको पुनरावृति व्यक्तिगत

क्षमताहरूमा भएको भिन्नतालाई छान्ने, हेर्ने आदि कार्यबारे निर्देशिकामा कहीँ पनि उल्लेख गरेको पाइदैन ।

२. पाठ्यपुस्तकको परिमार्जन भइसक्दा पनि निर्देशिकाको परिमार्जन हुन सकेको छैन जस्तै कक्षा नौ को देह र आत्मा कक्षा दशमा लागि दशको इच्छा कविता नौ लागिएको त्यसैगरी के नेपाल सानो छ , भन्ने निबन्धको सट्टा भलादमी राखिएको र आजलाई माया गर कविता नौ वाट झिकिएको भए तापनि सोअनुसार निर्देशिका परिमार्जन हुन नसकेको देखिन्छ ।

३. देह र आत्मा कविताको सन्दर्भमा शार्दूल विक्रीडित र शिखरिणी छन्दको ज्ञानका लागि १ घण्टी छुट्याइएको तर वार्णिक छन्दअन्तर्गत वंशस्त छन्दमा लेखिएको वसन्त कविताका लागि भने छन्दको नामसम्म नबताई छन्द अनविज्ञ शिक्षक लागि अन्योल बनाएको देखिन्छ ।

४. सहिदको सम्झना जस्ता कविताहरू शिक्षणका लागि गीति कविताको जानकारी निर्देशिकाले दिएको पाइदैन ।

५. सहिदको सम्झनामा कविताका ५/७ मात्र कठिन शब्दार्थमा लागि लयवाचन र शुद्धोउच्चारणका लागि १ घण्टी र शब्दार्थ र वाक्यमा प्रयोगका लागि १ घण्टी व्यवस्था गरिएको तर भावबोध, प्रश्नोत्तर, व्याख्या, विवेचनाका लागि भने निर्देशिका व्यवस्था गरेको छैन ।

६. एस.एल.सी. का दृष्टिले विवेचना व्याख्या र संक्षिप्त उतरात्मक प्रश्नहरू सोधिने भए तापनि निर्देशिका भने यस सवालमा मौन देखिन्छ ।

७. कतिपय कार्यकलाप निर्देशिकाले छुट्याएको घण्टीमा पठन-पाठन गर्न कठिन छन् जस्तै देह र आत्मा कवितामा प्रश्नोत्तरको लागि २ घण्टी छुट्टाए पनि त्यसमा राखिएका संक्षिप्त उत्तरात्मक, व्याख्या, सप्रसङ्ग

व्याख्या, विवेचनात्मक उत्तरका नमुना टिपाइले कार्यकलाप गर्न समयले भ्याउदैन ।

८. शिक्षणका लागि छुट्याएको समय कतिपय ठाउँमा अव्यवहारिक देखिन्छ जस्तै वसन्त कवितामा ६/७ कठित शब्द भएको र देह र आत्मा ४०/४२ कठिन शब्दार्थ भएको लागि पनि उही १ घण्टी दिनु समय सन्तुलनका दृष्टिले मिलेको भान्न सकिदेन ।

९. कथा लेखन, सारांश लेखन, जस्ता सिर्जनात्मक विषयवस्तुको अभ्यास गराउनका लागि अभ्यासहरू दिइएको पाइँदैन ।

१०. व्याकरणका कतिपय एकाइका लागि परिचय तथा उदाहरण पाठ्यपुस्तकमा व्यवस्था गरएको पाइदैन, त्यस्ता एकाइ शिक्षणका लागि शिक्षक निर्देशिकाले समेत व्यवस्था गरेको छैन जस्तो वाक्य संश्लेषण र वाक्य विश्लेषण बारे एस.एल. सी. मा प्रश्न सोधिने गरेको तर निर्देशिकाले यसका लागि कुनै व्यवस्था गरेको छैन ।

११. निर्देशिकाअनुसार अध्यापन गराउन समयाभाव, सन्दर्भ सामग्री र शैक्षिक सामग्रीको अभाव रहने गरेको सम्भव हुन सक्ने सामग्री समेत शिक्षकलाई प्रयोग गरेको पाइएन ।

१२. निर्देशिकामा क्रियापद धातुमा लाग्ने है/दै एको/एका/एकीका साथै अक्षर पनि छुटेको छ ।

१३. सरकारी विद्यालयहरूमा विद्यार्थी चाप बढी हुने हुँदा निर्देशिकाका नमुनाअनुसार शिक्षण गर्न नसकिने तथा संस्कृत र निजी विद्यालयमा शिक्षण गर्दा सैद्धान्तिक पक्षमा बढी जोड दिने गरेको पाइयो ।

१४. शिक्षाको प्रतिदिन पाठ्यभार अधिक हुने हुँदा निर्देशिकाअनुसार शिक्षण गर्न नसकेको पाइयो ।

१५. निर्देशिकामा विषयवस्तु विद्यार्थीको स्तर क्षमता, दक्षता उमेरका दृष्टिले शिक्षण विधिको प्रयोग पाइदैन ।

१६. पाठअनुसार घन्टी विभाजन गर्न खोजिए तापनि नमुना पाठयोजनाको प्रकृति र शिक्षणीय समय मेल खाएको पाइदैन । जसले शिक्षकलाई अन्योलमा थपेको छ ।

- समय र विद्यार्थी संख्याको अनुपातलाई त्यति ख्याल गरिएको छैन ।
- शिक्षकलाई सहजकर्ताका रूपमा प्रस्तुत नगरी एउटा निर्देशकका रूपमा उभ्याएको छ ।
- जान्ने र नजान्ने विद्यार्थीहरूबीच कसरी न्यूनिकरण गर्दै लैजाने भन्ने उल्लेख छैन ।
- शिक्षामा सबै विद्यार्थीलाई समान अवसरको अवधारणाअनुसार निर्देशिका तयार भएको छैन ।
- निर्देशिकामा अन्धा बहिरा तथा अन्य शारीरिक अशक्तहरूको लागि छुट्टै व्यवस्था गरिएको छैन ।

१७. कपी परीक्षण, नोट लेखाउनु पर्ने तथा परीक्षालाई समेत ध्यान पुऱ्याउन पर्ने जस्ता व्यवहारिक समस्याले निर्देशिकाअनुसार शिक्षणमा कठिनाइ थपेको देखिन्छ ।

१८. निर्देशिका केही सहयोगी हुँदा हुँदै पनि कक्षाको यथार्थअनुसार प्रयाप्त र व्यवहारिक छैन ।

१९. निर्माणात्मक मूल्याङ्कनप्रति केही सचेत रहे तापनि निर्णयात्मक मूल्याङ्कन प्रति त्यति सचेत छैन

२०. निर्देशिका पूर्णता र पर्याप्तका दृष्टिले सारांशमा भनिए जस्ता छन् ।

२१. पाठ्यघण्टी कक्षा कोठाको अवलोकन, विद्यार्थी संख्या, अभ्यास पक्षको आवश्यकता नहेरी गरिएको जस्तो देखिन्छ । जसले कक्षा शिक्षणमा व्यवहारिक कठिनाइ रहेको छ ।

२२. भाषाका विधागत र सिर्जनात्मक उत्तरहरूको मूल्याङ्कन प्रक्रिया उपयुक्त देखिए पनि व्याकरणसम्बन्धी उत्तरहरूको मूल्याङ्कन प्रक्रिया त्यति उपयुक्त पाइदैन र व्याकरणका लागि छुट्याएको समय अप्रयाप्त देखिन्छ ।

२३. भाषा शिक्षणका लागि उपयुक्त र व्यवहारिसक सामग्रीमा सचेत भएको पाइदैन । त्यसैले सामग्री प्रयोगमा शिक्षक अलमल परेको पाइयो ।

२४. निर्देशिका व्यवहारिक र कार्यकलापमूखी भन्दा बढी आदर्शमूखी र सैद्धान्तिक हुन पुगेको पाइन्छ ।

२५. निर्देशिकामा प्राय एउटै विधि र सामग्री उल्लेख भएकाले सोअनुसार शिक्षण गर्दा निरस उत्प्रेरणजनक हुन नसक्ने देखिन्छ ।

२६. निर्देशिकाअनुसार शिक्षण गर्दा समयमा नै पाठ नसकिने समस्या रहको शिक्षकहरूको अनुभव छ ।

२७. व्याकरणलाई छुट्याइएको समय कम तथा विषयसमेत प्रयाप्त नरहेको जुन एस.एल.सी तथा अन्य परीक्षामा समेत कम हुने देखिन्छ । वर्णविन्याससम्बन्धी अन्योलता हटाउन पनि निर्देशिकले सकेको देखिदैन ।

२८. निर्देशिकाअनुसार शिक्षकलाई समय विभाजन गर्न कठिन देखिनुका साथै प्रासङ्गिक थप कुरा कक्षामा प्रस्तुत गर्दा निर्देशिकाअनुसार शिक्षण हुन नसक्ने शिक्षकहरूको अनुभव छ ।

## ७.२ सुझावहरू

शिक्षक निर्देशिकाको पाठ्यक्रम र पाठ्यपुस्तकअनुरूपताको अध्ययन गरी प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन विश्लेषण पश्चात प्राप्त तथ्यका आधारमा माथि उल्लेख यसका सबल र दुर्वल पक्षहरू केलाउदै निर्देशिका संसोधन गरी उपयोगी र प्रभावकारी बनाउनका लागि निम्न लिखित सुझावहरू पेश गर्न सकिन्छ:

१. निर्देशिकामा सजिलै उपलब्ध हुन सक्ने श्रव्य, दृश्य र पाठ्यसामग्रीको उल्लेख गर्नुपर्दछ ।

२. समयअनुसार तथा पाठ्यक्रम र पाठ्यपुस्तकको परिमार्जन र संसोधनसँगै यसको पनि परिमार्जन गर्नुपर्दछ ।

३. निर्देशिका सहजरूपमा सबै विद्यालय तथा शिक्षकहरूले प्राप्त गर्न सक्ने वातावरण सृजना गर्नु पर्दछ ।

४. तालिम अप्राप्त शिक्षकहरूलाई सहयोगी हुने गरी निर्देशिका प्रयोगपूर्व यसको बारेमा थप जानकारी निर्देश गर्नुपर्दछ ।

५. निर्देशिकाले सरलीकरण जोड दिनु पर्दछ ।

६. शिक्षणमा विविधता, प्रभावकारिता र मौलिकता थप्न विद्यार्थीहरूमा सृजनशिलता बढाउने खालका क्रियाकलाप समावेश गराउनुपर्दछ ।

७. समय समयमा कार्यशाला समेतगरी यसमा देखिएका व्यवहारिक समस्या हटाउदै लैजानु पर्दछ ।

८. निर्देशिकाले देशको भौगोलिक विकटता, शिक्षक-विद्यार्थी अनुपात, तालिम प्राप्त र अप्राप्त शिक्षक, विद्यालयको प्रकृति, समेतलाई ख्याल गरी तयार गर्नुपर्दछ ।

९. सैद्धान्तिक आधारमा भन्दा शिक्षकहरूको अनुभवका आधारमा यसमा रहेका कमिकमजोरहरू हटाउन सभा समारोह तथा अन्य राय संकलनगरी निर्देशिका समय सापेक्ष परिमार्जन र संसोधन गर्नुपर्दछ ।

१०. निर्देशिकाले एस.एल.सी. तथा अन्य परीक्षा तथा शिक्षकले लिने विदा समेतलाई ख्यालगरी तयार गर्नुपर्ने देखिन्छ ।

११. निर्देशिकाले भाषिक सीप तथा सृजनात्मक पक्षमा समेत जोड दिनुपर्ने ।

१२. अभ्यासात्मक पक्षमा निर्देशिका सचेत रहनुपर्ने ।

१३. परीक्षामा सोधिने नमुना प्रश्नहरू समेत निर्देशिकामा समावेशगरी प्रथम दोस्रो र अन्तिम परीक्षाको सम्भावित पाठमा यस्तो व्यवस्था हुनुपर्ने ।

१४. अधिकांश शिक्षकहरू वर्णविन्यासको वर्तमान अन्योलताका शिकार भएकाले त्यसको समाधान समेत निर्देशिकाले निकाल्नुपर्ने ।

१५. निर्देशिकामा दिइएको व्याकरण अप्रयाप्त हुनुको साथै व्याकरणको लागि छुट्याएको समय थप गर्नुपर्ने र शिक्षकलाई आधिकारीक सन्दर्भ पुस्तकहरू तोकिदिनुपर्ने ।

१६. निर्देशिकामा अघिल्लो पाठका विषयवस्तुको सङ्क्षेपमा पुनरावलोकन गर्नुपर्ने ।

१७. पाठ्यपुस्तकका अलवा थप प्रश्नहरू समावेश गर्नुपर्ने ।

१८. निर्देशिकामा पाठ्यवस्तुको वितरण सरलदेखि जटिलताका क्रममा ल्याउनुका साथै विधागत विविधता समेत ल्याउनुपर्ने ।

१९. निर्देशिकामा कमजोर अपाङ्ग अन्धा विद्यार्थीको साथै दोस्रो भाषिक विद्यार्थीको समेत ध्यान दिनुपर्ने

२०. विधाअनुसार सामग्रीमा विविधा ल्याउनुपर्ने ।

२१. निर्देशिकाले व्यवहारिकता र सृजनशिलतामा जोड दिनुपर्ने ।

२२. निर्देशिकासम्बन्धमा थप जानकारी दिनुका साथै प्रयोगका लागि उत्प्रेरण जगाउन पर्ने अभ्यासको विविधिकरणमा जोड दिनु पर्दछ ।

२३. व्याकरण र शब्दभण्डारमा समेत अभ्यासको प्रस्तुतिलाई क्रमबद्ध उपयुक्त स्तरमा प्रस्तुत गरिनुपर्दछ ।

२४. निर्देशिकामा सामुहिक कार्यमा जोड दिनुपर्दछ ।

२५. निर्देशिकाले पाठ्यक्रमको क्षेत्र र क्रमलाई विशेष ख्याल गर्नुपर्ने देखिन्छ ।

**७.३ शैक्षणिक प्रयोजन**

प्रस्तुत शोध अध्ययन सारभूत रूपमा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको अन्तरसम्बन्ध तथा त्यसको प्रयोग र प्रभावकारितासँग सम्बन्धित छ । यसै परिप्रेक्ष्यमा निर्देशिका पाठ्यक्रम र पाठ्यपुस्तक अनुरूपतासम्बन्धी तथ्यका साथै तथ्याङ्क सङ्कलन मार्फत प्राप्त तथ्यका आधारमा निर्देशिकाको महत्त्व र वर्तमान अवस्था, यसको प्रयोग तथा प्रभावकारिता समेत ज्ञात हुन आउँछ । यसबाट प्राप्त तथ्यले देखाएका कमी कमजोरीहरू हटाइ समय सापेक्ष तथा शिक्षकको अनुभव र विद्यार्थीको रुचि, आवश्यकताअनुसार गर्न सहयोग पुऱ्याउन सक्दछ । त्यसका अलवा भाषा शिक्षणलाई सीपमूलक तथ्य अभ्यासात्मक बनाउन के कस्ता थप स्रोत सामग्री आवश्यक पर्दछ भन्ने सम्बन्धमा समेत प्रस्तुत अध्ययनबाट प्राप्त तथ्यले महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ । वर्तमान अवस्थामा शिक्षकले निर्देशिकाअनुसार पाठयोजना तयार गरी पठन-पाठन गर्ने सवालमा समेत यसले तथ्य उपलब्ध गराएको हुँदा समयमा नै यसको परिमार्जन गर्न कार्यशालाहरू गरी अनुभवका आधारमा देखापरेका कमी कमजोरी हटाउन पर्ने देखिन्छ । समग्रमा यस शोधको शैक्षिक प्रयोजनलाई निम्नानुसार उल्लेख गरिन्छ ।

१. पाठयक्रम र पाठ्पुस्तकको उद्देश्यअनुसार भाषा शिक्षणमा गर्न निर्देशिकाको महत्त्व स्पष्ट पार्नु

२. निर्देशिकालाई शिक्षकको सहयोगी सामाग्रीका रूपमा लिन सचेत गराउनु,

३. भाषा शिक्षणलाई व्यवहारिक तथा क्रियाकलापमूखी गराउन जोड दिनु,

४. तालिम प्राप्त तथा अप्राप्त शिक्षकलाई निर्देशिकाको मूल अभिप्राय स्पष्ट पार्नु,

५. पाठयोजनाअनुसार शिक्षण गर्न शिक्षकहरूलाई प्रेरित गर्नु,

६. पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुहरूलाई सहज रूपमा उद्देश्यपूर्ण शिक्षणअनुरूप गर्न प्रेरित गर्नु,

७. निर्देशिकाअनुसार शिक्षण गर्दा प्रभावकारी शिक्षण गर्न सकिन्छ भन्ने कुराको ज्ञान दिलाउनु,

८. वर्तमान अवस्थामा निर्देशिका प्रयोगका समस्याहरू पहिचान गरी सुधारको लागि मार्ग निर्देश गर्नु,

९. शिक्षणमा प्रभावकारिता ल्याउन निर्देशिकाको आवश्यकतासम्बन्धी शिक्षकलाई सचेत तुल्याउनु,

१०. पाठ्यपुस्तकका विधाहरू तथा उपविधाहरूको शिक्षणमा शैक्षिक सामग्री र क्रियाकलापको नमुनाअनुसार शिक्षण गर्न उत्प्रेरणा प्रदान गर्नु

११. विविध पाठ्यवस्तुको छनोट गरी विभिन्न भाषिक सीपगत र तहगत अभ्यास गर्न गराउन सहयोग पुर्‍याउनु,

१२. भाषा शिक्षणलाई समावेशीकरण गरी विभिन्न पृष्ठभूमिका विद्यार्थीहरूबीच परस्पर सुमधुरसम्बन्ध र स्वास्थ्य प्रतिस्पर्धाको भावना विकास गर्न सहयोग गर्नु

१३. विद्यार्थी केन्द्रित र कार्यकलामूखी शिक्षण सीमाको प्रवर्द्धनमा सहयोग गर्नु ।

### ७.४ अध्ययनका कमीकमजोरीहरू

प्रस्तुत शोधपत्र निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययनमा निर्देशिका पाठ्यक्रम र पाठ्यपुस्तकअनुरूप भए नभएको अध्ययन नगरी अगाडि बढ्दा पाठ्यक्रम र पाठ्यपुस्तकप्रति अन्याय हुने देखी सोसम्बन्धी निर्देशिकालाई तुलनात्मक रूपमा अध्ययन पश्चात मात्र वर्तमान अवस्थामा निर्देशिका प्रयोगको अवस्था तथा यसको प्रभावकारितासम्बन्धी अध्ययनलाई प्रस्तुत शोधकार्यमा समावेश गरिएको छ । जसले गर्दा अध्ययन अनेत्र मोडिन खोजेको आभाष गराए पनि अध्ययनका क्रममा गुरु तथा अन्य विज्ञहरूको सल्लाहलाई शीरोपर गरी सके सम्म अध्ययनलाई आफ्नो बाटोमा हिडाउने अथक प्रयास गरिएको छ । यति हुँदा हुँदै पनि अध्ययनकर्ता तथा प्रश्नावली अन्तरवार्ता दिने स्रोतसमेतबाट निम्न कमजोरीहरू महसुस हुन आएको छ :

- अध्ययनक क्रममा विद्यालयका कतिपय शिक्षकहरूले शोधकार्यलाई सामान्य रूपमा लिई त्यति चासो नदेखाएको र प्रश्नावली भर्न समेत औपचारिकता मात्र देखाएको
- विद्यालयमा शिक्षक भेट गर्नु अप्ठ्यारो भेटपछि उनीहरूले समय दिन नचाहने समस्या त कतिपय शिक्षकले प्रश्नावली छोडेर जान र पछि लिन आउन भन्ने गरेपनि एकदुई हप्तासम्म दराजमा राखी अन्त्यमा सँगै बसी भर्न परेको यथार्थ
- कतिपय विद्यालयले निर्देशिका सँगै लगेर दिदा समेत दुई हप्ता समय दिएर पनि प्रश्नावली नभरेको
- कतिपय विद्यालयमा विद्यालय बन्द भएपछि फोनबाट प्रश्नावली अर्को प्रश्नावली फाराम भर्नुपरेको
- एउटा विद्यालयमा पाँच छ पटकसम्म प्रश्नावली लिन जानुपर्ने पटकपटक फोन गर्नुपर्ने तथा अत्याधिक खर्च वेहोर्नुपर्ने समस्या
- एस.एल.सी. कपी परीक्षण, बर्से विदा, ऐतिहासिक जनआन्दोलन समेतले तथ्याङ्क सङ्कलनमा असहज हुन पुग्को,

यस अध्ययनका क्रममा पाठ्यक्रमका उद्देश्य तथा पाठ्यपुस्तकका विधा तथा उपविधाहरूका आधारमा वर्गीकरण र तालिकीकरण गरिएको छ । त्यसपछि प्रश्नावली, अन्तरर्वार्ता तथा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई आवश्यकताअनुसार तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । यसका अलावा यस अध्ययनका क्रममा विभिन्न विद्वान, सेरिड, शैक्षिक जनशक्ति विकासकेन्द्र, पाठ्यक्रम विकासकेन्द्र, माध्यमिक शिक्षा परियोजना तथा अनुभवी शिक्षाविद्हरूको रायलाई समेत यथासम्भव सहयोगमा लिइएको छ । यस अध्ययनमा निम्न कमजोरीहरू रहेका छन् :

१. निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी तथ्याङ्क लिने क्रममा कास्की र काठमाडौंका सीमित ३० विद्यालय लिइएको छ ।

२. निर्देशिकासम्बन्धी अध्ययनका क्रममा निर्देशिकाको सैद्धानित्क अवधारणा समेत पाठ्यक्रम र पाठ्यपुस्तकअनुरूप गर्ने प्रयास गरिए तापनि सम्पूर्णरूपमा गर्न सकिएको छैन ।

३. निर्देशिकाअनुसार पठनपाठन गर्ने भन्ने तथ्य शिक्षकहरूले दिए पनि उनीहरूले सोअनुसार गर्ने नगर्ने सम्बन्धमा थप अध्ययन गर्न सकिएको छैन ।

४. प्रश्नावली मार्फत दिएका उत्तरअनुसार शिक्षकहरूको व्यवहारिक शिक्षा भए नभएको अध्ययन व्यवहारिक कठिनाइ र अन्य सीमाहरू कारण गर्न नसकिएको

५. प्रश्नावली भर्ने सबै शिक्षकहरूको कक्षा अवलोकन मै मात्र २३% शिक्षकको मात्र अवलोकन गरिएको ।

६. अवलोकन गरिएको पाठमा शिक्षकले निर्देशिकाअनुसार शिक्षण गर्न खोजेको पाइए तापनि सबै पाठहरू सोअनुसार गर्ने गरे नगरेको अध्ययन गर्न सकिएको छैन ।

७. तथ्यहरू निकाल्दा शिक्षकले प्रश्नावली मार्फत भरेको तथ्याङ्कलाई आधार मानी विश्लेषण र तालिकीकरण गरिएको छ भने कतिपय विश्लेषण भने मौखिक अन्तरवार्ता र कक्षावलोकनका आधारमा समेत गर्ने प्रयास गरिएको छ ।

८. विद्यालय छनोटका क्रममा सरकारी संस्कृत र साधारण तथा निजी विद्यालय तर्फ भौगोलिक क्षेत्र विद्यालयको भौतिक अवस्था तथा स्तरअनुसार छुट्याउन खोजे पनि समय देशको परिस्थितिका कारण आवश्यकताअनुसार समानुपातिक सन्तुलन गर्न सकिएको छैन ।

९. प्रश्नावली मार्फत र सोधिएका कतिपय प्रश्नहरूमा मौखिक रूपमा स्पष्ट पारी तथ्यहरू सङ्कलन समेत गर्नुपरेको छ ।

१०. शिक्षकहरूको छनोट, विद्यालय छनोटमा तालिम प्राप्त तालिम अप्राप्त धेरै अनुभवी, कम अनुभवी, स्थायी, अस्थायी, करार सबैलाई समानुपातिक रूपमा छुट्याउन पर्ने भए तापनि यसको सम्पूर्णता प्रस्तुत अध्ययनले दिन सकेको छैन ।

११. निर्देशिकाका सबै नमुना पाठयोजना तथा पाठ्यपुस्तकका विधाहरूसँग समन्वय गरी अध्ययन गर्न सकिएको छैन ।

## ७.५. भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू

१. पाठ्यक्रम, पाठ्यपुस्तक र निर्देशिकाबीचको अन्तरसम्बन्धसम्बन्धी अध्ययन

२. पाठ्यपुस्तक अनुरूपताका आधारमा निर्देशिकाको अध्ययन

३. तालिम प्राप्त शिक्षकका लागि निर्देशिकाको महत्त्व

४. प्रभावकारी शिक्षणका लागि निर्देशिकाको आवश्यकतासम्बन्धी अध्ययन

५. शिक्षणका समस्या समाधान गर्ने वर्तमान निर्देशिकाको योगदान

६. विषयको महत्त्व र पाठको प्रकृतिअनुरूप पाठ्यघण्टीको विभाजनसम्बन्धी वर्तमान निर्दैशिका प्रा.लि./नि.मा.वि./मा.वि.को अध्ययन

७. पाठयोजना निर्माणमा निर्देशिकाको महत्त्वसम्बन्धी अध्ययन

८. प्रयाप्तताका दृष्टिले निर्देशिकामा समाविष्ट क्रियाकलापहरूको विश्लेषण

९. शैक्षिक सामग्री निर्माण र छनोटमा निर्देशिकाको आवश्यकतासम्बन्धी अध्ययन

१०. निर्माणात्मक मूल्याङ्कनका सम्बन्धमा निर्देशिकाको भूमिको सम्बन्धी अध्ययन

११. निर्देशिकामा उल्लेखित शिक्षणविधिको चयन र प्रयोगमा वर्तमान स्थिति

१२. निजी तथा सरकारी विद्यालयहरूमा निर्देशिकाको प्रयोग स्थितिसम्बन्धी अध्ययन

१३. विधागत दृष्टिले नमुना पाठयोजनाको  सन्तुलन सम्बन्धी

१४. प्रा.वि./नि.मा.वि. तहमा निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन

१५. वर्तमान प्रा.वि./नि.मा.वि./मा.वि. तहमा निर्देशिकाअनुरूप शिक्षणको स्थितिसम्बन्धी अध्ययन ।

# सन्दर्भसूची


अधिकारी, विष्णुप्रसाद (२०५६), बृहत् शैक्षिक सामान्यज्ञान, आशिष पुस्तक भण्डार, काठमाडौं ।

अधिकारी, हेमाङ्गराज (२०५९), विद्यालय तहमा नेपाली पाठ्यपुस्तकहरूको विद्यमान स्थितिः विद्यार्थीहरूको भाषागत आवश्यकताका परिप्रेक्ष्यमा, शिक्षा पा.वि.के. सानोठिमी, भक्तपुर ।

)))))))) (२०४०), नेपाली भाषा शिक्षण, काठमाडौं, पा.वि.के. ।

)))))))) (२०४६), भाषा शिक्षणः केही परिप्रेक्ष्य तथा पद्धति, त्रि.वि., काठमाडौं ।

अधिकारी, विष्णुप्रसाद (२०६०), माध्यमिक तह अध्ययन अनुमतिपत्र परीक्षा दर्पण, काठमाडौंः आशिष पुस्तक भण्डार ।

जवरा, स्वयंप्रकाश र अन्य (२०६१), शिक्षामा मापन तथा मूल्याङ्कन, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५७), भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति, काठमाडौंः एम के पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

)))))))) (२०५७), परिचयात्मक भाषा शिक्षण, एम.के. पब्लिसर्स एण्ड डिस्टिव्युटर्स भोटाहिटी ।

निम्नमाध्यमिक तथा माध्यमिक तहका प्रधानाध्यापकहरूका लागि एक महिने व्यवस्थापन तालिम स्रोत सामग्री (२०६०), माध्यमिक शिक्षा विकास केन्द्र, सानोठिमी भक्तपुर ।

निम्न माध्यमिक तथा माध्यमिक तहका नेपाली भाषा शिक्षकहरूका लागि प्रमुख प्रशिक्षक तथा प्रशिक्षक प्रशिक्षण निर्देशिका (२०६१), (शैजविके सानोठिमी भक्तपुर)

नेपाल भाषा शिक्षण (२०५४), शिक्षा मन्त्रालय शैक्षिक जनशक्ति विकासकेन्द्र सानो ठिमी भक्तपुर

पटनायक, डी.पी. (१९९७), ल्याङ्ग्वेज करिकुलम फर टिचर एजुकेटर्स, नयाँदिल्लीः एनसीरीई ।

पौडेल, बाबुराम र अन्य (२०६२), नेपालको शैक्षिक पद्धति, काठमाडौंः स्टुडेन्टस बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

पौडेल, लेखनाथ (२०५५), शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार भोटाहिटी ।

परीक्षा नियन्त्रण कार्यालय (२०६१), माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका ।

मल्लीक, विरेन्द्रकुमार (२०५१), भाषा शिक्षण (दोस्रो), शै.ज.वि.के. ।

)))))))) माध्यमिक तहका नेपाली भाषाका पाठ्यपुस्तकहरू, सानोठिमीः भक्तपुर

माध्यमिक शिक्षा विकाश केन्द्र (२०५६), माध्यमिक तह प्रशिक्षक निर्देशिका ।

राष्ट्रिय भाषा नीति सुझाव आयोग (२०५०), प्रतिवेदन, काठमाडौं ।

रिमाल, डिल्लीराम (२०५७), नेपाली शिक्षण, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्रा (२०५२), नेपाली भाषा शिक्षण (दोस्रो), काठमाडौंः शैक्षिक जनशक्ति विकास केन्द्र ।

लामिछाने, यादवप्रकाशन (२०५२), नेपाली भाषा शिक्षण परिचय, विद्यार्थी पुस्तक भण्डार ।

वाग्ले, मनप्रसाद र उपेन्द्रकुमार, कार्की (२०५८), शिक्षाका आधारहरू, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद (२०५१), नेपाली भाषा शिक्षण, शैक्षिक जनशक्ति विकास केन्द्र ।

)))))))) (२०५७), विद्यालय तहमा नेपाली शिक्षणमा विधाको उपयोग, शिक्षा पृ. ४५-४७ ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), नेपाली भाषा र साहित्य शिक्षण, काठमाडौंः न्यु हिरा बुक्स

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६०), शिक्षामा आधारहरू, काठमाडौंः एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स

शैक्षिक जनशक्ति विकासकेन्द्र (२०६१), नेपाली भाषा शिक्षण प्रशिक्षार्थी स्रोत सामग्री ।

शर्मा, मोहनराज र हेमाङ्गराज अधिकारी (सं.) त्रि.वि. बि. नेपाली विषयका शिक्षकहरूको प्रथम राष्ट्रिय अधिवेशन, काठमाडौंः पाठ्यक्रम विकास केन्द्र ।

शि.म. पा.वि. केन्द्र (२०५५), माध्यमिक शिक्षा पाठ्यक्रम, सानोठिमी, भक्तपुर ।

शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र, नेपाली शिक्षक निर्देशिका कक्षा ९ र १०, सानोठिमी भक्तपुर ।

शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, निर्माणात्मक मूल्याङ्कन पुस्तिका माध्यमिक तह नेपाली, सानोठिमी भक्तपुर ।

श्रीवास्तव, रवीन्द्रनाथ (१९९०), भाषा शिक्षण, नई दिल्लीः दिर्यकामिलन कम्पनी अफ इन्डिया लिमिटेड ।

**परिशिष्ट १**

## कक्षा अवलोकन फाराम

शिक्षाशास्त्र सङ्काय
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि कीर्तिपुर
अवलोकन कर्ताः रामजी आचार्य

विद्यालयको नाम/ठेगानाः
शिक्षकको नामः — विषयः
शैक्षिक योग्यताः — एकाइः
नियुक्ति प्रकारः — पाठ्यवस्तुः
शिक्षण अनुभवः — कक्षाः
तालिम — मितिः

(तलका प्रश्नहरु माध्यमिक तहका शिक्षक निर्देशिका प्रयोग र प्रभावकारितासँग मात्र केन्द्रीत रहि शोधप्रयोजनका लागि कक्षा अवलोकनका आधारमा गरिने छ ।)

| क.सं. | विषय | नतिजा | | | | |
|---|---|---|---|---|---|---|
| | | निम्न | मध्यम | उत्तम | अत्युत्तम | कैफियत |
| १. | **शैक्षिक सामग्री** | | | | | |
| | क. स्पष्ट देखिने र बुझिने | | | | | |
| | ख. कालो पाटीको प्रयोग | | | | | |
| | ग. शब्दपत्ती, वाक्य पत्तीको प्रयोग | | | | | |
| | घ. पाठसँग सम्बन्धित तालिका र नमूनाको प्रयोग | | | | | |
| | ङ. पाठका विषयवस्तु सम्वन्धी सूची र वुँदाको प्रयोग | | | | | |
| | च. स्थानीय सामग्रीको प्रयोग | | | | | |
| २. | **पाठको प्रारम्भ** | **निम्न** | **मध्यम** | **उत्तम** | **अत्युत्तम** | **कैफियत** |
| | क. पूर्व पाठमा आधारित | | | | | |
| | ख. कक्षा व्यवस्थापन | | | | | |
| | ग. विद्यार्थी सहभागिता | | | | | |
| | घ. पाठप्रति रुचि जागरण | | | | | |
| ३. | **शिक्षक/विद्यार्थी क्रियाकलाप** | **निम्न** | **मध्यम** | **उत्तम** | **अत्युत्तम** | **कैफियत** |
| | क. निर्देशिकाको उद्देश्य प्राप्तिका सहायक | | | | | |
| | ख. शब्दार्थ सम्वन्धी कठिनाइको निवारण | | | | | |
| | ग. विषयवस्तु अनुसार हाउभाउ | | | | | |
| | घ. बोध प्रश्नोत्तर | | | | | |
| | ङ. विद्यार्थीलाई प्रोत्साहन | | | | | |
| | च. विद्यार्थी सक्रियतामा जोड | | | | | |
| | छ. निर्देशिका नमुनाअनुसार शिक्षण | | | | | |
| | ज. प्रश्नोत्तरको उपयुक्तता | | | | | |
| | झ. अनुशासन | | | | | |
| | ञ. सिक्न उत्साहित | | | | | |
| | ट. सक्रियता | | | | | |

| ४. | **पाठको प्रस्तुतीकरण** | **निम्न** | **मध्यम** | **उत्तम** | **अत्युत्तम** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | क. विषयवस्तुको ज्ञान | | | | | |
| | ख. पाठको क्रमवद्धता | | | | | |
| | ग. विषयवस्तुको प्रयाप्तता | | | | | |
| | घ. उदाहरणको उपयुक्तता | | | | | |
| | ङ. भाषिक सीपको स्तरयुक्त प्रयोग | | | | | |
| ५. | **शिक्षण विधिको प्रयोग** | **निम्न** | **मध्यम** | **उत्तम** | **अत्युत्तम** | **कैफियत** |
| | क. प्रश्नोत्तर | | | | | |
| | ख. छलफल | | | | | |
| | ग. लेखन अभ्यास | | | | | |
| | घ. व्याख्यान | | | | | |
| | ङ. प्रदर्शन | | | | | |
| ६. | **मूल्याङ्कन** | **निम्न** | **मध्यम** | **उत्तम** | **अत्युत्तम** | **कैफियत** |
| | क. उद्देश्यप्राप्तिका सहायक | | | | | |
| | ख. शिक्षण विधिमा विविधता | | | | | |
| | ग. कक्षा कार्य | | | | | |
| | घ. प्रश्नोत्तर | | | | | |
| | ङ. गृहकार्य | | | | | |

**८. कक्षा कार्यकलापमा निर्देशिका प्रयोग र प्रभावकारिता सम्बन्धमा अन्य टिप्पणी**

अवलोकन कर्ताः
दस्तखतः
अवलोकन मितिः

**परिशिष्ट २**

## शिक्षक प्रश्नावली फारम

शिक्षाशास्त्र सङ्काय
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि. कीर्तिपुर
(शोधार्थी : रामजी आचार्य)

विद्यालयको नाम/ठेगाना :
शिक्षकको नाम : मिति :
कक्षा :

(तपाईँलाई सोधिएका प्रश्नहरू शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता अध्ययनसम्बन्धी एम.एड.तहको शोध प्रयोजनका लागि मात्र तयार पारिएका हुन् । सो प्रयोजनका लागि तपाईँले वास्तविक तथ्यहरू उपलब्ध गराइदिनुहुन विनम्र अनुरोध गर्दछु । साथै प्रश्नावलीमार्फत प्राप्त तथ्यहरू अत्यन्त गोप्य राखिनेछ ।)

**खण्ड ँक'**

तलका भनाइका बारेमा आफ्नो विचार प्रकट गर्नुहोस् । चित्त बुझे Ë र नबुझे ×× चिन्ह लगाउनुहोस् ।

१. शिक्षक निर्देशिकाले पाठ्यक्रमको उद्देश्य पूरा गर्न खासै भूमिका खेलेको देखिदैन ।
२. पाठ्यपुस्तकअनुरूप निर्देशिका तयार भएको छ ।
३. शिक्षण गर्नु पूर्व निर्देशिका अध्ययन गर्नु आवश्यक छ ।
४. निर्देशिकामा भाषिक सीप र पक्षको उचित सन्तुलन गरिएको छ ।
५. निर्देशिकाअनुसार शिक्षणगर्दा प्रभावकारी शिक्षण गर्न सकिन्छ ।
६. निर्देशिकामा दिइएका कार्यकलाप विधाअनुसार उपयुक्त र व्यवहारिक छन् ।
७. तालिम अप्राप्त शिक्षकका लागि निर्देशिकाले त्यत्ति महŒवपूर्ण सावित भएको छ ।
८. पाठ्यक्रम र पाठ्यपुस्तकलाई सफल बनाउन निर्देशिकाले महŒवपूर्ण भूमिका खेलेको छ ।
९. निर्देशिकामा गृहकार्यलाई पनि उचित ध्यान दिइएको छ ।
१०. व्याकरण शिक्षण सम्बन्धमा निर्देशिकामा केही उल्लेख छैन ।
११. स्थानीय सामग्रीलाई बढी जोड दिइएको छ ।
१२. सीप अनुसार मूल्याङ्कन गर्न खोजिएको छ ।
१३. निर्देशिकामा उल्लिखित क्रियाकलाप पर्याप्त र व्यवहारिक छन् ।
१४. निर्देशिकामा पछिल्लो पाठ र अघिल्लो पाठको सहसम्बन्ध छ ।
१५. निर्देशिकाले सिर्जनात्मक अभ्यासमा प्रयाप्त महŒव दिएको छ ।
१६. निर्देशिकामा कागत र छपाइको गुणस्तरमा उचित ध्यान दिइएको छ ।

१७. निर्देशिकाको बाह्य आकार प्रकार उपयुक्त देखिन्छ ।

## खण्ड 'ख'

तपाईंलाई उपयुक्त लागेको विकल्पमा √ ााउनुहोस् ।

१. तपाईंको विद्यालयमा निर्देशिकाको सुलभता।क। ।स्था। के छ ?

(क) प्राप्त छ (ख) प्राप्त छैन (ग) केही थाहा छैन

२. निर्देशिकाअनुसार शिक्षण गर्दा तपाईले कस्तो अनुभव गर्नुभयो?

(क) सहज (ख) असहज (ग) केहि अनुभव गरिन

३. निर्देशिका प्रयोगसम्बन्धी तपाईंको के धारणा छ ?

(क) प्रयोग गर्नु आवश्यक छ (ख) आवश्यक छैन (ग) खासै फरक पर्दैन

४. निर्देशिका अनुसार शिक्षण गर्न कठिनाइ छ कि छैन ?

(क) कठिनाइ छ (ख) कठिनाइ छैन (ग) असम्भव छ

५. निर्देशिका प्रयोगमा के कारणले कठिनाई छ ?

(क) समयको अभाव (ख) प्रयोगको समस्या (ग) कक्षा प्रभावकारी नहुनु

६. सबै विधाहरूको समुचित ढङ्गले नमूना पाठयोजयता तयार गरिएको छ ?

(क) एकदमै गरिएको (ख) कम गरिएको (ग) गरिएको छैन

७. क्रियाकलापहरू विधाका दृष्टिले उपयुक्त र उपयोगी छन् ?

(क) उपयोगी छन् (ख) उपयोगी छैनन् (ग) केही मात्र छन्

८. निर्देशिकामा उल्लिखित शिक्षण सामग्री तपाईंको पहुँचअनुसार छन् ?

(क) कुनै पनि छैन (ख) केहीमात्र छन् (ग) सबै छन्

९. कक्षामा ती सामग्री कत्तिको उपयोग गर्नु हुन्छ ?

(क) सधैं गर्छु (ख) कहिले काहीं गर्छु (ग) उपयोग गर्दिन

१०. निर्देशिकामा पाठ्यपुस्तकअनुसार क्रियाकलापहरू विविधता युक्त छन् ?

(क) आवश्यकताअनुसार छैन (ख) विविध छन् (ग) विविध छैनन्

११. प्रश्नहरू पाठअनुसार विविध खालका छन् ?

(क) विविध छन् (ख) खासै ध्यान दिइएको छैन (ग) सबै एकै खालका छन्

१२. निर्देशिकाले कुन पक्षलाई जोड दिएको छ ?

(क) विषयवस्तु (ख) भाषिक सीप (ग) साहित्य शिक्षण

१३. नेपाली विमातृ भाषी विद्यार्थीको लागि निर्देशिकाले कति महŒव दिएको छ ?

(क) केही मात्रामा (ख) ज्यादै महत्व दिएको छ (ग) कत्ति पनि दिएको छैन

१४. निर्देशिकामा प्रस्तुत गरिएका अभ्यासात्मक प्रश्नहरू कस्ता खालका छन् ?

(क) विविध (ख) एकै खालका (ग) विषयवस्तुमा मात्र केन्द्रित

१५. निर्देशिकाको प्रभावकारी प्रयोगका लागि कार्यशालाको व्यवस्था गरिदै आएको छ ?

(क) थाहा पाएको छैन (ख) कहिलेकाहीं गरिन्छ (ग) गरिंदैन

**खण्ड 'ग' (अति छोटोउत्तर दिनुहोस्)**

१. के सबै पाठहरू निर्देशिकाका नमुनाअनु पाठन गर्न सम्भव छ ? छैन भने किन ?

..............................................................................................

..............................................................................................

२. हरेक पाठको शिक्षणका लागि प्रस्तुत गरिएका विषयवस्तु पर्याप्तताका दृष्टिले कस्ता छन् ?

..............................................................................................

..............................................................................................

३. पाठअनुरूप आवश्यक पाठ्यवस्तुको वितरण कसरी गरिएको छ ?

..............................................................................................

..............................................................................................

४. निर्देशिकाका नमुनाअनुसार मूल्याङ्कन गर्न प्रक्रिया उपयुक्त छ ?

..............................................................................................

..............................................................................................

५. निर्देशिकामा विषयवस्तुको घन्टी पाठअनुसार विभाजन गरिएको छ ? छैन भने कसरी गरिएको छ ?

..............................................................................................

..............................................................................................

६. तपाईंले नेपाली शिक्षक निर्देशिकामा के-कस्ता कमी कमजोरीहरू पाउनुभएको छ ? उक्त कमी कमजोरी हटाउन के गर्नु पर्ला ? तपाईंको राय दिनुहोस् ।

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

शैक्षिक योग्यता : शिक्षण अनुभव : [ ] वर्ष

तालिम : [प्राप्त] [अप्राप्त] नियुक्ति प्रकार : [स्थायी] [अस्थायी] [करार]

..........................

हस्ताक्षर

## परिशिष्ट ३
## काठमाडौं

| क्र.सं. | विद्यालयको नाम | शिक्षकको नाम | कैफियत |
|---|---|---|---|
| ज्ञ | भानु माध्यमिक विद्यालय | भूपति ज्ञवाली | सर |
| द्द | परोपकार उ.मा.वि. | गीतामाया मगर | सर |
| घ | हाली भिजन उ.मा.वि. | गिरिराज जोशी | निजी |
| द्ध | कन्या मा.वि. | केदार श्रेष्ठ | सर |
| छ | शान्ति विद्यागृह मा.वि. | कृष्ण गोपाल शर्मा | ८सर |
| ट | नेपाल युवक मा.वि. | शिव प्रसाद अर्याल | सर |
| ठ | सरस्वती वो. स्कुल | हरिराज पौडेल | निजी |
| ड | गीता माता उ.मा.वि. | ईश्वरी कार्की | ८सर |
| ढ | त्रिभुवन आदर्श मा.वि. | रामबहादुर बस्नेत | ८निजी |
| ज्ञण | शिखरापुर मा.वि. | नानी बाबु बलामी | निजी |
| ज्ञज्ञ | अरूणोदय उ.मा.वि. | रामकाजी बस्नेत | ८सर |
| ज्ञद्द | श्री ५ रत्नराज्य लक्ष्मी मा.वि. | शारदा शर्मा | ८सर |
| ज्ञघ | नेपाल वेद विद्याश्रम | माधव ढुंगेल | सर |
| ज्ञद्ध | पशुपति मित्र मा.वि. | बुद्धिनाथ ज्ञवाली | सर |
| ज्ञछ | कीर्ति मा.वि. | देवीप्रसाद दाहाल | निजी |

कास्की

| क्र.सं. | विद्यालयको नाम | शिक्षकको नाम | कैफियत |
|---|---|---|---|
| ज्ञ | स्टेप बाई स्टेप उ.मा.वि. | सूर्यलम्साल | ८निजी |
| द्द | श्री बाराही उ.मा.वि. | विजया कोइराला | सर |
| घ | ज्ञानुबाबा (आ.) उ.मा.वि. | शालीग्राम सुवेदी | ८निजी |
| द्ध | राष्ट्रिय उच्च मा.वि. | कृष्णलाल बास्तोला | ८सर |
| छ | संस्कृत मा.वि. | दामोदर बास्तोला | सर |
| ट | एस.ओ.एस. उ.मा.वि. | नुमराज बराल | निजी |
| ठ | गण्डकी आवासिय उमा.वि. | चन्द्रकान्त अधिकारी | निजी |
| ड | श्री रत्नराज्यलक्ष्मी मा.वि. | विष्णुहरि ढकाल | ८सर |
| ढ | धोरपाटन उ.मा.वि. | डिल्लीराम शर्मा | सर |
| ज्ञण | जनप्रीय उ.मा.वि. | कृष्णप्रसाद पराजुली | सर |
| ज्ञज्ञ | विश्वशान्ती उ.मा.वि. | ऋषिराम पण्डित | सर |
| ज्ञद्द | ब्रह्मारूपा उ.मा.वि. | मदुसुदन सापकोटा | ८सर |
| ज्ञघ | रामकोट उ.मा.वि. | राम न्यौपाने | सर |
| ज्ञद्ध | चन्द्रप्रभा मा.वि. | भोलानाथ पौड्याल | सर |
| ज्ञछ | न्यू लाइट अंग्रेजी (आ) मा.वि. | हरिमोहन उपाध्याय | निजी |

काठमाडौं र कास्की जिल्लाबाट ३० विद्यालय मध्य निजी १० सरकारी २० (संस्कृत समेत) मध्ये १० विद्यालय ८ चिन्ह दिएको प्रश्नावली तथा कक्षा अवलोकन समेत गरिएका हुन् ।

# व्यक्तिगत विवरण

नाम : रामजी आचार्य

उपनाम : 'देउराली'

बाबुको नाम : केदारनाथ आचार्य

धर्म : हिन्दु

भाषा : नेपाली

रुचि : साहित्य, अध्ययन र राजनीति

स्थायी ठेगाना : देउराली, उकाली-५, कास्की

सम्पर्क : ०६१-६२१६१७/६२१७४४, ९८४१३४८०८१

शैक्षिक योग्यता :

| क.सं. | तह | शै.संस्था | ऐ.विषय | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|---|---|
| १ | एम.एड्. | त्रि.वि.वि. | नेपाली | द्ण्टघ | - |
| २ | वी.एड्. | त्रि.वि.वि. | नेपाली | द्ण्टण | दोस्रो |
| ३ | आइ.एड्. | त्रि.वि.वि. | नेपाली+स्वा. शा शिक्षा | द्ण्छछ | दोस्रो |
| ४ | एस.एल.सी. | एस.एल.सी. बोर्ड, नेपाल | स्वास्थ्य+भूगोल | द्ण्छद्द | उत्तिर्ण |

तालिम र अनुभव

- ☆ कम्प्युटर तालिम
- ☆ शिक्षण श्री भैरवी प्रा.वि. कास्की
- ☆ सचिव नमुना साहित्य समूह, पृथ्वीनारायण क्याम्पस
- ☆ सदस्य भावक अभियान नेपाल
- ☆ सहसम्पादक सम्प्रेषण (२०६२), त्रि.वि.वि., कीर्तिपुर